**जीवनाशक विषादी बिष हो, औषधी होइन । अत : विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

ग्लाइफोसेट ४१% एस एल

Glyphosate 41% SL

# सबक्लीन (SABCLEAN)

सवै प्रकारको वनस्पती मार्ने (Non-selective),अंकुरण पश्चात (Post-emergence)दैहिक झारपातनाशक विषादी

सिफारिस:

| बाली | झारको सामान्य नाम | मात्रा/हेक्टर | | अन्तिम छर्कने देखि बाली काट्ने सम्मको पर्खने अवधि (दिनमा) | एम. एल./ प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | फर्मुलेशन (मिलि.) | पानीमा मिसाउने मात्रा (लिटर) | | |
| चिया | बन्सो प्रजातीको झार वा कार्पेट घाँस (*Axonopus Compressus*) दुबो (*Cynodon dactylon*), सिरु, (*Imperata cylindrica*), फाफ्रे झार (*Polygonum perfoliatum*), कोदो झार (*Paspalum scorbiculatu*), फुस्रो खर (*Arundinella bengalensis*), आम्लिस (Kalm grass) | २०००-३००० | ४५० | २१ | ४.४४-६.६६ |
| खेती नभएको क्षेत्र | जुनेलो प्रजातिको झार र अन्य एक दलिय र दुइ दलिय झार(*Sorghum helepense* and other monocot & dicot weeds) | २०००-३००० | ५०० | | ४-५ |

**नोट:** झारहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुनसक्छ । त्यसैले विज्ञहरुसंग सम्पर्क गरी यकिन गर्नुहोला।

## प्रयोग गर्ने बिधि

विषादीको घोल बनाउँदा छर्कने ट्याकींको आधा मात्रासम्म पानी राखेर विषादीको मात्रा हाल्नुहोस् र राम्रोसँग घोल्नुहोस् । यसपछि आवश्यक मात्रा अनुसारको थप पानी हालेर फेरि चलाउनुहोस् । तयार भएको विषादीको घोल तुरुन्त छर्कर्नुहोस् । चिया र खेती नभएको क्षेत्रमा झारपातहरु कलिलो र सक्रिय रुपमा बढेको अवस्थामा झारपातमा भिज्ने गरी छर्कने । यो विषादी छर्कदा खेती गरेको बालीमा पर्ने गरी छर्कनु हुदैन ।

## यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।

विषादी प्याकेट खोल्दा वा विषादी छर्कदा पञ्जा, रवर वुट, चश्मा ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । विषादी शरिरमा पर्न दिनुहुदैन । विषादी छरी सके पछि सर्म्पकमा आएका कपडाहरु राम्रोसगं धुनुहोस् र नुहाउनुहोस् ।बिषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुदैन । तरकारी बालीको बोटमा विषादी नछर्कनुहोस् । खेती गरिएको बालीको पातमा विषादी पार्नु वा छर्कनु हुदैन ।

## मानिसलाई यो विषादीको बिष लागेको अवस्थामा

टाउको दुख्ने, उल्टी, चक्कर लाग्ने रिँगटा तथा छारे रोग जस्तै लक्षणहरु देखिन्छन् ।

## बिष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार

विषादीको सम्पर्क भएको लुगा हटाउनुहोस् र छालालाई साबुन र पानीले राम्ररी धुनुहोस्। यदि आँखामा विषादी सम्पर्क भएमा आँखा खुला राख्नुहोस् र कम्तिमा १५ मिनेटसम्म सफा पानीले छम्कनुहोस् र तुरुन्त डाक्टरको सल्लाह लिनुहोस्। यो विषादी निलेमा तत्कालै उल्टी गराउनुहोस् । (तत्कालको अवस्थामा )

## एण्टिडट

बिशेष किसिमको एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्ने ।

## प्रयोग गरीएका भाँडाको बिसर्जन

विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल राख्न) नगर्नुहोस् । विषादीको खाली खोलहरु वा अन्य विषादीयुक्त सामग्रीहरू र विषादी सफा गरेको पानीको उचित व्यवस्थापन गर्नु विषादी उत्पादक, प्रयोगकर्ताहरुको कर्तव्य हुनेछ। वातावरणीय वा पानी प्रदुषण हुन नदिनका लागि खालि कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढाँ १/२ मिटर गहिरो खाँडलमा सुरक्षित तरिकाले नष्ट गर्नुपर्नेछ ।

## भण्डारणको अवस्था

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ। विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, प्रयाप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ। आधिकारीक व्यक्तिहरूको मात्र पहुँच हुने गरी विषादीको प्याकेट रकन्टेनरहरू सुख्खा ठाउँमा भण्डारण गर्नुहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा,औषधि, वा मलखादबाट टाढा राख्नुहोस् ।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक बिषादी बारेमा सम्पूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी-**बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, निलो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक बिषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा बिषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम**

एस.डी. एग्रो केमिकल लिमिटेड,

सिकन्दराबाद,यू.पि,भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.**


**भट्टराई भेट एण्ड एग्रो,**

**दमक ६, थानारोड झापा,९८५२६७६१९९**

**उत्पादित देशको रजिष्टर नं.** CIR-100555/2011-GLYPHOSATE(SL) (318)-1

**नेपालमा पञ्जीकरण गरिएको नं.**

0054-HER-SL-2026




**बिषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस्**

**जीवनाशक विषादी बिष हो,औषधी होइन । अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

प्रेटिलाक्लोर ५०% ई सी

Pretilachlore 50% EC

**रेजर (RAZOR)**

अंकुरण पूर्व प्रयोग गर्ने बहु प्रकृतिको झारनाशक विषादी (Selective pre-emergence broad spectrum herbicides)

सिफारिस:

| बाली | झारको सामान्य नाम | प्रतिहेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | छर्कने देखि बाली काट्ने सम्मको पर्खनु पर्ने अवधि (दिनमा) | ग्राम/ एम.एल प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा लिटर वा के.जी | विषादी घोल्न जम्मा चाहिने पानी (लिटर) | | |
| रोपेको धान | सामा प्रजातीको झार *(Echinochloa crusgalli)*, सामा प्रजाती झार *(Echinochloa colonum)*, मोथे प्रजाती *Cyperus difformis)*, छाता मोथे ***(Cyperus iria)***,महाभृङ्गराज *(Eclipte alba)*, ल्वाङ्गे झार *(Ludwigia parviflora)*, घोडा घाँस ***(Leptochloa chinensis)***, निलो जलकुम्भी ***(Monochoria vaginalis)*** गानाबाट फैलने कोदो प्रजातीको झार ***(Panicum repens)*** | १.० देखि १.५ लिटर | ५००-७५० लिटर | ७५-९० दिन | २ एम.एल |

**नोट:** झारहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुनसक्छ । त्यसैले विज्ञहरुसंग सम्पर्क गरी यकिन गर्नुहोला ।

**प्रयोग गर्ने विधि:**
विषादीको घोल बनाउँदा छर्कने ट्याकींमा आधा मात्रासम्म पानी राखेर सिफारीस मात्राको विषादी हाली राम्रोसंग घोल्नुहोस् । त्यस पश्चात सिफारीस गरिएको बाँकी पानीको मात्रा हाल्नुहोस् र फेरि चलाउनुहोस् । तयार भएको विषादीको घोल तुरुन्त छर्नुहोस् । यो विषादीलाई धान रोपाई गरेको ५ दिन भित्रमा प्रयोग गरि सक्नु पर्दछ । यो विषादी विभिन्न प्रकारका विषादी छर्कने उपकरणवाट धान रोपेको क्षेत्रमा छर्न सकिन्छ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्दछ ।**
विषादी प्याकेट खोल्दा वा विषादी छर्कदा पञ्जा, रवर वुट, चश्मा ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । घोल तयार गर्दा सुरक्षात्मक पोशाक जस्तै मास्क, पञ्जा, चस्मा, टोपी, एप्रोन आदी लगाउनुहोस् र विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुदैन । साथै, मुख, आँखामा एवंम छालामा विषादीको सिधा सम्पर्क हुन नदिनुहोस् । विषादी शरिरमा पर्न दिनुहुदैन । बिषादी छरी सके पछि सम्पर्कमा आएका कपडाहरु राम्रोसगं धुनुहोस् र नुहाउनुहोस् । बिषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुदैन ।

**मानिसलाई यो विषादीको बिष लागेको अवस्थामा**
टाउको दुखाइ, थकान, चक्कर (Giddiness), स्नायु अस्थिरता (Nervousness), वाकवाकी लाग्ने (Nausea), र वान्ता (Vomiting) देखिन सक्छ।

**प्राथमिक उपचार:**
यदि निलिएको छ भने, बान्ता गराउनुहोस् । छालामा विषादीको सम्पर्क भएको अवस्थामा: विषादी सम्पर्क भएको भाग पर्याप्त सफा पानी र साबुनले राम्ररी धुनुहोस्। यदि रुखोपन रह्यो भने चिकित्सकलाई देखाउनुहोस् । आँखामा विषादीको सम्पर्क भएको अवस्थामा: कम्तीमा १५-२० मिनेटसम्म सफा पानीले आँखालाई धुनुहोस् । स्वासप्रस्वासमार्फत विषाक्तता भएमा पर्याप्त हावा खेल्ने ठाउँमा बिरामीलाई राख्नुहोस्। लक्षण गम्भीर भए डाक्टरलाई तुरुन्त देखाउनुहोस् ।


**एण्टिडट**
यी विषादीको विशेष एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्नुहोस् ।

**प्रयोग गरिएको भाँडोको विसर्जन:**
प्याकेट वा विषादीको सम्पर्कमा आएका सामग्री र विषादी छर्कने उपकरण वा अन्य भाँडाहरूबाट निस्केको विषाक्त पानी वा विषादीयुक्त वस्तुलाई सुरक्षित तरिकाले वातावरण वा पानी प्रदूषण हुनबाट बच्ने गरि विसर्जन गर्नुपर्छ । प्रयोग गरिएका विषादीका प्याकेटहरूलाई पुन: प्रयोग रोक्नको लागि बाहिर छोड्नुहुँदैन। प्याकेटहरू प्रयोग गर्न नमिल्ने गरि बस्तीबाट टाढा पानीको मुहान नभएको स्थानमा कम्तीमा १/२ मीटर गहिरो खाडलमा गाड्नु पर्छ ।

**भण्डारणको अवस्था**
विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चावी लगाई राख्नुपर्छ। विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, प्रयाप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ। आधिकारीक व्यक्तिहरूको मात्र पहुँच हुने गरी विषादीको प्याकेट रकन्टेनरहरू सुख्खा ठाउँमा भण्डारण गर्नुहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा,औषधि, वा मलखादबाट टाढा राख्नुहोस् ।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक बिषादी बारेमा संपूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी** :विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान,हरियो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक बिषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा बिषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०११ नं.मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादक र वितरकको नाम**
एस डी एग्रो केमिकल्स लिमिटेड,
सिकनदराबाद,भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पक:-**
भट्टराई भेट एण्ड एग्रो,
दमक,६ झापा

**उत्पादित देशको रजिष्टर नं.**
CIR-51433/2005/PRETILACHLOR(EC)(254)-235

नेपालमा पंजीकरण गरिएको न:
0055-HER-EC-2026




**बिषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी बिष हो, औषधी होइन । अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

अमोनियम साल्ट आँफ ग्लायफोसेट ७१% एस.जी.

Ammonium Salt of Glyphosate 71% SG

# वीड किलर ७१

सबै प्रकारको वनस्पती मार्ने (Non-Selective),अंकुरण पश्चात (Post-Emergence) छर्कनुपर्ने दैहिक झारनाशक विषादी

| **सिफारिस** | | | | | |
|---|---|---|---|---|---|
| बाली | झारको सामान्य नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि | ग्राम / प्रति लिटर पानीमा |
| | | यस विषादीको आवश्यक मात्रा -के.जी. | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| चिया र गैर-बाली | मुक्त बर्शी झार(*Acalypha indica*), भुइँकुमर(*Ipomea digitara*),कुरा *Sida aculata*),कासनी(*Chicorium entibus*),मोथे(*Cyperus rotundus*),गन्धेझार(*Ageratum conyzodes*), लुडे घाँसे(*Digera arvensis*),लट्टे (*Digitaria sanguinalis*),घोयो(*Eragrostis* spp),दुबो(*Cynadon dactylon*), जनै घाँस (*Paspalum conjugatum*) | ३ के.जी. | ५०० | ७ दिन | ६ |

नोट: झारहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुन सक्छ। त्यसैले विज्ञहरुसंग सम्पर्क गरी यकिन गर्नुहोला ।

**प्रयोग गर्ने बिधि**

कम्तिमा ४-८ पातहरू भएका बाह्रमासी झारपातहरूलाई उम्रे पछिको अवस्थामा प्रयोग गर्नुहोस् ताकि बिरुवामा विषादी एकरुपले झारपातको बोटमा प्रवेश गर्न सकोस् । भर्खरै उम्रेको अवस्थामा विषादी छर्कदा झारपात नियन्त्रण कम हुन सक्छ तर परिपक्व (पूर्ण विकसित) बिरुवाहरूमा उपचार गर्दा राम्रो परिणाम प्राप्त हुन्छ । विषादीलाई सफा पानीसँग घोलेर तालिकामा दिइएको मात्राअनुसार समान रूपमा स्प्रे गर्ने राम्रो स्प्रेयर प्रयोग गरी छर्किनुपर्छ । विषादीको आवश्यक मात्रा नापेर आवश्यक पानीसँग राम्रोसँग मिसाउनुहोस् । प्रयोग गर्दा नापझाँप गरेर र राम्ररी घोलेर मात्र प्रयोग गर्नुपर्छ । यसलाई नापसहितको स्प्रेयर (knapsack वा backpack sprayer) मार्फत प्रयोग गर्नुपर्छ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।**

विषादी मिसाउँदा खाना पकाउन प्रयोग हुने भाँडाकुँडा प्रयोग नगर्नुहोस् । विषादी मिसाउँदा चलाउनका लागि लट्ठी (काठको डन्डी) प्रयोग गर्नुहोस् । छालासँग सम्पर्क हुनबाट जोगिन हातमा पञ्जा लगाउनुहोस् साथै सासमार्फत भित्र जान नदिनुहोस् र आँखासँग सम्पर्क हुनबाट पनि जोगिनुहोस् । विषादी छर्कदा पञ्जा, रवर वुट, चश्मा ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । विषादी शरिरमा पर्न दिनुहुदैन त्यसैले स्प्रेबाट उड्ने साना कण (ड्रिफ्ट) को सम्पर्कमा आफूलाई नल्याउनुहोस् र नोज़ललाई मुखले नफुक्नु होस् । बिषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुदैन । तरकारी बालीको बोटमा विषादी नछर्कनुहोस् । खेती गरिएको बालीको पातमा विषादी पार्नु वा छर्कनु हुदैन ।

**मानिसलाई यो विषादीको बिष लागेको अवस्थामा**

यो झारनाशक बिषादीले मुख्यतया छाला, आँखा र श्वासप्रश्वास नलीमा चिलाउने तथा जलन जस्ता समस्याहरु देखिन्छन् ।

**बिष लाग्दा अपनाउनु पर्ने प्राथमिक उपचार**

यदि निलेमा (खाएमा), हानिकारक हुन्छ र लक्षण देखिन सुरु हुन्छ । आँखा, छाला र कपडामा सम्पर्क हुन नदिनुहोस् । आँखामा विषादीको परेमा वा सम्पर्क भएमा कम्तिमा १५ मिनेटसम्म सफा पानीले छम्कनुहोस् । प्रयोगपछि स्प्रेयर, बाल्टिन र अन्य भाँडाकुँडाहरूलाई हरेक दिन पानीले राम्ररी सफा गर्नुहोस् । हात र छालालाई प्रशस्त मात्रामा साबुन र पानीले राम्ररी धुनुहोस् विषादी प्रयोग गर्दा प्रयोग भएको लुगा फुकाल्नु होस् र दूषित भएका कपडाहरू पनि राम्ररी धुनुहोस् । बाँकी रहेको स्प्रे पदार्थ फालेर वा स्प्रेयर, दूषित बाल्टिन आदि त्यहीँ धुने गरेर खोल्सा,पोखरी,जलमार्ग आदि दूषित नगर्नुहोस् । मौरीहरू सक्रिय हुँदा स्प्रे नगर्नुहोस् । सिफारिस गरिएको मात्रामा प्रयोग गर्दा वन्यजन्तुमा कुनै हानिकारक असर हुँदैन । विषाक्तताको कुनै लक्षण देखिएमा तुरुन्तै चिकित्सकसँग सम्पर्क गरेर सल्लाह लिनुहोस् ।

**एण्टिडट**

ग्यास्ट्रिक ल्याभेज,सहयोगी र लक्षणको आधारमा उपचार गर्ने ।

**प्रयोग गरीएका भाँडाको बिसर्जन**


वातावरण वा पानी प्रदूषण हुन नदिन विषादी निर्माता, झारनाशक तयार गर्ने व्यक्तिहरू (Formulators) तथा प्रयोगकर्ताहरू (Operators)ले प्याकेज, बाँकी रहेको पदार्थ र धुने क्रममा निस्किएको फोहोरलाई सुरक्षित तरिकाले व्यवस्थापन गर्नु उनीहरूको कर्तव्य हुनेछ । विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल जस्ता खानेकुरा राख्न) नगर्नुहोस् । खालि कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढा प्रयोग गर्न नमिल्ने गरि खाँडलमा गाडेर सुरक्षित तरिकाले नष्ट गर्नुपर्नेछ ।

**भण्डारणको अवस्था**

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ । विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, प्रयाप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ । आधिकारीक व्यक्तिहरूको मात्र पहुँच हुने गरी विषादीको प्याकेट र कन्टेनरहरू सुख्खा ठाउँमा भण्डारण गर्नुहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, वा मलखादबाट टाढा राख्नुहोस् । झारनाशकलाई अन्य विषादी, खाद्य पदार्थ र पशु आहारसँग सम्पर्क नहुने गरी ढुवानी र भण्डारण गर्नुहोस् ।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक बिषादी बारेमा संपूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी** बच्चाको पहुँचबाट टाढा राख्नुहोस ।



**सावधान, मध्यम घातक, नीलो (कृषि प्रयोजनका लागिमात्र)**

यो जीवनाशक बिषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा बिषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

बिषादीको उत्पादक र वितरकको नाम ठेगाना: शनमुखा एग्रीटेक लिमिटेड, हैदराबाद, तेलंगाना, भारत

पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं. युनिक एग्रो सेन्टर एण्ड रुपक भेट फर्मा, कपिलवस्तु, नेपाल ९८४०४९३७९५

उत्पादित देशको पञ्जीकरण नं.

CIR-156498/2018-Ammonium Salt of Glyphosate (SG) (393)- 1280

F.No.78620-F/9(4)-1280

नेपालमा पञ्जीकरण गरिएको नं.

0056-HER-SG-2026




**बिषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी बिष हो, औषधी होइन । अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

बिस्पाइरिबैक सोडियम १०% एस. सी.

Bispyribac Sodium 10% SC

# युनिगोल्ड

अंकुरण पश्चात् (Post-Emergence) छर्नुपर्ने दैहिक झारनाशक

**सिफारिस**

| बाली | झारको सामान्य नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि | एम. एल. प्रति लिटर पानी मा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा एम. एल.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| धानको व्याड | टुँडे सामा घाँस(*Echinochloa crusgalli*), सामा घाँस(*Echinochloa colonum),* बन्सो/मल्लिडो (*Ischaemum rugosum*), झुसे मोथे (*Cyperus difformis*), छाता मोथे (*Cyperus iria*), ज्वाने झार (*Fimbristylis miliacca*) भृंगराज (*Eclipta alba*), पानीझार *(Ludwigia parviflora),*जलकुंभी (*Monochoria vaginalis*), जल जम्बु (*Alternanthera philoxeroides*),पानी मरिच (*Sphenoclcea zeylanica*) | २०० | ३०० | ≥७८ दिन | ०.६६ |
| रोपेको धान र छरुवा धान | | २००-२५० | ३०० | ७८ दिन | ०.६६ |

नोट: झारहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुनसक्छ । त्यसैले विज्ञहरुसंग सम्पर्क गरी यकिन गर्नुहोला ।

**प्रयोग गर्ने बिधि**

प्रयोगको लागि निर्देशनः प्रयोग गर्नु अघि विषादीको बोतललाई हल्लाउनुहोस् । आवश्यक मात्रामा झारनाशक विषादी नाप्नुहोस् र थोरै मात्रामा पानीमा राम्रोसँग मिसाउनुहोस् । बाँकी रहेको पानी राम्ररी चलाएर थप्नुहोस् । प्रयोग विधिः झारनाशक विषादी प्रयोग गर्नु अघि खेतको पानी निकास गर्नुपर्छ । विषादी प्रयोग गरेको एक दिन भित्र खेतमा पानी भर्नुपर्छ र विषादी प्रयोग गरेपछि कम्तिमा १० दिनसम्म पानी कायम राख्नुपर्छ । छर्ने निर्देशनः हावाको दिशामा समान रूपमा स्प्रे गर्नुहोस् । विषादी पूर्ण रूपमा ढाकिएको सुनिश्चित गर्नुहोस् । नर्सरी/रोपाइँ गरिएको धानः नर्सरी धानको लागि बीउ छरेको १०-१२ दिनपछि तथा रोपाइँ गरिएको धानको लागि रोपाइँ गरेको १०-१४ दिनपछि, जब अधिकांश झारहरू उम्रिसकेका हुन्छन् र ३-४ पातको अवस्थामा हुन्छन् (माटो तथा मौसमीय अवस्थाअनुसार), तब विषादी प्रयोग गर्ने उपयुक्त समय हो । बीउ छर्ने धानः प्रत्यक्ष रूपमा बीउ छरिएको धानमा बीउ छरेको १५-२५ दिनपछि विषादी प्रयोग गर्ने । यो उच्च मात्रामा छर्कने स्प्रेयर (High volume sprayer) जस्तै फ्ल्याट फ्यान फ्लड जेट नोजल जडान गरिएको न्यापसाक (Knapsack) स्प्रेयर प्रयोग गर्न सिफारिस गरिन्छ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।**

खाद्य पदार्थ तथा पशु आहारबाट टाढा राख्नुहोस् । आँखा र छालासँगको प्रत्यक्ष सम्पर्कबाट जोगाउनुहोस् । विषादीको प्याकेट खोल्दा वा विषादी छर्कदा पञ्जा, रवर वुट, चश्मा ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । विषादी शरीरमा पर्न दिनुहुदैन । विषादी छरी सके पछि सर्म्पकमा आएका कपडाहरु राम्रोसगं धुनुहोस् र नुहाउनुहोस् । विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुदैन ।

**मानिसलाई यो विषादीको बिष लागेको अवस्थामा**

कमजोरी हुन सक्छ, बान्ता वा मुखबाट पानी आउनु सक्छ र पखाला लाग्न सक्छ ।

**बिष लाग्दा अपनाउनु पर्ने प्राथमिक उपचार**

यदि निलिएको खण्डमा, घाँटीको पछाडिपट्टि औंला प्रयोग गरेर वा काउकुती लगाएर बान्ता गराउनुहोस् । यदि बिरामी बेहोस छ भने बान्ता नगराउनुहोस् । यदि कपडा र छाला दूषित भएमा, कपडा फुकाल्नु होस् र दूषित छालालाई प्रशस्त मात्रामा साबुन र पानीले धुनुहोस् । यदि आँखा दूषित भएमा, लगभग १० देखि १५ मिनेटसम्म प्रशस्त पानीले धुनुहोस् । यदि श्वासप्रश्वासबाट भित्र गएको खण्डमा, बिरामीलाई ताजा हावामा सार्नुहोस् । यदि श्वास फेर्दै छैन भने श्वासनली खाली गर्नुहोस् र कृत्रिम श्वासप्रश्वास दिनुहोस् र तुरुन्तै चिकित्सकलाई सम्पर्क गर्नुहोस् ।

**एण्टिडट**

बिशेष किसिमको एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्ने ।

**प्रयोग गरीएका भाँडाको बिसर्जन**

कन्टेनर फिर्ताको लागि विषादी विक्रेतालाई सम्पर्क गर्नुहोस् । यदि कन्टेनर फिर्ता गरिएको छैन भने, तीन पटक पखाल्नुहोस् । त्यसपछि पुनः प्रयोग गर्न नमिल्ने गरि प्याकेजलाई भाँचेंर बस्तीबाट टाढा क्षेत्रमा गाड्नुहोस् । विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल राख्न) नगर्नुहोस । वातावरण वा पिउने पानीमा प्रदूषण नहुने गरी कन्टेनर वा कन्टेनर पखाल्न प्रयोग गरिएको पानी सुरक्षित रूपमा विसर्जन गर्नुहोस् ।

**भण्डारणको अवस्था**

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ । विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, प्रयाप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ । आधिकारीक व्यक्तिहरूको मात्र पहुँच हुने गरी विषादीको प्याकेट र कन्टेनरहरू सुख्खा ठाउँमा भण्डारण गर्नुहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, वा मलखादबाट टाढा राख्नुहोस् । झारनाशकलाई अन्य विषादी, खाद्य पदार्थ र पशु आहारसँग सम्पर्क नहुने गरी ढुवानी र भण्डारण गर्नुहोस् ।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक बिषादी बारेमा संपूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी** बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।

**सावधान, मध्यम घातक, नीलो**
**(कृषि प्रयोजनका लागिमात्र)**

यो जीवनाशक बिषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा बिषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना:**
शनमुखा एग्रीटेक लिमिटेड, हैदराबाद, तेलंगाना, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.**
युनिक एग्रो सेन्टर एण्ड रुपक भेट फर्मा, कपिलवस्तु, नेपाल ९८४०४९३७९५

उत्पादित देशको पञ्जीकरण नं.
CIR-201155/2022-Bispyribac sodium (SC) (437)-306
F. No.126466-F/9(4)(2022)

नेपालमा पञ्जीकरण गरिएको नं.

0057-HER-SC-2026




**बिषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी बिष हो, औषधी होइन। अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस्।**

कारटाप हाइड्रोक्लोराइड ४% जी.आर.
Cartap Hydrochloride 4% G.R.

# युनी ४ जी

दैहिक कीटनाशक विषादी

**सिफारिस**

| बाली | कीराको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्न वा काट्नु अघि पर्खने अवधि | ग्राम / प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा - के. जी..) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| धान | डाँठको गभारो (Stem Borer) | १८.७५० | आवश्यक नपर्ने | छैन | |
| | पात बेरुवा (Leaf Folder) | १८.७५०-२५ | आवश्यक नपर्ने | छैन | |
| | ढुङ्गे कीरा (Whorl Maggot) | १८.७५०-२५ | आवश्यक नपर्ने | छैन | |

द्रष्टव्य : यो दानेदार विषादी भएकोले बालीमा सिधै दाना छर्ने गरिन्छ। यसमा पानी मिसाउनु पर्दैन।

नोट: कीराहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुनसक्छ। त्यसैले विज्ञहरुसंग सम्पर्क गरी यकिन गर्नुहोला।

**प्रयोग गर्ने बिधि**

यो विषादी छर्नका लागि हातले चलाउने दानादार विषादी छर्ने यन्त्र (Hand operated granules applicator) वा मेकानिकल डिस्पर्सर (Mechanical disperser) को प्रयोग गर्नुपर्दछ। यदि हातले छर्ने हो भने अनिवार्य रूपमा रबरको पन्जा (Hand bearing rubber gloves) लगाउनुपर्छ। यो विषादीलाई धान रोपको १० दिन पछि बाट १५ दिनको फरकमा आवश्यकताको आधारमा ३ पटक सम्म प्रयोग गर्न सकिन्छ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ।**

विषादीलाई खाद्यपदार्थ, पशु आहार(दाना), र खानेकुरा राख्ने खाली भाँडाकुँडा भन्दा टाढा छुट्टै ठाउँमा राख्नुपर्छ। मुख, आँखा र छालामा विषादीको सिधा सम्पर्क हुन नदिनुका साथै विषादी छर्दा वा प्रयोग गर्दा धुम्रपान गर्ने, केही चपाउने, खाने वा पिउने, गन्ध सुँघ्ने वा सासबाट भित्र लिने काम नगर्नुहोस्। विषादी प्रयोग गर्दा पूर्ण सुरक्षित लुगाहरू र बुट अनिवार्य रूपमा लगाउनुहोस्। विषादी प्रयोग गरिसकेपछि दूषित कपडाहरू र शरीरका भागहरू राम्ररी साबुन पानीले धुनुहोस्।

**मानिसलाई यो विषादीको बिष लागेको अवस्थामा**

वाकवाकी लाग्ने, शरीरका अंगहरू (हातखुट्टा) काम्ने, अत्यधिक र्‍याल बग्ने, ऐंठन (मांसपेशी खुम्चिने), सास फेर्न गाह्रो हुने तथा आँखाको नानी फराकिलो हुने (माइड्रियासिस) हुन सक्छ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

यदि विषादी निलेको छ भने, बिरामी सचेत भएको अवस्थामा मात्र घाँटीको पछिल्लो भागमा औंलाले चलाएर बान्ता गराउनुहोस्। बिरामी बेहोस छ भने बान्ता नगराउनुहोस्। छाला वा कपडामा विषादी परेको छ भने तुरुन्त कपडा फुकाल्नुहोस् र छालालाई प्रशस्त साबुन पानीले धुनुहोस्। आँखामा विषादी परेको छ भने सफा र स्वच्छ पानीले १० देखि १५ मिनेटसम्म निरन्तर धुनुहोस्। यदि सासको माध्यमबाट विषादी शरीरमा गएको छ भने बिरामीलाई तुरुन्त खुल्ला र ताजा हावा भएको ठाउँमा लैजानुहोस् र तुरुन्त चिकित्सककहाँ पुर्‍याउनुहोस्।

**एण्टिडट**

चिकित्सकको सल्लाह र निगरानीमा नसामार्फत १००-२०० मि.ग्रा.(L-cysteine) वा मांसपेशीमा २०-६० मि.ग्रा.(British Anti-Lewisite) सुई दिन सिफारिस गरिन्छ। डर्माटाइटिस (छालाको सूजन/एलर्जी) को अवस्थामा स्टेरोइडयुक्त औषधि प्रयोग गर्ने।


**प्रयोग गरीएका भाँडाको बिसर्जन**

कन्टेनर फिर्ताको लागि विषादी विक्रेतालाई सम्पर्क गर्नुहोस्। यदि कन्टेनर फिर्ता गरिएको छैन भने, तीन पटक पखाल्नुहोस्। त्यसपछि प्रयोग गर्न नमिल्ने गरि नष्ट गर्नुहोस् वा गाडेर विसर्जन गर्नुहोस्; वा, यदि नेपाल सरकार र स्थानीय अधिकारीहरूले अनुमति दिएमा, जलाएर नष्ट् गर्नुहोस्। जलाएको खण्डमा सो को धुवाँबाट टाढा रहनुहोस्। विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल राख्न) नगर्नुहोस।

**भण्डारणको अवस्था**

खाना,दाना,रित्ता भाँडा भन्दा यो विषादी पर राख्ने। विषादी सधैं ठण्डा,सुख्खा र हावा लाग्ने ठाउँमा राख्ने। लामो समयसम्म प्रत्यक्ष घाम पर्ने भण्डारण कक्षमा भण्डारण नगर्नुहोस्। विषादीलाई खाना,पेय पदार्थ,पशु आहारा, औषधि,सौन्दर्य प्रशोाधन वा मलखादबाट टाढा राख्नुहोस्।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक बिषादी बारेमा संपूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस्। सावधानी** बच्चाको पहुँचबाट टाढा राख्नुहोस



**सावधान, ज्यादै घातक, पहेंलो**
**(कृषि प्रयोजनका लागिमात्र)**


यो जीवनाशक बिषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा बिषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस्। वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना:** शनमुखा एग्रीटेक लिमिटेड, हैदराबाद, तेलंगाना, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.** युनिक एग्रो सेन्टर एण्ड रुपक भेट फर्मा, कपिलवस्तु, नेपाल ९८४०४९३७९५

**उत्पादित देशको पञ्जीकरण नं.**
CIR-156493/2018-Cartap Hydrochloride (GR) (393)-979
F.No.78603-F/9(4)/2018

**नेपालमा पञ्जीकरण गरिएको नं.**
0058-INS-GR-2026




**बिषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस्।**

**जीवनाशक विषादी बिष हो, औषधी होइन । अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

एजोक्सिट्रोबिन ४.८%  + क्लोरोथालोनिल ४०% एस.सी.

Azoxystrobin 4.8% w/w + Cholorothalonil 40% w/w SC

# एजोक्सिक्लोर

बहुआयामिक तथा दैहिक ढुसीनाशक विषादी

**सिफारिस**

| बाली | रोगको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि | एम. एल. / प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा- एम. एल.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| काँक्रो | खैरो ढुसी(Powdery Mildew),पातमा धब्बा रोग(Leaf Spot), धुले ढुसी (Downy Mildew) | ३००० | ५०० | ३ दिन | ६ |
| काउली | खैरो ढुसी(Powdery Mildew), पातमा धब्बा रोग (Leaf Spot), | ३००० | ५०० | ३ दिन | ६ |
| तरभुजा | खैरो ढुसी(Powdery Mildew),पातमा धब्बा रोग(Leaf Spot), धुले ढुसी (Downy Mildew) | ३००० | ५०० | ५ दिन | ६ |

नोट: रोगहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुन सक्छ । त्यसैले विज्ञहरुसंग सम्पर्क गरी यकिन गर्नुहोला ।

**प्रयोग गर्ने बिधि**

विषादीको प्रयोग गर्नुअघि लेबल र पर्चा ध्यानपूर्वक पढ्नुहोस् । विषादीको घोल बनाउँदा छर्कने ट्यांकीको आधा भाग सम्म पानी राखेर विषादीको मात्रा हाल्नुहोस् र राम्रोसँग घोल्नुहोस् । यसपछि पानी थपेर फेरि चलाउनुहोस् । तयार भएको विषादीको घोल उपयुक्त स्प्रेयर जस्तै न्यापस्याक स्प्रेयरद्वारा तुरुन्त छर्कर्नुहोस् । पातको माथि र तल दुवै सतह भिज्ने गरी छर्कर्नुहोस् । रोगको प्रारम्भिक संक्रमण देखिने बित्तिकै पहिलो पटक प्रयोग गर्नुहोस् । त्यसपछि रोगको प्रकोप अनुसार १०-१५ दिनको अन्तरमा १-२ पटक थप प्रयोग गर्नुहोस् । एक बाली मौसममा तीन पटकभन्दा बढी छर्कनु हुँदैन ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।**

स्प्रे घोल तयार गर्न खाना पकाउने भाँडाहरू प्रयोग नगर्नुहोस् । स्प्रे घोललाई चलाउन डन्डा प्रयोग गर्नुहोस् । छाला, आँखा र कपडाको सम्पर्कबाट बच्नुहोस् । छालाको सम्पर्कबाट बच्न रासायनिक प्रतिरोधी पन्जा लगाउनुहोस् । विषादी प्रयोग गर्दा लामो ट्राउजर र पूर्ण बाहुलाको शर्ट, चश्मा र बुट वा ढाकिएको जुत्ता सहित सुरक्षात्मक कपडा लगाउनुहोस् । नोजल मुखले नफुकाउनुहोस् । प्रयोग पछि, सुरक्षात्मक उपकरणहरू राम्ररी सफा गर्नुहोस् र सम्पूर्ण शरीर धुनुहोस् र लुगा परिवर्तन गर्नुहोस् । पुनः प्रयोग गर्नु अघि दूषित लुगाहरू अन्य लुगाहरूबाट अलग धुनुहोस् । छरी सके पछि सर्म्पकमा आएका कपडाहरु राम्रोसगं धुनुहोस् र नुहाउनुहोस् । बिषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुदैन । यो विषादी माछा तथा जलचर जीवहरूका लागि विषाक्त (हानिकारक) हुन्छ, त्यसैले यसलाई मत्स्यपालन क्षेत्र भित्र वा वरिपरि प्रयोग गर्नु हुदैन । सिँचाइ वा घरेलु प्रयोजनका लागि प्रयोग हुने पानी तथा पोखरी, खाल्डा, ताल, नाला/निकास प्रणाली आदि जस्ता जल क्षेत्रहरूमा विषादीको फोहोर फालेर पानी दूषित गर्नु हुँदैन । विषादीको प्रयोग गरिएको क्षेत्रहरूमा केही दिनसम्म जनावर/पशु चराउन दिनु हुँदैन ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

विषाक्तताका कारण वाकवाकी लाग्ने, बान्ता हुने, पखाला लाग्ने तथा पेट दुख्ने, कमजोरी, शारीरिक सक्रियता कम हुने (हाइपोएक्टिभिटी), चक्कर लाग्ने, चालढालमा असन्तुलन (एट्याक्सिया), मांसपेशी काम्ने (ट्रेमर), नाकबाट पानी बग्ने (राइनोरिया) तथा सास फेर्न गाह्रो हुने जस्ता लक्षणहरू देखिन सक्छन् ।

**विष लाग्दा अपनाउनु पर्ने प्राथमिक उपचार**

छालाको सम्पर्क: दूषित लुगा परिवर्तन गर्नुहोस् र शरीरको सर्म्पकमा आएका भागहरू पानीले राम्ररी धुनुहोस्, त्यसपछि कपाल र नङ मुनि साबुन र पानीले धुनुहोस् । प्रभावित व्यक्तिलाई खतरा क्षेत्रबाट राम्रोसँग हावा चल्ने कोठा वा ताजा हावामा लैजानुहोस्, चिसोबाट जोगाउनुहोस् । विषाक्तताको शंका लागेमाः तुरुन्तै चिकित्सा सल्लाह लिनुहोस्। आँखाको सम्पर्कः तुरुन्तै आँखा धुने वा सफा पानीले कम्तिमा १५ मिनेटको लागि आँखा बन्द नगरि निरन्तर धुनुहोस्, नोटः बेहोस बिरामीलाई कहिल्यै पनि मुखबाट केही नदिनुहोस् र बान्ता गराउनु हुँदैन।

**एण्टिडट**

बिशेष किसिमको एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्ने ।

**प्रयोग गरीएका भाँडाको बिसर्जन**


कन्टेनर फिर्ताको लागि विषादी विक्रेतालाई सम्पर्क गर्नुहोस् । यदि कन्टेनर फिर्ता गरिएको छैन भने, तीन पटक पखाल्नुहोस् । त्यसपछि पुनः प्रयोग गर्न नमिल्ने गरि प्याकेजलाई भाँचेर बस्तीबाट टाढा क्षेत्रमा गाड्नुहोस् । विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल राख्न) नगर्नुहोस । वातावरण वा पिउने पानीको स्रोत प्रदूषण नहुने गरी कन्टेनर वा कन्टेनर पखाल्न प्रयोग गरिएको पानी सुरक्षित रूपमा विसर्जन गर्नुहोस् ।

**भण्डारणको अवस्था**

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ । विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, प्रयाप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ । आधिकारीक व्यक्तिहरूको मात्र पहुँच हुने गरी विषादीको प्याकेट र कन्टेनरहरू सुख्खा ठाउँमा भण्डारण गर्नुहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, वा मलखादबाट टाढा राख्नुहोस् । झारनाशकलाई अन्य विषादी, खाद्य पदार्थ र पशु आहारसँग सम्पर्क नहुने गरी ढुवानी र भण्डारण गर्नुहोस् ।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक बिषादी बारेमा संपूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी** बच्चाको पहुँचबाट टाढा राख्नुहोस



**सावधान, मध्यम घातक, नीलो (कृषि प्रयोजनका लागिमात्र)**


यो जीवनाशक बिषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा बिषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०११। नं. मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

विषादीको उत्पादक र वितरकको नाम ठेगाना: शनमुखा एग्रीटेक लिमिटेड, हैदराबाद, तेलंगाना, भारत

पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं. युनिक एग्रो सेन्टर एण्ड रुपक भेट फर्मा, कपिलवस्तु, नेपाल ९८४०४९३७९५

उत्पादित देशको पञ्जीकरण नं. CIR-201146/2022-AZOXYSTROBIN + CHLOROTHALONIL (SC)(437)-2295

नेपालमा पञ्जीकरण गरिएको नं. 0059-FUN-SC-2026




**बिषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस्।**

**जीवनाशक विषादी विष हो,औषधी होइन । अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

प्रेटिलाक्लोर ५०% ई सी (Pretilachlore 50% EC)

**प्रेत- ५० (Pret-50)**

अंकुरण पूर्व प्रयोग गर्ने बहु प्रकृतिको झारनाशक विषादी (Selective pre-emergence broad spectrum herbicides)

सिफारिसः

| बाली | झारको सामान्य नाम | प्रतिहेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | छर्कने देखि बाली काट्ने सम्मको पर्खनु पर्ने अवधि (दिनमा) | ग्राम/ एम.एल प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा लिटर वा के.जी | विषादी घोल्न जम्मा चाहिने पानी (लिटर) | | |
| रोपेको धान | सामा प्रजातीको झार *(Echinochloa crusgalli)*, सामा प्रजाती झार *(Echinochloa colonum)*, मोथे प्रजाती *(Cyperus difformis)*, छाता मोथे *(Cyperus iria)*,महाभृङ्गराज *(Eclipta alba)*, ज्वाने झार *(Fimbristylis miliacea)*, ल्वाङ्गे झार *(Ludwigia parviflora)*, घोडा घाँस *(Leptochloa chinensis)*, नीलो जलकुम्भी *(Monochoria vaginalis)* गानाबाट फैलने कोदो प्रजातीको झार *(Panicum repens)* | १.० देखि १.५ लिटर | ५००-७५० लिटर | ७५-९० दिन | २ एम.एल |

**नोटः** झारहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुनसक्छ । त्यसैले विज्ञहरुसँग सम्पर्क गरी यकिन गर्नुहोला ।

**प्रयोग गर्ने विधिः**

विषादीको घोल बनाउँदा छर्कने ट्यांकीमा आधा मात्रासम्म पानी राखेर सिफारीस मात्राको विषादी हाली राम्रोसंग घोल्नुहोस् । त्यस पश्चात सिफारीस गरिएको बाँकी पानीको मात्रा हाल्नुहोस् र फेरि चलाउनुहोस् । तयार भएको विषादीको घोल तुरुन्त छर्नुहोस् । यो विषादीलाई धान रोपाई गरेको ५ दिन भित्रमा प्रयोग गरि सक्नु पर्दछ । यो विषादी विभिन्न प्रकारका विषादी छर्कने उपकरणवाट धान रोपेको क्षेत्रमा छर्न सकिन्छ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्दछ ।**

विषादी प्याकेट खोल्दा वा विषादी छर्कदा पञ्जा, रवर बुट, चश्मा ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । घोल तयार गर्दा सुरक्षात्मक पोशाक जस्तै मास्क, पञ्जा, चस्मा, टोपी, एप्रोन आदी लगाउनुहोस् र विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुदैन । साथैं, मुख, आँखामा एवंम छालामा विषादीको सिधा सर्म्पक हुन नदिनुहोस् । विषादी शरिरमा पर्न दिनुहुँदैन । विषादी छरी सके पछि सम्पर्कमा आएका कपडाहरु राम्रोसँग धुनुहोस् र नुहाउनुहोस् । विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुदैन ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

टाउको दुखाइ, थकान, चक्कर (Giddiness), स्नायु अस्थिरता (Nervousness), वाकवाकी लाग्ने (Nausea), र वान्ता (Vomiting) देखिन सक्छ ।

**विष लाग्दा अपनाउनु पर्ने प्राथमिक उपचार :**

यदि निलिएको छ भने, बान्ता गराउनुहोस् । छालामा विषादीको सम्पर्क भएको अवस्थामा विषादी सम्पर्क भएको भाग पर्याप्त सफा पानी र साबुनले राम्ररी धुनुहोस् । यदि रुखोपन रह्यो भने चिकित्सकलाई देखाउनुहोस् । आँखामा विषादीको सम्पर्क भएको अवस्थामाः कम्तीमा १५-२० मिनेटसम्म सफा पानीले आँखालाई धुनुहोस् । स्वासप्रस्वासमार्फत विषाक्तता भएमा पर्याप्त हावा खेल्ने ठाउँमा विरामीलाई राख्नुहोस् । लक्षण गम्भीर भए डाक्टरलाई तुरुन्त देखाउनुहोस् ।

**एण्टिडट**

यी विषादीको विशेष एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्नुहोस् ।

**प्रयोग गरिएको भाँडोको विसर्जनः**

प्याकेट वा विषादीको सम्पर्कमा आएका सामग्री र विषादी छर्कने उपकरण वा अन्य भाँडाहरूबाट निस्केको विषाक्त पानी वा विषादीयुक्त वस्तुलाई सुरक्षित तरिकाले वातावरण वा पानी प्रदुषण हुनबाट बच्ने गरि विसर्जन गर्नुपर्छ । प्रयोग गरिएका विषादीका प्याकेटहरूलाई पुनः प्रयोग रोक्नको लागि बाहिर छोड्नुहुँदैन। प्याकेटहरू प्रयोग गर्न नमिल्ने गरि बस्तीबाट टाढा पानीको मुहान नभएको स्थानमा कम्तीमा १/२ मीटर गहिरो खाडलमा गाड्नु पर्छ ।

**भण्डारणको अवस्था**

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ। विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, प्रयाप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ। आधिकारीक व्यक्तिहरूको मात्र पहुँच हुने गरी विषादीको प्याकेट रकन्टेनरहरू सुख्खा ठाउँमा भण्डारण गर्नुहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा,औषधि, वा मलखादबाट टाढा राख्नुहोस् ।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी** : विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान,सामान्य घातक,हरियो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं.मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादक र वितरकको नाम**

मोडर्न एग्रीजेनेटिक्स लिमिटेड,
इन्दोर,भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्कः-**

दिपीका एग्रो एण्ड ट्रेडर्स,
मोरङ्ग, कानेपोखरी,४ सम्पर्क नं. ९८५२०३२६३७

**उत्पादित देशको रजिष्टर नं.**

CIR-276111/2023-PRETILACHLOR(EC)(445)-977

नेपालमा पंजीकरण गरिएको नं. :

0060-HER-EC-2026




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन। अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस्।**

क्लोरान्ट्रानिलिप्रोल ९.३% + ल्याम्ब्डा-साइहेलोथ्रिन ४.६% जेड सी

Chlorantraniliprole 9.3% + Lambdacyhalothrin 4.6% ZC

# ल्यामक्लोर प्लस

सम्पर्क तथा दैहिक, बहुप्रभावी कीटनाशक विषादी

सिफारिस

| बाली | कीराको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि | एम. एल. प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा -एम. एल.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| भन्टा | डाँठ र फलको गभारो (Shoot and Fruit Borer), जेसिड (Jassids) | २०० | ५०० | ५ दिन | ०.४ |
| खुर्सानी | सुलसुले (Mites), फलको गभारो(Fruit Borer), थ्रिप्स(Thrips) | ६२५ | ५०० | ५ दिन | १.२५ |
| कपास | कपासको फल छेड्ने कीरा(Bollworm) | २५० | ५०० | २० दिन | ०.५ |
| भिन्डी | डाँठ र फलको गभारो (Shoot and Fruit Borer), फड्के कीरा (Jassids) | २०० | ५०० | ३ दिन | ०.४ |
| रहर | कोसाको गभारो (Pod Borer) | २०० | ५०० | १८ दिन | ०.४ |
| धान | हरियो फड्के (Green leaf hopper), पात बेरुवा (Leaf Folder), डाँठको गभारो (Stem Borer), | २००-२५० | ५०० | ५३ दिन | ०.४ |
| भटमास | डाँठको भिंगा (Stem fly),डाँठ घेरा पारेर काट्ने खपटे कीरा(Girdle beetle), पात खाने कीरा (Leaf worm), वित्ते कीरा (Semilooper), | २०० | ५०० | ४१ दिन | ०.४ |

नोट: कीराहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुनसक्छ। त्यसैले विज्ञहरुसंग सम्पर्क गरी यकीन गर्नुहोला।

**प्रयोग गर्ने विधि**

सिफारिस अनुसार आवश्यक मात्रामा विषादी नापी थोरै पानीमा राम्ररी मिसाउनुहोस्। त्यसपछि निर्धारित मात्रा अनुसार बाँकी पानी थपी राम्रोसँग चलाउँदै (घोल्दै) तयार भएको विषादीको घोल उपयुक्त स्प्रेयर जस्तै न्यापस्याक स्प्रेयर प्रयोग गरी पातको माथि र तल दुवै सतह भिज्ने गरी बालीमा पूर्ण रूपमा छर्कनुहोस् । दिइएको सिफारिस अनुसार प्रयोग गर्दा, यो कीटनाशकले रहर बालीलाई कोसाको गभारोबाट र कपास बालीलाई कपासको फल छेड्ने कीराहरूबाट(Bollworm complex)सुरक्षा प्रदान गर्दछ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ।**

विषादीको घोल तयार गर्न खाना पकाउने भाँडाकुँडा प्रयोग नगर्नुहोस्। विषादी घोल्न लट्ठी/डण्डी प्रयोग गर्नुहोस्। छाला, आँखा र कपडाको सम्पर्क हुन नदिनुहोस्। विषादीको घोल तयार गर्दा उत्पन्न हुने विषादी मिश्रित धुँवा (Fog) र वाष्प (Vapors) सासमार्फत भित्र जान नदिनुहोस्। छालासँग सम्पर्क हुन नदिन र आँखामा छ्यापिनबाट जोगिन हातमा पञ्जा र अनुहार सुरक्षा कवच (Face Shield) प्रयोग गर्नुहोस्। विषादी प्रयोग गर्दा लामो ट्राउजर र पूर्ण बाहुलाको सर्ट, चश्मा र बुट वा ढाकिएको जुत्ता सहित सुरक्षात्मक कपडा लगाउनुहोस्। विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुँदैन। प्रयोग पछि, सुरक्षात्मक उपकरणहरू राम्ररी सफा गर्नुहोस् र सम्पूर्ण शरीर धुनुहोस् र सर्म्पकमा आएका कपडाहरु राम्रोसँग धुनुहोस्। हावा र पानीका स्रोतहरूलाई कीटनाशक विषादीबाट दूषित हुन नदिनुहोस्। यो विषादी माछा र मौरीका लागि विषाक्त हुन्छ अतः यो विषादीको प्रयोग फुल फुल्ने बेलामा नगर्नुहोस् र माछा पोखरी तथा जलचर रहेको छेत्रमा प्रयोग नगर्नुहोस् ।

**मानिसलाई यो विषादीको बिष लागेको अवस्थामा**

विषाक्तताको बिशेष लक्षणहरु छैनन।

**विष लाग्दा अपनाउनु पर्ने प्राथमिक उपचार**

प्रभावित व्यक्तिलाई खतरा क्षेत्रबाट राम्रोसँग हावा चल्ने कोठा वा ताजा हावामा लैजानुहोस्, चिसोबाट जोगाउनुहोस्। दूषित लुगा परिवर्तन गर्नुहोस् र शरीरको सर्म्पकमा आएका भागहरू साबुन र पानीले राम्ररी धुनुहोस्। आँखाको सम्पर्कमा आएमा तुरुन्तै सफा पानीले केही बेरसम्म आँखा बन्द नगरि निरन्तर धुनुहोस्। विषाक्तताको शंका लागेमा तुरुन्तै चिकित्सा सल्लाह लिनुहोस्।

नोटः बेहोस बिरामीलाई कहिल्यै पनि मुखबाट केही दिनु हुँदैन र बान्ता गराउनु हुँदैन।

**एण्टिडट**

बिशेष किसिमको एण्टिडट छैन। लक्षणको आधारमा उपचार गर्ने।

**प्रयोग गरीएका भाँडाको बिसर्जन**


कन्टेनर फिर्ताको लागि विषादी विक्रेतालाई सम्पर्क गर्नुहोस्। यदि कन्टेनर फिर्ता गरिएको छैन भने, तीन पटक पखाल्नुहोस् त्यसपछि वातावरण वा पानी प्रदूषण हुन नदिन प्याकेज, बाँकी रहेको पदार्थ र धुने क्रममा निस्किएको फोहोरलाई सुरक्षित तरिकाले व्यवस्थापन गर्नुहोस। विषादी राखिएको प्याकेट कहिल्यै पूनः प्रयोग (पानी, खाना, तेल जस्ता खानेकुरा राख्न) नगर्नुहोस्। खालि कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढा प्रयोग गर्न नमिल्ने गरि खाडलमा गाडेर सुरक्षित तरिकाले नष्ट गर्नुपर्नेछ।

**भण्डारणको अवस्था**

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ। विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ। विषादीलाई जम्न नदिनुहोस्। विषादीलाई खाना,पेय पदार्थ,पशु आहारा,औषधि वा मलखादबाट टाढा राख्नुहोस्।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस्।**

**सावधानी** बच्चाको पहुँचबाट टाढा राख्नुहोस।



**सावधान, मध्यम घातक, नीलो (कृषि प्रयोजनका लागी मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस्। वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना:** शनमुखा एग्रीटेक लिमिटेड, हैदराबाद, तेलंगाना, भारत


**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.** युनिक एग्रो सेन्टर एण्ड रुपक भेट फर्मा, कपिलवस्तु, नेपाल ९८४०४९३७९५

**उत्पादित देशको पञ्जीकरण नं.**

CIR-254502/2023-Chlorantraniliprole + Lambdacyhalothrin (ZC) (443)-158

**नेपालमा पञ्जीकरण गरिएको नं.**

0061-INS-ZC-2026



**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस्।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

मेटसल्फ्यूरोन मिथाइल १०% + क्लोरिम्यूरोन ईथाइल १०% डब्ल्यू. पी.

Metsulfuron Methyl 10% + Chlorimuron Ethyl 10% WP

# युनीमिक्स

अंकुरण पूर्व (Pre-Emergence) र अंकुरण पश्चात् (Post-Emergence), बहुप्रकृतिको झार मार्ने दैहिक झारनाशक

**सिफारिस**

| बाली | झारको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि | ग्राम प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा -ग्राम.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| छरुवा धान (Direct sown rice-puddled condition) | गोलमोथे (*Cyperus haspan*) ज्वाने झार (*Fimbristylis miliaceae*), नीलो जल कुम्भी (*Monochoria vaginalis*), झुसे मोथे/रगते मोथे (*Cyperus difformis*), सुनुसी साग (*Marsilea quadrifoliate*) | २० | ३०० | ९० दिन | ०.०६ |
| रोपेको धान (Transplanted Rice) पोस्ट-इमर्जेन्स (अंकुरण पछिको प्रयोग) | छतरे मोथे (*Cyperus iria*), झुसे मोथे/रगते मोथे (*C. difformis*), कानपाते (*Sagitarria sagitifolia*), कानेझार (*Commelina benghalensis*), ज्वाने झार (*Fimbristylis miliaceae*), भृङ्गराज (*Eclipta alba*), नीलो जल कुम्भी (*Monochoria vaginalis*), सुनुसी साग (*Marsilea quadrifoliate*), पानी मरिच (*Sphenoclea zeylanica*) | २० | ३०० | ९० दिन | ०.०६ |
| रोपेको धान (Transplanted Rice) प्रि-इमर्जेन्स (अंकुरण पूर्वको प्रयोग) | छतरे मोथ (*Cyperus iria*), झुसे मोथे/रगते मोथ (*C. difformis*), ज्वाने झार (*Fimbristylis miliaceae*), भृङ्गराज (*Eclipta alba*), जडेलो (*Ludwigia parviflora*), तने झार (*Cyanotis axillaris*), नीलो जल कुम्भी (*Monochoria vaginalis*), सुनुसी साग (*Marsilea quadrifoliata*) | २० | ३०० | ९० दिन | ०.०६ |

नोट:झारहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुनसक्छ । त्यसैले विज्ञहरुसंग सम्पर्क गरी यकिन गर्नुहोला ।

**प्रयोग गर्ने बिधि**

उच्च मात्रामा छर्किने उपकरणहरू जस्तै नापस्याक स्प्रेयर, रकिङ स्प्रेयर, फुट स्प्रेयर आदि प्रयोग गरी पातमा छर्किने (फोलियर स्प्रे) रूपमा प्रयोग गर्न सिफारिस गरिएको छ। विषादी छर्किंदा फ्ल्याट फ्यान वा फ्लड जेट नोजल प्रयोग गर्नुहोस् । चाहेको प्रभावकारिता सुनिश्चित गर्न प्राबिधिकको सिफारिसमा मात्र प्रति लिटर पानीमा २ मिलिलिटर गैर-आयनिक सर्फ्याक्टेन्ट non-ionic surfactant मिसाउनुहोस् । विषादी प्रयोग गर्ने समय: (क) रोपेको धानको लागि:झार अंकुरण पूर्वको हकमा रोपाइँ गरेको ३ दिनपछि वा झार अंकुरण पश्चात्को हकमा रोपाइँ गरेको २१-२५ दिनपछि (ख) छरुवा धान (हिल्याएको अवस्थामा)को लागी: बिउ छरेको २० दिनपछि प्रयोग गर्नुपर्दछ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।**

लेबल र पर्चाहरूमा भएका सबै निर्देशनहरू धेरै ध्यानपूर्वक पढ्नुहोस् र पालना गर्नुहोस् । आकस्मिक विषाक्तताको अवस्थामा चिकित्सकलाई देखाउन कन्टेनरलाई लेबलसहित सुरक्षित राख्नुहोस् । विषादीहरू नसुँघ्नु होस् । घोल तयार गर्दा रबरको पन्जा, चश्मा, अनुहारको मास्क र सुरक्षात्मक कपडा लगाउनुहोस् । हावाको दिशासँगै विषादी प्रयोग गर्दा हुने स्प्रे ड्रिफ्टबाट टाढा रहनु पर्छ । विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुदैन । स्प्रे ट्यांकीलाई यसको क्षमता भन्दा बढी नभर्नुहोस् । अवरोध भएको नोजललाई पातलो तार वा सुईले सफा गर्नुहोस्, कहिल्यै फुक्दै (मुखले फुकेर) सफा नगर्नुहोस् । शरीरमा कुनै पनि विषाक्त पदार्थ फैलिएको अवस्थामा यसलाई प्रशस्त पानी र साबुनले धुनुपर्छ । विषादी छरी सकेपछि सम्पर्कमा आएका कपडा राम्रोसँग धुनुहोस् र नुहाउनुहोस् । यदि कुनै व्यक्तिलाई विषाक्तताको लक्षण देखा परेमा जस्तै: टाउको दुखने, रिङटा लाग्ने, वाकवाक लाग्ने, पेट दुखने वा बान्ता भएमा तुरुन्तै चिकित्सकलाई सम्पर्क गर्नुहोस् । विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुँदैन, हावा चलेको विपरित दिशा तर्फ पछि हट्दै छर्नु पर्छ ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

आँखामा पर्न गएमा सुरुमा आँखामा जलन, असुविधा, आँसु आउने वा दृष्टि धमिलो हुने हुन सक्छ । छालामा पटक-पटक सम्पर्क भएमा छालामा जलन, असुविधा वा डाबर/चिलाउने हुन सक्छ ।

**विष लाग्दा अपनाउनु पर्ने प्राथमिक उपचार**

श्वासमार्फत् प्रवेश भएमा: प्रभावित व्यक्तिलाई तुरुन्त ताजा हावामा लैजानुहोस् । श्वास नचलेमा कृत्रिम श्वास (mouth to mouth resusciation) दिनुहोस् । श्वास फेर्न गाह्रो भएमा अक्सिजन दिनुहोस् । तुरुन्त चिकित्सकलाई सम्पर्क गर्नुहोस् । आँखामा परेमा: तुरुन्त कम्तीमा १५ मिनेटसम्म सफा पानीले आँखा राम्ररी पखाल्नुहोस् । त्यसपछि चिकित्सकलाई सम्पर्क गर्नुहोस् । छालामा परेमा: प्रशस्त साबुन र पानीले छाला राम्ररी धुनुहोस् । दूषित कपडा पूनः प्रयोग गर्नु अघि राम्ररी धुनुहोस् । निलिएको अवस्थामा: तुरुन्त २ गिलास पानी पिलाउनुहोस् र बान्ता गराउन प्रयास गर्नुहोस् । बेहोस व्यक्तिलाई मुखबाट केही पनि नदिनुहोस् । तुरुन्त चिकित्सकलाई सम्पर्क गर्नुहोस् ।

**एण्टिडट**

विशेष किसिमको एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्ने ।

**प्रयोग गरीएका भाँडाको बिसर्जन**


कन्टेनर फिर्ताको लागि विषादी विक्रेतालाई सम्पर्क गर्नुहोस् । यदि कन्टेनर फिर्ता गरिएको छैन भन तीन पटक पखाल्नुहोस् र त्यसपछि प्रयोग गर्न नमिल्ने गरि नष्ट गर्नुहोस् वा खालि कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढा १/२ मिटर गहिरो खाँडलमा सुरक्षित तरिकाले नष्ट गर्नुपर्नेछ । विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल जस्ता खानेकुरा राख्न) नगर्नुहोस् । वातावरणीय वा पानी प्रदूषण हुन नदिनका लागि खालि कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढा १/२ मिटर गहिरो खाँडलमा सुरक्षित तरिकाले नष्ट गर्नुपर्नेछ । वातावरण वा पानीको स्रोत प्रदूषण नहुने गरी कन्टेनर वा कन्टेनर पखाल्न प्रयोग गरिएको पानी सुरक्षित रूपमा विसर्जन गर्नुहोस् ।

**भण्डारणको अवस्था**

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ । विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ । आधिकारीक व्यक्तिहरूको मात्र पहुँच हुने गरी विषादीको प्याकेट र कन्टेनरहरू सुख्खा ठाउँमा भण्डारण गर्नुहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, वा मलखादबाट टाढा राख्नुहोस् । झारनाशकलाई अन्य विषादी, खाद्य पदार्थ र पशु आहारसँग सम्पर्क नहुने गरी ढुवानी र भण्डारण गर्नुहोस् ।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएक जीवनाशको बिषादी बारेमा सम्पूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी** बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।



**सावधान, मध्यम घातक, नीलो**

**(कृषि प्रयोजनका लागिमात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना:** शनमुखा एग्रीटेक लिमिटेड, हैदराबाद, तेलंगाना, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.** युनिक एग्रो सेन्टर एण्ड रुपक भेट फर्मा, कपिलवस्तु, नेपाल ९८४०४९३७९५

**उत्पादित देशको पञ्जीकरण नं.** CIR-277020/2023-Metsulfuron Methyl + Chlorimuron Ethyl (WP) (445)-279

**नेपालमा पञ्जीकरण गरिएको नं.**

0062-HER-WP-2026




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**बायो-लार्भिसाइड प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

बायो-डार्ट एम ब्यासिलस थुरिन्जिएन्सिस इजराएलेन्सिस एएस स्ट्रैन ५% ए बि आइ एल

**(Bio-Dart M; BTI 5% AS Strain ABIL)**

# बायोडार्ट-एम

**लामखुट्टे मार्ने जैविक बिषादी**

सिफारिस:

| लामखुट्टे प्रजाती (लार्भा) | प्रयोग क्षेत्र (आवास) | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिश मात्रा | | एम. एल. प्रति लिटर पानीमा |
|---|---|---|---|---|
| | | यस जैविक बिषादीको आवश्यक मात्रा (लिटर) | विषादी घोल्न जम्मा चाहिने पानी (लिटर) | |
| एनोफिलिस, क्युलेक्स र एडिस (Anopheles, Culex and Aedes) | सफा पानी (सिमेन्ट ट्यांकी, कुलर, कन्टेनर, पोखरी टायर र खाल्डो) | ५.० | २०० | २५ |
| | प्रदूषित पानी (भुमिगत ट्यांकी, ड्रम र नाली ) | ७.५ | २०० | ३७.५ |

**प्रयोग गर्ने विधि :**

**एनोफिलिस र एडिस नियन्त्रणका लागि:** यस जैविक बिषादी हरेक दुई हप्तामा एक पटक माथि उल्लेखित गरे अनुसार को मात्रा सफा पानीमा (२५ एम.एल.प्रति लि.का दरले) मिसाई तयार भएको झोल छर्कनुहोस् ।

**प्रदूषित पानीमा क्युलेक्स नियन्त्रणका लागि:** यस जैविक बिषादी हरेक दुई हप्तामा एक पटक माथि उल्लेखित गरे अनुसार को मात्रा सफा पानीमा (३७.५ एम.एल.प्रति लि.का दरले) मिसाई तयार भएको झोल छर्कनुहोस् ।

तयार भएको झोल छर्कन बकेट पम्प स्प्रेयर, न्यापस्याक स्प्रेयर, रकिङ्ग स्प्रेयर, व्हील व्यारो स्प्रेयर आदि प्रयोग गर्न सकिन्छ ।

**यो जैविक विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।**

जैविक विषादी प्याकेट खोल्दा वा विषादी छर्कदा पञ्जा, रवर वुट, चश्मा ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । घोल तयार गर्दा सुरक्षात्मक पोशाक जस्तै मास्क, पञ्जा, चस्मा, टोपी, एप्रोन आदी लगाउनुहोस् र विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुदैन साथै मुख, आँखामा एवंम छालामा विषादीको सिधा सर्म्पक हुन नदिनुहोस् । विषादी शरिरमा पर्न दिनुहुदैन । बिषादी छरी सके पछि सर्म्पकमा आएका कपडाहरु राम्रोसगं धुनुहोस् र नुहाउनुहोस् । बिषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुदैन ।

**मानिसलाई यो जैविक विषादीको बिष लागेको अवस्थामा**

टाउको दुख्ने, चक्कर आउने, आँखा धमिलो हुने, मुखबाट र्याल चुहिने जस्ता लक्षण देखापर्दछ ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

श्वासबाट शरिरमा प्रवेश भएमा विरामीलाई ताजा हावामा लैजाने । यदि निलेको छ भने मुख कुल्ला गराउने र १-२ गिलास पानी पिउन दिने । यदि लुगा र शरीरमा विषादी लागेको भएमा सावुन पानीले धुने । यदि आखाँमा विषादी परेमा तुरुन्त सफा पानीले कम्तीमा १५ मिनटसम्म आखाँ धुने । चिकित्सकको निगरानीका लागि तुरुन्त अस्पताल लैजाने ।

**एण्टिडट**

यी बायो-लार्भिसाइडको विशेष एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्नुहोस् ।

**भण्डारणका अवस्था :**

यस विषादी भएका प्याकेजहरूलाई खाना लगायतका अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ । विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, प्रयाप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ । आधिकारीक व्यक्तिहरूको मात्र पहुँच हुने गरी यस विषादीको प्याकेट र कन्टेनरहरू सुख्खा ठाउँमा भण्डारण गर्नुहोस्।

**कृपया प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जैविक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानीः बालबालिकाहरूको पहुँचभन्दा टाढा राख्नुहोस ।**




**सावधान, सामान्य घातक, हरियो**

**(जनस्वास्थ्य प्रयोजनको लागि मात्र)**

**यो जैविक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा बिषादी ब्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ९८५१००५९३५ नं. मा फोन गर्नुहोस् । वा** info@npponepal.gov.np **मा इमेल गर्नुहोस् ।**

**जैविक विषादीको उत्पादक र वितरकको नामः-**

अजय बायो-टेक (इंडिया) लिमिटेड, इंडिया

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं :-**


सफल स्वास्थ्य सेवा प्रा लि
काठमाडौं म न पा १४, कलंकी
Email: safalswasthasewa@gmail.com
Ph: 9702541817

**उत्पादित देशको रजिष्टर नं.**

CIR-2160/2018(390)-Bacillus thuringiensis var. israelensis (AS)-65

**नेपालमा पञ्जीकरण गरिएको नः**

0063-BIO-AS-2026




**जैविक विषादी प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

जीवनाशक विषादी विष हो, औषधी होइन। अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस।

# प्रेटिलाक्लोर ३७% ई.डब्लू
# Pretilachlor 37% EW

**अल फिट सुपर (Allfit Super)**

चयनात्मक तथा झारपात अंकुरणपूर्व प्रयोग गर्ने बहुप्रकृतिको झारनाशक (Selective, pre-emergence and broad-spectrum herbicide)

**सिफारिस**

| बाली | झारपातको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा: यस विषादीको आवश्यक मात्रा (लिटर) | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा: विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि | एम. एल. प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| रोपेको धान | सामा घाँस *(Echinochloa colonum)*, एक वर्षिय जौंनार *(Cyperus difformis)* *घोडे झार* *(Digitaria sanguinalis)*, छाता मोथे *(Cyperus iria)*, महाभृङ्गराज *(Eclipta alba)*, पानीको झाडी *(Ludwigia palviflora)*, ज्वाने झार *(Fimbristylis miliacea)*, लेप्टोक्लोआ घाँस *(Leptochloa chinensis)*,नीलो जलकुम्भी *(Monochorea vaginalis)*, भुइँ घाँस *(Panicum repens)* | १.५-१.८७५ | ५०० | ९० दिन | ३ -३.७५ |

नोटः झारहरुको नेपाली नाम स्थान विशेष फरक हुनसक्छ। त्यसैले विज्ञहरुसंग सम्पर्क गनुहोस्।

**प्रयोग गर्ने विधिः**

यो विषादीलाई धान रोपाई गरेका ५ दिन भित्रमा प्रयोग गरि सक्नु पर्दछ। यो विभिन्न प्रकारका विषादी छर्कने उपकरणबाट धान रोपेको क्षेत्रमा छर्न सकिन्छ। यो उच्च मात्रामा छर्कने स्प्रेयर (High volume sprayer) जस्तै फ्ल्याट फ्यान फ्लड जेट नोजल जडान गरिएको न्यापसाक (Knapsack) स्प्रेयरको सहायताले प्रयोग गर्न सिफारिस गरिन्छ। विषादी छरे पछि २४ घण्टासम्म खेतमा पानी जम्न दिनुहुँदैन।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्दछ।**

विषादी प्याकेट खोल्दा वा विषादी छर्कदा पञ्जा, रवर बुट, चश्मा ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस्। घोल तयार गर्दा सुरक्षात्मक पोशाक जस्तै मास्क, पञ्जा, चस्मा, टोपी, एप्रोन आदी लगाउनुहोस् र विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुँदैन। साथै, मुख, आँखामा एवम् छालामा विषादीको सिधा सर्म्पक हुन नदिनुहोस्। विषादी छरी सके पछि सम्पर्क आएका कपडाहरु राम्रोसगं धुनुहोस् र नुहाउनुहोस्। विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुदैन। विषादीलाई हावा तथा पानीको स्रोतहरुमा संक्रमण हुन् नदिनुहोस्।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

मानिसमा हालसम्म विषाक्तताको लक्षण देखिएको छैन। जनावरहरुमा गरिएको परिक्षणमा पखाला लाग्ने, स्वतः स्फूर्त चालचलनमा कमी आउने, काम्ने, मांसपेशी बाउँडिने तथा रौं जिङ्रिङ्ग देखिने जस्ता लक्षणहरू देखा परेका छन्।

**प्राथमिक उपचारः**

विष लागेको बिरामीलाई राम्रो र ताजा हावा आउने ठाउँमा राख्नुपर्छ। छालामा विषादी लागेको अवस्थामा तुरुन्त दुषित कपडाहरु हटाउने र सफा पानीले राम्रोसँग पखाल्नुपर्छ। आँखामा विषादी परेमा सफा पानीले केही समयसम्म लगातार धुनुपर्छ। विषादी निलेमा चिकित्सकको परामर्शमा औषधिजन्य चारकोल (Medicinal Charcoal) पर्याप्त पानीको मात्रा सहित दोहोयाएर दिनसकिन्छ। यदि बिरामी बेहोश छ भने वान्ता गराउनु हुँदैन र मुखबाट केहि पनि खानेकुरा दिनु हुँदैन।

**एण्टिडट**

यी विषादीको विशेष एण्टिडट छैन। लक्षणको आधारमा उपचार गर्नुहोस्।

**प्रयोग गरिएको भाँडोको विसर्जन**


प्याकेट वा विषादीको सम्पर्कमा आएका सामग्री र विषादी छर्कने उपकरण वा अन्य भाँडाहरूबाट निस्केको विषाक्त पानी वा विषादीयुक्त वस्तुलाई सुरक्षित तरिकाले वातावरण वा पानी प्रदूषण हुनबाट बच्ने गरि विसर्जन गर्नुपर्छ। प्रयोग गरिएका विषादीका प्याकेटहरूलाई पुनः प्रयोग रोक्नको लागि बाहिर छोड्नुहुँदैन। प्याकेटहरू प्रयोग गर्न नमिल्ने गरि बस्तीबाट टाढा पानीको मुहान नभएको स्थानमा गहिरो खाडलमा गाड्नु पर्छ।

**भण्डारणको अवस्था**

विषादी रहेका प्याकेटहरूलाई खाद्यपदार्थ लगायत अन्य सामानहरू भण्डारण गर्ने कोठाहरू वा परिसरहरूबाट अलग कोठाहरू वा परिसरहरूमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृतिका आधारमा छुट्टै अलमारीहरूमा ताला र चाबी लगाएर राख्नुपर्छ। विषादी भण्डारणका लागि तोकिएका कोठाहरू वा परिसरहरू राम्ररी निर्मित, सुख्खा, हावा राम्रोसंग ओहोरदोहोर हुने वा वाष्पबाट दुषित नहुने खालको पर्याप्त उज्यालो भएको हुनुपर्दछ।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस्।**

**सावधानी**ः विषादीलाई बच्चाको पहुँच बाट टाढा राख्नुहोस्।




**सावधान, सामान्य घातक, हरियो (कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं.मा फोन गर्नुहोस्। वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादकको नाम**

अम्बर क्राप साइन्स प्रा.लि.
मीरा अपाटमेन्ट, आउटर रिंग रोड, पश्चिम विहार, नईदिल्ली -११००६३

**पञ्जीकरण तथा प्याकिङ्ग वा पुनः प्याकिङ्गकर्ताको नाम ठेगाना र सम्पकः-**

नेशनल एग्रो इन्डस्ट्रिज प्रा.लि., प्रर्सौनी ३, बारा, नेपाल

**उत्पादित देशको रजिष्टर नं.** CIR-109535/2013-Pretilachlor (EW) (342)-17

नेपालमा पञ्जीकरण गरिएको नः

0065-HER-EW-2026




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोला।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

प्रेटिलाक्लोर ५०% ई.सी

Pretilachlor 50% EC

# टच

चयनात्मक तथा झारपात अंकुरनपूर्व प्रयोग गर्ने बहुप्रकृतिको झारनाशक विषादी (Selective, pre-emergence and broad-spectrum herbicide)

| **सिफारिस** | | | | | |
|---|---|---|---|---|---|
| बाली | झारहरुको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि | एम.एल/ प्रति लिटर पानीमा |
| | | यस विषादीको आवश्यक मात्रा - एम.एल.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| रोपाइँ गरिएको धान | सामा घाँस (*Echinochloa crusgalli*), सामा घाँस (*Echinochloa colonum*), एक वर्षिय जौंनार (*Cyperus difformis*), छाता मोथे (*Cyperus iria*), ज्वाने झार (*Fimbristylis miliacea*), महाभृङ्गराज (*Eclipta alba*), पानीको झाडी (*Ludwigia pulviflora*), लेप्टोक्लोआ घाँस (*Leptochloa chinensis*), नीलो जलकुम्भी (*Monochorea vaginalis*), भुइँ घाँस (*Panicum repens*) | १०००-१५०० | ५००-७५० | ७५-९० दिन | २-३ |

नोटः झारहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुनसक्छ । त्यसैले विज्ञहरुसँग सम्पर्क गनुहोस्।

**प्रयोग गर्ने विधि:**

विषादीको घोल बनाउँदा छर्कने ट्यांकीको आधा मात्रासम्म पानी राखेर विषादीको मात्रा हाल्नुहोस् र राम्रोसँग घोल्नुहोस् । यसपछि पानी थपेर फेरि चलाउनुहोस् । तयार भएको विषादीको घोल तुरुन्त छर्कर्नुहोस् । यो विषादीलाई धान रोपेको ५ दिन भित्रमा प्रयोग गरि सक्नु पर्दछ । यो विषादी विभिन्न प्रकारका विषादी छर्कने उपकरणवाट धान रोपेको क्षेत्रमा छर्न सकिन्छ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्दछ ।**

विषादी प्याकेट खोल्दा वा विषादी छर्कदा पञ्जा, रवर वुट, चश्मा ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस्। घोल तयार गर्दा सुरक्षात्मक पोशाक जस्तै मास्क, पञ्जा, चस्मा, टोपी, एप्रोन आदी लगाउनुहोस् र विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुदैन साथै मुख, आँखामा एवम् छालामा विषादीको सिधा सम्पर्क हुन नदिनुहोस्। विषादी शरिरमा पर्न दिनुहुदैन । विषादी छरी सके पछि सम्पर्कमा आएका कपडाहरु राम्रोसँग धुनुहोस् र नुहाउनुहोस्। विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुदैन ।

**मानिसलाई यो विषादीको बिष लागेको अवस्थामा**

प्रारम्भिक लक्षणहरूमा टाउको दुखाइ, चक्कर लाग्नु, घुमेको महसुस (भर्टिगो), वाकवाकी लाग्नु, बान्ता हुनु, अत्यधिक पसिना आउनु, आँसु बढी आउनु तथा ऱ्याल बढी निस्किनु जस्ता लक्षणहरु देखिन सक्छन्।

**प्राथमिक उपचार:**

यदि निलिएको छ भने, बान्ता गराउनुहोस् तर अचेत अवस्थामा बान्ता गराउनु हुँदैन। छालामा विषादीको सम्पर्क भएको अवस्थामा: विषादी सम्पर्क भएको भाग पर्याप्त सफा पानी र साबुनले राम्ररी धुनुहोस्। यदि रुखोपन रह्यो भने चिकित्सकलाई देखाउनुहोस्। आँखामा विषादीको सम्पर्क भएको अवस्थामा: कम्तीमा १५-२० मिनेटसम्म सफा पानीले आँखालाई धुनुहोस्। स्वासप्रस्वासमार्फत विषाक्तता भएमा पर्याप्त हावा खेल्ने ठाउँमा विरामीलाई राख्नुहोस्। लक्षण गम्भीर भए चिकित्सकलाई तुरुन्त देखाउनुहोस्।

**एण्टिडट**

यी विषादीको विशेष एण्टिडट छैन। लक्षणको आधारमा उपचार गर्नुहोस्।

**प्रयोग गरिएको भाँडोको विसर्जन:**


प्याकेट वा विषादीको सम्पर्कमा आएका सामग्री र विषादी छर्कने उपकरण वा अन्य भाँडाहरूबाट निस्केको विषाक्त पानी वा विषादीयुक्त वस्तुलाई सुरक्षित तरिकाले वातावरण वा पानी प्रदुषण हुनबाट बच्ने गरि विसर्जन गर्नुपर्छ । प्रयोग गरिएका विषादीका प्याकेटहरूलाई पुन: प्रयोग रोक्नको लागि बाहिर छोड्नुहुँदैन। प्याकेटहरू प्रयोग गर्न नमिल्ने गरि बस्तीबाट टाढा पानीको मुहान नभएको स्थानमा गहिरो खाडलमा गाड्नु पर्छ ।

**भण्डारणको अवस्था**

विषादी रहेका प्याकेटहरूलाई खाद्यपदार्थ लगायत अन्य सामानहरू भण्डारण गर्ने कोठाहरू वा परिसरहरूबाट अलग कोठाहरू वा परिसरहरूमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृतिका आधारमा छुट्टै अलमारीहरूमा ताला र चाबी लगाएर राख्नुपर्छ। विषादी भण्डारणका लागि तोकिएका कोठाहरू वा परिसरहरू राम्ररी निर्मित, सुख्खा, चिसो, प्रयाप्त उज्यालो र हावादार हुनुपर्छ ।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी** बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।



**सावधान, सामान्य घातक, हरियो (कृषि प्रयोजनका लागि मात्र)**

यो झारनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।


**विषादीको उत्पादक र वितरकको नाम ठेगाना:** Agri Science Co., located at R.S No 20/1, Plot No-14,15, Somnath Industries, Somnath Industries Main Road, Kotda Sangani Road, Lothada, Opp/ Varun Ferrous, Lothada Industrial Area, Rajkot, Gujarat

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.** पाँचखाल विज भण्डार एण्ड एग्रो सेन्टर, काठमाडौं, नेपाल सम्पर्क नं.९८५१०२०४७३, info@panchkhalbeejbhandar.com

उत्पादित देशको रजिष्टर नं. CIR-225330/2022-Pretilachlor (EC) (442)-837

नेपालमा पञ्जीकरण गरिएको नं.

0066-HER-EC-2026




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

Bispyribac Sodium 10% SC

बिस्पायरिब्याक सोडियम १०% एससी .

# जुनून

उम्रेपछि छर्नुपर्ने (Post-emergence) बहुप्रकृतिको झार मार्ने दैहिक झारनाशक ।

सिफारिस:

| बाली | झारको सामान्य नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि | ग्राम / प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (ग्राम.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| धानको ब्याड (Nursery) | टुँडे सामा/सामा घाँस (*Echinochloa crusgalli*), सामा(*Echinochloa colonum*), बन्सो/मल्लिडो (*Ischaemum rugosum*), झुसे मोथे/रगते मोथे (*Cyperus difformis*), मोथे (*Cyperus iria*), साना मोथे (*Fimbristylis miliacea*) भृंगराज/भंगेरी झार/आली झार (*Eclipta alba*), सानो पानीझार (*Ludwigia parviflora*) कर्कले झार/निलो जलुके (*Monochoria vaginalis*), पट्पटे झार '(*Alternanthera philoxeroides*), भकारी झार (*Sphenoclcea zeylenica*) | २०० | ३०० | ७८ दिन भन्दा बढी | ०.६६ |
| रोपेको धान (Transplanted) | | २००-२५० | ३०० | ७८ दिन भन्दा बढी | ०.६६-०.८३ |
| छरुवा धान (Direct seeded) | | २००-२५० | ३०० | ७८ दिन भन्दा बढी | ०.६६-०.८३ |

नोट: झारहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुन सक्छ। त्यसैले विज्ञहरुसँग सम्पर्क गरी यकिन गर्नुहोला ।

## प्रयोग गर्ने विधि:

प्रयोगको लागि निर्देशनः प्रयोग गर्नु अघि विषादीको बोतललाई हल्लाउनुहोस् । आवश्यक मात्रामा झारनाशक विषादी नाप्नुहोस् र थोरै मात्रामा पानीमा राम्रोसँग मिसाउनुहोस् । बाँकी रहेको पानी राम्ररी चलाएर थप्नुहोस् । प्रयोग विधिः झारनाशक विषादी प्रयोग गर्नु अघि खेतको पानी निकास गर्नुपर्छ । विषादी प्रयोग गरेको एक दिन भित्र खेतमा पानी भर्नुपर्छ र विषादी प्रयोग गरेपछि कम्तिमा १० दिनसम्म पानी कायम राख्नुपर्छ। छर्ने निर्देशनः हावाको दिशामा समान रूपमा स्प्रे गर्नुहोस् । विषादी पूर्ण रूपमा ढाकिएको सुनिश्चित गर्नुहोस् । नर्सरी/रोपाइँ गरिएको धानः नर्सरी धानको लागि बिउ छरेको १०-१२ दिनपछि तथा रोपाइँ गरिएको धानको लागि रोपाइँ गरेको १०-१४ दिनपछि, जब अधिकांश झारहरू उम्रिसकेका हुन्छन् र ३-४ पातको अवस्थामा हुन्छन् (माटो तथा मौसमीय अवस्था अनुसार), तब विषादी प्रयोग गर्ने उपयुक्त समय हो। बीउ छर्ने धानः प्रत्यक्ष रूपमा बीउ छरिएको धानमा बीउ छरेको १५-२५ दिनपछि विषादी प्रयोग गर्ने । यो उच्च मात्रामा छर्कने स्प्रेयर (High volume sprayer) जस्तै फ्ल्याट फ्यान फ्लड जेट नोजल जडान गरिएको न्यापसाक (Knapsack) स्प्रेयर प्रयोग गर्न सिफारिस गरिन्छ ।

## यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।

विषादी प्याकेट खोल्दा वा विषादी छर्किदा पञ्जा, रबर बूट, चश्मा ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । घोल तयार गर्दा सुरक्षात्मक पोशाक जस्तै मास्क, पञ्जा, चस्मा, टोपी, एप्रोन आदि लगाउनुहोस् र विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुँदैन साथै मुख, आँखामा एवम् छालामा विषादीको सिधा सम्पर्क हुन नदिनुहोस् । विषादी शरीरमा पर्न दिनुहुँदैन । विषादी छरी सकेपछि सम्पर्कमा आएका कपडाहरु राम्रोसँग धुनुहोस् र नुहाउनुहोस् । विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुँदैन ।

## मानिसलाई यो विषादीको विष लागेको अवस्थामा ।

कमजोरी, बान्ता, मुखबाट पानी आउनु र पखाला हुन सक्छ ।

## विष लाग्दा अपनाउनु पर्ने प्राथमिक उपचार ।

१. यदि निलिएको खण्डमा, घाँटीको पछाडिपट्टि काउकुती लगाएर बान्ता गराउनुहोस्। यदि बिरामी बेहोस छ भने बान्ता नगराउनुहोस् ।
२. यदि कपडा र छाला दूषित भएमा, कपडा फुकाल्नु होस् र दूषित छालालाई प्रशस्त मात्रामा साबुन र पानीले धुनुहोस् ।
३. यदि आँखा दूषित भएमा, लगभग १० देखि १५ मिनेटसम्म प्रशस्त पानीले धुनुहोस् ।
४. यदि श्वासप्रश्वासबाट भित्र गएको खण्डमा, बिरामीलाई ताजा हावामा सार्नुहोस्। यदि श्वास फेर्दै छैन भने, श्वासनली खाली गर्नुहोस् र कृत्रिम श्वासप्रश्वास दिनुहोस् र तुरुन्तै चिकित्सकलाई सम्पर्क गर्नुहोस् ।

## एण्टिडट ।

विशेष किसिमको एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्ने ।

## प्रयोग गरीएका भाँडाको विसर्जन ।

कन्टेनर फिर्ताको लागि विषादी विक्रेतालाई सम्पर्क गर्नुहोस् । यदि कन्टेनर फिर्ता गरिएको छैन भने, तीन पटक पखाल्नुहोस् । त्यसपछि प्रयोग गर्न नमिल्ने गरि नष्ट गर्नुहोस् वा गाडेर विसर्जन गर्नुहोस् । विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल राख्न) नगर्नुहोस ।

## भण्डारणको अवस्था ।

खाना, दाना, रित्ता भाँडा भन्दा यो विषादी पर राख्ने। विषादी सधैं ठण्डा, सुख्खा र हावा लाग्ने ठाउँमा राख्ने । लामो समयसम्म प्रत्यक्ष घाम पर्ने भण्डारण कक्षमा भण्डारण नगर्नुहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, सौन्दर्य प्रशोाधन वा मलखादबाट टाढा राख्नुहोस् ।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा संपूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी** : विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, नीलो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं.मा फोन गर्नुहोस्। वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम र ठेगाना:**

**सुमितोमो केमिकल इन्डिया लिमिटेड**

भवन नम्बर १, ग्राउन्ड फ्लोर, शान्त मनोर को-अप हाउसिंग सोसाइटी लिमिटेड, चक्रवर्ती अशोक 'एक्स' रोड, कांदिवली (पूर्व), मुम्बई - ४०० १०१, महाराष्ट्र (भारत)

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.:-**

**नेपाल एग्रो सेन्टर प्राइभेट लिमिटेड,**

धनुषा, जनकपुर, नेपाल


९८४४०२०६००

**उत्पादित देशको रजिष्टर नं.:**

CIR-2038/2017(371/372)-BISPYRIBAC SODIUM(SC)-09

**नेपालमा पञ्जीकरण गरिएको नं.:**

0067-HER-SC-2026




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग पूव यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

मेट्सल्फुरोन मिथाइल १०% + क्लोरिम्युरोन इथाइल १०% डब्लु.पी.

Metsulfuron Methyl 10% + Chlorimuron Ethyl 10% W.P.

# कंगारु

अंकुरण पूर्व (Pre-emergence) र अंकुरण पश्चात (Post-emergence) बहुप्रकृतिको झारनाशक

**सिफारिसः**

| बाली | झारको सामान्य नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि | ग्राम प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा -ग्राम.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| धान | छतरे मोथे *(Cyperus iria)*, झुसे मोथे/रगते मोथ *(C. difformis)*, ज्वाने झार (*Fimbristylis miliacea*), भृङ्गराज *(Eclipta alba)*, पानी झार *(Ludwigia parviflora)*, तेने झार *(Cyanotis axillaris)*, पिराले झार *(Monochoria vaginalis)*, सुनुसी साग *(Marsilea quadrifolia*) | २० ग्राम - ३० ग्राम | ५००-६०० | ९० | ०.०४-०.०५ |

नोटः झारहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुन सक्छ। त्यसैले विज्ञहरुसँग सम्पर्क गरी यकिन गर्नुहोला।

**प्रयोग गर्ने विधिः**

उच्च मात्रामा छर्किने उपकरणहरू जस्तैः नापस्याक स्प्रेयर, रकिङ स्प्रेयर, फुट स्प्रेयर आदि प्रयोग गरि पातमा छर्किने (फोलियर स्प्रे) रूपमा प्रयोग गर्न सिफारिस गरिएको छ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्दछ।**

विषादी प्याकेट खोल्दा वा विषादी छर्किदा पञ्जा, रबर बूट, चश्मा ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस्। घोल तयार गर्दा सुरक्षात्मक पोशाक जस्तै मास्क, पञ्जा, चस्मा, टोपी, एप्रोन आदि लगाउनुहोस् र विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुँदैन साथै मुख, आँखामा एवम् छालामा विषादीको सिधा सम्पर्क हुन नदिनुहोस्। विषादी शरीरमा पर्न दिनुहुँदैन। विषादी छरी सकेपछि सम्पर्कमा आएका कपडाहरु राम्रोसँग धुनुहोस् र नुहाउनुहोस्। विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुँदैन। स्प्रे ट्याङ्कीलाई यसको क्षमताको ३/४ भागभन्दा बढी नभर्नुहोस्। अवरुद्ध नोजललाई पातलो तार वा पिनले सफा गर्नुहोस्, मुखले फुकेर नोजल सफा गर्नुहुन्न। शरीरमा कुनै किसिमको विषाक्तता देखिएमा प्रशस्त पानी र साबुनले धुनुपर्छ। छर्काइ पूरा हुने बित्तिकै नुहाउनुहोस् र लुगा परिवर्तन गर्नुहोस्। यो विषादि प्रयोग गरिरहेको वा हालसालै प्रयोग गरेको व्यक्तिमा विषाक्तताको कुनै लक्षण देखा परेमा तुरुन्तै चिकित्सकलाई सम्पर्क गर्नुहोस्।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

आँखामा पर्न गएमा सुरुमा आँखामा जलन, असुविधा, आँसु आउने वा दृष्टि धमिलो हुने हुन सक्छ। छालामा पटक-पटक सम्पर्क भएमा छालामा जलन, असुविधा वा डाबर/चिलाउने हुन सक्छ।

**विष लाग्दा अपनाउनु पर्ने प्राथमिक उपचार**

श्वास्स मार्फत प्रवेश भएमाः प्रभावित व्यक्तिलाई तुरुन्त ताजा हावामा लैजानुहोस्। श्वास नचलेमा कृत्रिम श्वास (Artificial respiration) दिनुहोस्। श्वास फेर्न गाह्रो भएमा अक्सिजन दिनुहोस्। तुरुन्त चिकित्सकलाई सम्पर्क गर्नुहोस्। आँखामा परेमाः तुरुन्त कम्तीमा १५ मिनेटसम्म सफा पानीले आँखा राम्ररी पखाल्नुहोस्। त्यसपछि चिकित्सकलाई सम्पर्क गर्नुहोस्। छालामा परेमाः प्रशस्त साबुन र पानीले छाला राम्ररी धुनुहोस्। दूषित कपडा पुनः प्रयोग गर्नु अघि राम्ररी धुनुहोस्। निलिएको अवस्थामाः तुरुन्त २ गिलास पानी पिलाउनुहोस् र बान्ता गराउन प्रयास गर्नुहोस्। बेहोस व्यक्तिलाई मुखबाट केही पनि नदिनुहोस्। तुरुन्त चिकित्सकलाई सम्पर्क गर्नुहोस्।

**एण्टिडट**

विशेष किसिमको एण्टिडट छैन। लक्षणको आधारमा उपचार गर्ने।

**प्रयोग गरिएको भाँडोको विसर्जन**


खाली प्याकेट पुनः प्रयोग गर्नु हुँदैन। प्याकेटलाई पानीले (३ पटक) पखाल्नुहोस्, र त्यो विषाक्त पानीलाई स्प्रे मिश्रणमा खन्याउनुहोस्। प्रयोग पछि खाली प्याकेटहरूलाई नष्ट गरि बस्तीबाट टाढा पानीको मुहान नभएको स्थानमा आधा मिटर गहिरो खाडलमा गाड्नुहोस्। स्प्रे सामग्री सुरक्षित तरिकाले डिस्पोज गर्नुपर्छ ताकि वातावरणीय र पानी प्रदूषण नहोस् ।

**भण्डारणको अवस्था**

यस विषादीले दूषित भएको ठाउँमा खाना, पेय पदार्थ वा सुर्तीजन्य पदार्थ भण्डारण वा सेवन नगर्नुहोस्। यस विषादीलाई यसको मूल प्याकमा कडा रूपमा बन्द गरी, बालबालिका, असम्बन्धित व्यक्ति र पशुचौपायाको पहुँचबाट टाढा, खाद्य पदार्थ, पशु आहार र अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठाहरूबाट टाढा, ताला लगाएर छुट्टै कोठामा भण्डारण गर्नुहोस्। विषादी सधैं ठण्डा, सुख्खा र हावा लाग्ने ठाउँमा राख्ने। लामो समयसम्म प्रत्यक्ष घाम पर्ने भण्डारण कक्षमा भण्डारण नगर्नुहोस्। विषादीलाई खाना, पेय पदार्थ, पशु आहार, औषधि, सौन्दर्य प्रशोाधन वा मलखादबाट टाढा राख्नुहोस्। यस विषादीलाई अन्य कीटनाशक, खाद्य पदार्थ र पशु आहारसँग सम्पर्क नहुने गरी ढुवानी र भण्डारण गर्नुहोस्।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस्।**

**सावधानी**: विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस्।




**सावधान, मध्यम घातक, नीलो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस्। वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादक र वितरकको नामः**
**अतुल लिमिटेड**
अतुल-३९६०२०, वलसाड, गुजरात (भारत)।

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.:-**
**नेपाल एग्रो सेन्टर प्राइभेट लिमिटेड,**
धनुषा, जनकपुर, नेपाल
९८४४०२०६००

**उत्पादित देशको रजिष्टर नं.** CIR-43,445/2003-METSULFURON METHYL+CHLORIMURON ETHYL (W.P) (230)-5

**नेपालमा पञ्जीकरण गरिएको नं.:**

0068-HER-WP-2026




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस्।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

क्लोरान्ट्रानिलिप्रोल ८.८% + थायामेथोक्साम १७.५% एस सी

Chlorantraniliprole 8.8% + Thiamethoxam 17.5% SC

# थियाक्लोरन

दैहिक कीटनाशक विषादी

| सिफारिस | | | | | |
|---|---|---|---|---|---|
| बाली | कीराको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि | एम.एल प्रति लिटर पानीमा |
| | | यस विषादीको आवश्यक मात्रा एम.एल) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| धानको व्याड | हरियो फड्के (Green Leaf Hopper), पात बेरुवा (Leaf Folder), डाँठमा लाग्ने गभारो (Stem Borer) | ६०० | १०० | ११६ दिन | ६ |
| गोलभेडा | पात खन्ने कीरा (Leaf Miner),फलमा लाग्ने गभारो (Fruit Borer), सेतो झिंगा (White Fly), | ५०० | ५०-१०० एम.एल प्रति बोट | ३६ दिन | |

नोट: कीराहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुनसक्छ । त्यसैले विज्ञहरुसंग सम्पर्क गरी यकीन गर्नुहोला ।

**प्रयोग गर्ने विधि**

यो एक दैहिक कीटनाशक विषादी हो, जसलाई सिफारिस गरिएको बालीको कीराहरु व्यवस्थापन गर्नका लागि गोलभेडा तथा धानमा माटोमा भिजाउने (Soil drench) विधिबाट प्रयोग गर्न सिफारिस गरिएको छ । धानमा विषादी प्रयोग गर्दा धान छर्नु वा रोपाई पूर्व जमिन तयारीमा एक पटक मात्र प्रयोग गर्ने । गोलभेडामा बेर्ना सारेको ८ देखि १० दिन पछि एकपटक मात्र प्रयोग गर्ने ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।**

विषादीको प्याकेट खोल्दा वा विषादी छर्कदा पञ्जा, रवर बुट, चश्मा ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । घोल तयार गर्दा सुरक्षात्मक पोशाक जस्तै मास्क, पञ्जा, चस्मा, टोपी, एप्रोन आदी लगाउनुहोस् र विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुदैन साथै मुख, आँखामा एवंम छालामा विषादीको सिधा सम्पर्क हुन नदिनुहोस् । विषादी शरिरमा पर्न दिनुहुदैन । विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुँदैन । विषादी छरी सके पछि हात साबुन र प्रशस्त पानीले राम्ररी धुनुहोस् र नुहाउनुहोस् र कपडा फेर्नुहोस् । सम्पर्कमा आएका कपडाहरू पनि धुनुहोस् । कपडा धुँदा वा नुहाउँदा उत्पन्न हुने विषादी मिसिएको पानीलाई उचित रूपमा व्यवस्थापन गर्नुहोस् । यसलाई सतही पानी (नदी, खोला, नाली आदि) मा प्रवाह हुन नदिनुहोस् । यो मौरीको लागि विषालु छ । उक्त क्षेत्रको आसपास रहेका फूल फुल्ने झारपात वा फूल फुल्ने बालीहरूमा विषादी उडेर नजाने सुनिश्चित गर्नुहोस् । फूल फुल्न सुरु हुनुभन्दा १५ दिन अगाडिदेखि फूल फुल्ने अवधि समाप्त नभएसम्म फूल फुल्ने बालीमा छर्कनु हुँदैन । दिउँसोको समयमा मौरीको सक्रिय रूपमा आहारा खोज्ने अवधिमा छर्कनु हुँदैन र बाली क्षेत्रमा हावा वा धुलोमार्फत प्रदूषण हुन नदिन सावधानीपूर्वक प्रयोग गर्नुहोस् । यो विषादी जलचर जीवहरूको लागि पनि विषालु हुन्छ ।

**मानिसलाई यो विषादीको बिष लागेको अवस्थामा**

वाकवाकी लाग्ने, बान्ता हुने, पखाला लाग्ने, पेट दुख्ने, चक्कर लाग्ने, टाउको दुख्ने, हल्का बेहोस पार्ने, आँखा पोल्ने हुन्छ ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

मुखबाट निलिएमा व्यक्ति सचेत र होसमा छ भने पानीले कुल्ला गराउनुहोस् । १-२ गिलास पानी खुवाउनुहोस् । बेहोस भएको व्यक्तिलाई कुनै पनि खाने कुरा दिन हुँदैन । चिकित्सकलाई तुरुन्त सम्पर्क गर्नुहोस् । उपचार गर्ने चिकित्सकको निर्देशन बिना बान्ता गराउने प्रयास नगर्नुहोस् । स्वासप्रस्वाससमार्फत विषाक्तता भएमा पर्याप्त हावा खेल्ने ठाउँमा बिरामीलाई राख्नुहोस् र शरीरको तापक्रमको ध्यान राख्नुहोस् । यदि बिरामीले सास फेरेको छैन वा सास फेर्न कठिनाइ भइरहेको छ भने, मुख-देखि-मुख कृत्रिम श्वासप्रश्वास (mouth to mouth resuscitation) दिनुहोस् । छालामा विषादीको सम्पर्क भएको अवस्थामा: प्रभावित शरीरको भाग, कपाल र नङमुनिसमेत साबुन र प्रशस्त पानीले राम्ररी धुनुहोस् । यदि दुखाइ, रातोपन वा जलन रहिरहेमा चिकित्सकसँग परामर्श गर्नुहोस् । दूषित सबै कपडाहरू अलग राखी प्रयोग गर्नुअघि साबुन र पानीले छुट्टै रूपमा राम्ररी धुनुहोस् । यदि आँखामा विषादी सम्पर्क भएमा आँखा खुला राख्नुहोस् र कम्तिमा १५ मिनेटसम्म सफा पानीले बिस्तारै छम्कनुहोस् र तुरुन्त डाक्टरको सल्लाह लिनुहोस् । कम्तीमा १५ मिनेटसम्म प्रशस्त पानीले बिस्तारै राम्ररी धुनुहोस् । यदि दुखाइ, जलन, रातोपन वा प्रकाशप्रति संवेदनशीलता (Photophobia) कायम रहेमा आँखा विशेषज्ञसँग परामर्श गर्नुहोस् ।

**एण्टिडट**

लक्षणको आधारमा उपचार गर्ने । चिकित्सकीय सल्लाह लिनुहोस् । सक्रिय चारकोल (activated charcoal) पनि दिन सकिन्छ, चारकोललाई स्लरीको रूपमा प्रयोग गर्नुहोस् (२४० एम.एल पानी/३० ग्राम चारकोल) । खुराक: वयस्कमा २५ देखि १०० ग्राम, बच्चाहरूमा २५ देखि ५० ग्राम (१ देखि १२ वर्ष) र १ वर्ष भन्दा कम उमेरका शिशुहरूमा १ ग्राम ।

**प्रयोग गरीएका भाँडाको विसर्जन**


वातावरण वा पानी प्रदूषण हुन नदिन प्याकेज, बाँकी रहेको पदार्थ र धुने क्रममा निस्किएको फोहोरलाई सुरक्षित तरिकाले व्यवस्थापन गर्नुहोस । विषादी राखिएको प्याकेट कहिल्यै पूनः प्रयोग (पानी, खाना, तेल जस्ता खानेकुरा राख्न) नगर्नुहोस् । खालि कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढा प्रयोग गर्न नमिल्ने गरि खाडलमा गाडेर सुरक्षित तरिकाले नष्ट गर्नुपर्नेछ ।

**भण्डारणको अवस्था**

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ । विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ । विषादीको प्याकेट र कन्टेनरहरू प्रत्यक्ष घामबाट टाढा राख्नुहोस् र सुख्खा ठाउँमा भण्डारण गर्नुहोस् । विषादीलाई खाना,पेय पदार्थ,पशु आहारा,औषधि वा मलखादबाट टाढा राख्नुहोस् ।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी** बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।



**सावधान, मध्यम घातक, नीलो (कृषि प्रयोजनका लागिमात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना:** शनमुखा एग्रीटेक लिमिटेड, हैदराबाद, तेलंगाना, भारत


**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.** यूनिक एग्रो सेन्टर एवम् रुपक वेट फार्मा, कपिलवस्तु, नेपाल ९८४०४९३७९५

**उत्पादित देशको पञ्जीकरण नं.**

CIR-254506/2023-CHLORANTRANILIPROLE + THIAMETHOXAM (SC) (443)-160

**नेपालमा पञ्जीकरण गरिएको नं.**

0069-INS-SC-2026




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन। अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस्।**

एजोक्सिस्ट्रोबिन १८.२% + डेफिनोकोनाजोल ११.४% एस.सी.

Azoxystrobin 18.2% + Difenoconazole 11.4% SC

# डायजोक्सी

सम्पर्क तथा दैहिक ढुसीनाशक विषादी

सिफारिस

| बाली | रोगको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा: यस विषादीको आवश्यक मात्रा मिलिलिटर) | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा: विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | विषादी छरे पछि फल टिप्न वा काट्न अघि पर्खनेअवधि | मिलिलिटर प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| खुर्सानी | कोत्रे रोग (Anthracnose), पाउडरी मिल्ड्यु (Powdery Mildew) | ५०० | ५०० | ५ दिन | १ |
| कपास | पातमा धब्बा रोग (Leaf Spot), ग्रे मिल्ड्यु (Grey Mildew) | ५०० | ५०० | १२ दिन | १ |
| मकै | डढुवा रोग (Blight), डाउनी मिल्ड्यु (Downy Mildew) | ५०० | ५०० | २६ दिन | १ |
| प्याज | खैरो दाग रोग(Blotch), स्टेम्फफाइलियम डढुवा रोग (Stemphylium blight), डाउनी मिल्ड्यु(Downy Mildew) | ५०० | ५०० | ७ दिन | १ |
| धान | ब्लास्ट(Blast), पातको फेद डढुवा रोग(Sheath Blight) | ५०० | ५०० | ३१ दिन | १ |
| उखु | रातो कुहिने रोग(Red rot), पोके रोग (Smut), सिन्दुरे रोग(Rust) | ४०० | ४०० | २६५ दिन | १ |
| गोलभेडा | अगौटे र पछौटे डढुवा (Early and Late Blight) | ५०० | ५०० | ५ दिन | १ |
| बेसार | पात थोप्रे रोग(Leaf Blotch), पातमा धब्बा रोग(Leaf Spot), गानो कुहिने रोग (Rhizome rot) | ५०० | ५०० | ६० दिन | १ |
| गहुँ | सिन्दुरे रोग(Rust),पाउडरी मिल्ड्यु(Powdery Mildew) | ५०० | ५०० | ३५ दिन | १ |

नोट: रोगहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुनसक्छ। त्यसैले विज्ञहरुसंग सम्पर्क गरी यकिन गर्नुहोला।

**प्रयोग गर्ने विधि**

हावाहुरी र वर्षात भएको समयमा विषादी प्रयोग नगर्नुहोस्। माटोमा पर्याप्त चिस्यान हुदामात्र विषादी छर्कनु पर्दछ। बालीको अवस्था, प्रयोग विधि तथा समय, उपकरण, नोजल प्रकार, मिश्रण गर्ने तरिका तथा छर्काइको संख्या बमोजिम आवश्यक मात्रामा विषादी नापी पहिले थोरै पानीमा राम्ररी घोल्नुहोस्, त्यसपछि बाँकी आवश्यक पानी थप्दै राम्रोसँग चलाएर (agitation) एकरूप बनाउनुहोस्, ताकि बालीमा पूर्ण रूपमा फैलियोस्। रोग देखिएको अवस्थामा नापसाक (Knapsack) वा अन्य उपयुक्त स्प्रेयर प्रयोग गरी hollow cone वा अन्य उपयुक्त नोजलबाट १-२ पटक (रोगको प्रकोप अनुसार आवश्यक परे पुनः छर्काइ गर्ने) छर्कनुहोस्।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ।**

विषादीको घोल तयार गर्न खाना पकाउने भाँडाहरू प्रयोग नगर्नुहोस्। विषादीको प्याकेट खोल्दा, घोल तयार गर्दा वा विषादी छर्कदा पञ्जा, रवर, बुट, चश्मा ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस्। विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुँदैन साथै मुख, आँखामा एवंम् छालामा विषादीको सिधा सम्पर्क हुन नदिनुहोस्। विषादी शरिरमा पर्न दिनुहुँदैन। विषादी छरी सके पछि सम्पर्कमा आएका कपडाहरु राम्रोसगँ धुनुहोस् र नुहाउनुहोस्। विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुँदैन। धान खेतीसँगै मत्स्यपालन/अन्तरबाली मत्स्यपालन गरिएको क्षेत्रमा यो विषादी प्रयोग गर्नु हुँदैन। चेतावनी: यो विषादी माछा र जलीय जीवहरूको लागि विषाक्त छ त्यसैले जलचर नजिक प्रयोग गर्नु हुँदैन। प्रतिरोध विकास हुनबाट जोगाउन अनुमोदित समूहहरूमा यो विषादी बारम्बार प्रयोग गर्नु हुँदैन। लेबल र पर्चामा उल्लेख गरिएका बाहेक बाली र रोगहरूमा प्रयोग गर्न मिल्दैन। कटाई पछिको लागि प्रयोग गर्न मिल्दैन। पोलिहाउस/सीमित क्षेत्रको लागि सान्दर्भिक छैन किनकी विषादी खुला मैदानमा प्रयोगको लागि हो।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

विषाक्तताले गतिविधिमा कमी हुने, आँखाको नानी सुन्निने, खुट्टाको गति कम हुने, श्वासप्रश्वासको गहिराइ बढ्ने र श्वासप्रश्वासको गति कम हुने आदि लक्षणहरू निम्त्याउन सक्छ।

**विष लाग्दा अपनाउनु पर्ने प्राथमिक उपचार**

प्रभावित व्यक्तिलाई खतरा क्षेत्रबाट राम्रोसँग हावा चल्ने कोठा वा ताजा हावामा लैजानुहोस्, चिसोबाट जोगाउनुहोस्। दूषित लुगा परिवर्तन गर्नुहोस् र शरीरको सर्म्पकमा आएका भागहरू साबुन र पानीले राम्ररी धुनुहोस्। आँखाको सम्पर्कमा आएमा तुरुन्तै सफा पानीले केही बेरसम्म आँखा बन्द नगरि निरन्तर धुनुहोस्। विषाक्तताको शंका लागेमा: तुरुन्तै चिकित्सा सल्लाह लिनुहोस्। यदि निलियो भने: प्रशस्त पानीमा मेडिकल कोइला(charcoal) मिसाएर बारम्बार खुवाउनुहोस्। यदि धेरै मात्रामा विषादी निलिएको छ भने चिकित्सकीय सल्लाह लिनुहोस्। नोट: बेहोस बिरामीलाई कहिल्यै पनि मुखबाट केही दिनु हुँदैन र बान्ता गराउनु हुँदैन।

**एण्टिडट**

विशेष किसिमको एण्टिडट छैन। लक्षणको आधारमा उपचार गर्ने।

**प्रयोग गरीएका भाँडाको विसर्जन**


कन्टेनर फिर्ताको लागि विषादी विक्रेतालाई सम्पर्क गर्नुहोस्। यदि कन्टेनर फिर्ता गरिएको छैन भने, तीन पटक पखाल्नुहोस् त्यसपछि वातावरण वा पानी प्रदूषण हुन नदिन प्याकेज, बाँकी रहेको पदार्थ र धुने क्रममा निस्किएको फोहोरलाई सुरक्षित तरिकाले व्यवस्थापन गर्नुहोस। विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल जस्ता खानेकुरा राख्न) नगर्नुहोस्। खालि कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढा प्रयोग गर्न नमिल्ने गरि खाडलमा गाडेर सुरक्षित तरिकाले नष्ट गर्नुपर्नेछ।

**भण्डारणको अवस्था**

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ। विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, प्रयाप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ। विषादीलाई खाना,पेय पदार्थ,पशु आहारा,औषधि वा मलखादबाट टाढा राख्नुहोस्।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस्।**

**सावधानी** बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।



**सावधान, मध्यम घातक, नीलो**

**(कृषि प्रयोजनका लागिमात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०११९ नं. मा फोन गर्नुहोस्। वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना:**

शनमुखा एग्रीटेक लिमिटेड, हैदराबाद, तेलंगाना, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.**

युनिक एग्रो सेन्टर एण्ड रुपक भेट फर्मा, कपिलवस्तु, नेपाल ९८४०४९३७९५

**उत्पादित देशको पञ्जीकरण नं.**

CIR-246873/2023-Azoxystrobin + Difenoconazole (SC) (443)-445

**नेपालमा पञ्जीकरण गरिएको नं.**

0070-FUN-SC-2026



**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस्।**

**जीवनाशक विषादी विष हो, औषधी होइन। अत: विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस्।**

एजोक्सिस्ट्रोबिन १८.२% + डेफिनोकोनाजोल ११.४% एस.सी.

Azoxystrobin 18.2% + Difenoconazole 11.4% SC

# डायजोक्सी

सम्पर्क तथा दैहिक ढुसीनाशक विषादी

| सिफारिस | | | | | |
|---|---|---|---|---|---|
| बाली | रोगको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरे पछि फल टिप्न् वा काट्न् अघि पर्खनेअवधि | मिलिलिटर प्रति लिटर पानीमा |
| | | यस विषादीको आवश्यक मात्रा मिलिलिटर) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| खुर्सानी | कोत्रे रोग (Anthracnose), पाउडरी मिल्ड्यु (Powdery Mildew) | ५०० | ५०० | ५ दिन | १ |
| कपास | पातमा धब्बा रोग (Leaf Spot), ग्रे मिल्ड्यु (Grey Mildew) | ५०० | ५०० | १२ दिन | १ |
| मकै | डढुवा रोग (Blight), डाउनी मिल्ड्यु (Downy Mildew) | ५०० | ५०० | २६ दिन | १ |
| प्याज | खैरो दाग रोग(Blotch), स्टेम्पफाङ्गलियम डढुवा रोग (Stemphylium blight), डाउनी मिल्ड्यु(Downy Mildew) | ५०० | ५०० | ७ दिन | १ |
| धान | ब्लास्ट(Blast), पातको फेद डढुवा रोग(Sheath Blight) | ५०० | ५०० | ३१ दिन | १ |
| उखु | रातो कुहिने रोग(Red rot), पोके रोग (Smut), सिन्दुरे रोग(Rust) | ४०० | ४०० | २६५ दिन | १ |
| गोलभेडा | अगौटे र पछौटे डढुवा (Early and Late Blight) | ५०० | ५०० | ५ दिन | १ |
| बेसार | पात थोप्रे रोग(Leaf Blotch), पातमा धब्बा रोग(Leaf Spot), गानो कुहिने रोग (Rhizome rot) | ५०० | ५०० | ६० दिन | १ |
| गहुँ | सिन्दुरे रोग(Rust),पाउडरी मिल्ड्यु(Powdery Mildew) | ५०० | ५०० | ३५ दिन | १ |

नोट: रोगहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुनसक्छ। त्यसैले विज्ञहरुसंग सम्पर्क गरी यकिन गर्नुहोला।

**प्रयोग गर्ने विधि**

हावाहुरी र वर्षात भएको समयमा विषादी प्रयोग नगर्नुहोस्। माटोमा पर्याप्त चिस्यान हुदामात्र विषादी छर्कनु पर्दछ। बालीको अवस्था, प्रयोग विधि तथा समय, उपकरण, नोजल प्रकार, मिश्रण गर्ने तरिका तथा छर्काइको संख्या बमोजिम आवश्यक मात्रामा विषादी नापी पहिले थोरै पानीमा राम्ररी घोल्नुहोस्, त्यसपछि बाँकी आवश्यक पानी थप्दै राम्रोसँग चलाएर (agitation) एकरूप बनाउनुहोस्, ताकि बालीमा पूर्ण रूपमा फैलियोस्। रोग देखिएको अवस्थामा नापसाक (Knapsack) वा अन्य उपयुक्त स्प्रेयर प्रयोग गरी hollow cone वा अन्य उपयुक्त नोजलबाट १-२ पटक (रोगको प्रकोप अनुसार आवश्यक परे पुनः छर्काइ गर्ने) छर्कनुहोस्।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ।**

विषादीको घोल तयार गर्न खाना पकाउने भाँडाहरू प्रयोग नगर्नुहोस्। विषादीको प्याकेट खोल्दा, घोल तयार गर्दा वा विषादी छर्कदा पञ्जा, रवर, बुट, चश्मा ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस्। विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुँदैन साथै मुख, आँखामा एवंम् छालामा विषादीको सिधा सम्पर्क हुन नदिनुहोस्। विषादी शरिरमा पर्न दिनुहुँदैन। विषादी छरी सके पछि सम्पर्कमा आएका कपडाहरु राम्रोसगँ धुनुहोस् र नुहाउनुहोस्। विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुँदैन। धान खेतीसँगै मत्स्यपालन/अन्तरबाली मत्स्यपालन गरिएको क्षेत्रमा यो विषादी प्रयोग गर्नु हुँदैन। चेतावनी: यो विषादी माछा र जलीय जीवहरूको लागि विषाक्त छ त्यसैले जलचर नजिक प्रयोग गर्नु हुँदैन। प्रतिरोध विकास हुनबाट जोगाउन अनुमोदित समूहहरूमा यो विषादी बारम्बार प्रयोग गर्नु हुँदैन। लेबल र पर्चामा उल्लेख गरिएका बाहेक बाली र रोगहरूमा प्रयोग गर्न मिल्दैन। कटाई पछिको लागि प्रयोग गर्न मिल्दैन। पोलिहाउस/सीमित क्षेत्रको लागि सान्दर्भिक छैन किनकी विषादी खुला मैदानमा प्रयोगको लागि हो।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

विषाक्तताले गतिविधिमा कमी हुने, आँखाको नानी सुन्निने, खुट्टाको गति कम हुने, श्वासप्रश्वासको गहिराइ बढ्ने र श्वासप्रश्वासको गति कम हुने आदि लक्षणहरू निम्त्याउन सक्छ।

**विष लाग्दा अपनाउनु पर्ने प्राथमिक उपचार**

प्रभावित व्यक्तिलाई खतरा क्षेत्रबाट राम्रोसँग हावा चल्ने कोठा वा ताजा हावामा लैजानुहोस्, चिसोबाट जोगाउनुहोस्। दूषित लुगा परिवर्तन गर्नुहोस् र शरीरको सर्म्पकमा आएका भागहरू साबुन र पानीले राम्ररी धुनुहोस्। आँखाको सम्पर्कमा आएमा तुरुन्तै सफा पानीले केही बेरसम्म आँखा बन्द नगरि निरन्तर धुनुहोस्। विषाक्तताको शंका लागेमा: तुरुन्तै चिकित्सा सल्लाह लिनुहोस्। यदि निलियो भने: प्रशस्त पानीमा मेडिकल कोइला(charcoal) मिसाएर बारम्बार खुवाउनुहोस्। यदि धेरै मात्रामा विषादी निलिएको छ भने चिकित्सकीय सल्लाह लिनुहोस्। नोट: बेहोस बिरामीलाई कहिल्यै पनि मुखबाट केही दिनु हुँदैन र बान्ता गराउनु हुँदैन।

**एण्टिडट**

विशेष किसिमको एण्टिडट छैन। लक्षणको आधारमा उपचार गर्ने।

**प्रयोग गरीएका भाँडाको बिसर्जन**


कन्टेनर फिर्ताको लागि विषादी विक्रेतालाई सम्पर्क गर्नुहोस्। यदि कन्टेनर फिर्ता गरिएको छैन भने, तीन पटक पखाल्नुहोस् त्यसपछि वातावरण वा पानी प्रदूषण हुन नदिन प्याकेज, बाँकी रहेको पदार्थ र धुने क्रममा निस्किएको फोहोरलाई सुरक्षित तरिकाले व्यवस्थापन गर्नुहोस। विषादी राखिएको प्याकेट कहिल्यै पून: प्रयोग (पानी, खाना, तेल जस्ता खानेकुरा राख्न) नगर्नुहोस्। खालि कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढा प्रयोग गर्न नमिल्ने गरि खाडलमा गाडेर सुरक्षित तरिकाले नष्ट गर्नुपर्नेछ।

**भण्डारणको अवस्था**

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ। विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, प्रयाप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ। विषादीलाई खाना,पेय पदार्थ,पशु आहारा,औषधि वा मलखादबाट टाढा राख्नुहोस्।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस्।**

**सावधानी** बच्चाको पहुँचबाट टाढा राख्नुहोस्।



**सावधान, मध्यम घातक, नीलो**

**(कृषि प्रयोजनका लागिमात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस्। वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना:**

शनमुखा एग्रीटेक लिमिटेड, हैदराबाद, तेलंगाना, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.**

युनिक एग्रो सेन्टर एण्ड रुपक भेट फर्मा, कपिलवस्तु, नेपाल ९८४०४९३७९५

**उत्पादित देशको पञ्जीकरण नं.**

CIR-246873/2023-Azoxystrobin + Difenoconazole (SC) (443)-445

**नेपालमा पञ्जीकरण गरिएको नं.**

0070-FUN-SC-2026




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस्।**

**जीवनाशक विषादी बिष हो, औषधी होइन । अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

एमामेक्टिन बेन्जोएट ५% एस जी

Emamectin Benzoate 5% S.G

## युनीस्टार

सम्पर्क, आन्तरीक विषादी

सिफारिस

| बाली | कीराहरुको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि-दिन | ग्राम प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा- ग्राम) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| अङ्गुर | थ्रिप्स(Thrips) | २२० | ५००-१००० | ५ | ०.४४ -०.२२ |
| रहर | कोसाको गवारो (Pod borer) | २२० | ५००-७५० | १४ | ०.४४ -०.२९ |
| कपास | कपासको फल छेड्ने कीरा (Bollworms) | १९०- २२० | ५०० | १० | ०.३८ - ०.४४ |
| चना | कोसाको गवारो (Pod borer) | २२० | ५०० | १४ | ०.४४ |
| चिया | चियाको झुसिल कीरा(Tea looper) | २०० | ५०० | १ | ०.४ |
| बन्दागोभी | इटबुट्टे पुतली (Diamond back moth) | १५०-२०० | ५०० | ३ | ०.३७-०.४ |
| भाण्टा | फल र डाँठको गवारो (Fruit & Shoot borer) | २०० | ५०० | ३ | ०.४ |
| भिण्डी | फल र डाँठको गवारो (Fruit & Shoot borer) | १३५-१७० | ५०० | ५ | ०.२७-०.४४ |
| खुर्सानी | फलको गवारो, थ्रिप्स, सुलसुले(Fruit borer,Thrips,mites) | २०० | ५०० | ३ | ०.४ |

नोट: कीराहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुनसक्छ । त्यसैले विज्ञहरुसंग सम्पर्क गरी यकिन गर्नुहोला ।

**प्रयोग गर्ने विधि**

यो पानीमा घुल्ने दानादार (ग्रानुलर) बनावट भएको औषधि हो जसमा ५% सक्रिय तत्व समावेश छ, र यो माथि उल्लेखित बालीमा लाग्ने किराहरूको नियन्त्रणका लागि सिफारिस गरिएको छ । यो कीटनाशकले पेटमार्फत (Stomach action) असर गर्छ, र यसको अधिकतम प्रभावका लागि लार्भाले यसलाई खानुपर्छ । प्रभावित लार्भाहरू सम्पर्कपछि चाँडै नै पक्षाघातग्रस्त (paralyzed) हुन्छन् र खान छोड्छन्, र त्यसपछि २-४ दिनभित्र मर्छन् । लार्भाको प्रकोप पहिलो पटक देखिँदा कीटनाशक प्रयोग गर्नुहोस् र आवश्यकता अनुसार पुनः प्रयोग गर्नुहोस् । पातहरूमा राम्रोसँग छर्किने गरी पर्याप्त मात्रामा पानी प्रयोग गरेर कीटनाशक छर्नुहोस् । यो विषादी जलचर (Aquaculture) र मौरीहरूका लागि विषाक्त हुन्छ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।**

विषादीको घोल तयार गर्न खाना पकाउने भाँडाहरू प्रयोग नगर्नुहोस् । स्प्रे घोल चलाउन (मिश्रण गर्न) काठको लठ्ठी प्रयोग गर्नुहोस् । कपडा, मुख, आँखा एवंम छालामा विषादीको सिधा सर्म्पक हुन नदिनुहोस् । विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुदैन साथै विषादीको प्याकेट खोल्दा, घोल तयार गर्दा वा विषादी छर्कदा पञ्जा, रवर बुट, चश्मा ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुदैन । विषादी शरिरमा पर्न दिनुहुदैन । काम सकिएपछि साबुन र प्रशस्त पानीले हात धुनुहोस् र लुगा फेर्नुहोस् । कीटनाशक प्रयोग गर्दा हावा र जलाशयहरू (पानीका स्रोतहरू) प्रदुषित हुन नदिनुहोस् । विषादी छरी सके पछि सर्म्पकमा आएका कपडाहरु राम्रोसगं धुनुहोस् र नुहाउनुहोस् । माछा र मौरीको लागि घातक हुने हुदाँ मौरी चरनको लागि फूल फुलेको समयमा र माछा पोखरीमा पर्ने वा बगेर जाने गरी यस विषादी प्रयोग गर्नुहुदैन ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

विषाक्तताको प्रारम्भिक लक्षणहरूमा आँखाको नानी फराकिलो हुनु (Dilation of Pupil), मांसपेशीको समन्वयमा कमी (muscular in coordination), एटाक्सिया (ataxia) र मांसपेशी कम्पन (muscle tremors) देखिन सक्छ ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचारविष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

प्रभावित व्यक्तिलाई राम्रोसँग हावा चल्ने ठाउँमा वा ताजा हावामा लैजानुहोस् र चिसो हुनबाट जोगाउनु होस् । विषादी परेको छ भने तुरुन्त कपडा फुकाल्नुहोस् र विषादी परेको ठाउँमा प्रशस्त साबुन पानीले धुनुहोस् । आँखामा विषादी परेको छ भने सफा र स्वच्छ पानीले निरन्तर धुनुहोस् । यदि विषादी निलेको छ भने, बिरामी सचेत भएको अवस्थामा १-२ ग्लास पानी दिनुहोस् । बिरामी बेहोस छ भने बान्ता नगराउनुहोस् र तुरुन्त चिकित्सककहाँ पुर्‍याउनुहोस् । नोटः अचेत व्यक्तिलाई बान्ता गराउनु हुँदैन वा मुखबाट कहिल्यै केही दिनुहुँदैन ।

**एण्टिडट**

कुनै विशेष औषधि छैन । लक्षणात्मक उपचार गर्नुहोस् ।


**प्रयोग गरीएका भाँडाको विसर्जन**

वातावरण वा पिउने पानीको स्रोत प्रदूषण नहुने गरी कन्टेनर वा कन्टेनर पखाल्न प्रयोग गरिएको पानी सुरक्षित रूपमा विसर्जन गर्नुहोस् । विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल राख्न) नगर्नुहोस । त्यसपछि पुनः प्रयोग गर्न नमिल्ने गरि प्याकेटलाई भाँचेर बस्तीबाट टाढा क्षेत्रमा गाड्नुहोस् ।

**भण्डारणको अवस्था**

विषादी भएका प्याकेजहरूलाई यसको मूल कन्टेनरहरूमै अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ । विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, वा मलखादबाट टाढा राख्नुहोस् ।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक बिषादी बारेमा सम्पूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस्। सावधानी** बच्चाको पहुँचबाट टाढा राख्नुहोस ।



**सावधान, ज्यादै घातक, पहेंलो (कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक बिषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा बिषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम**

**ठेगाना:** शनमुखा एग्रीटेक लिमिटेड, हैदराबाद, तेलंगाना, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.** युनिक एग्रो सेन्टर एण्ड रुपक भेट फर्मा, कपिलवस्तु, नेपाल ९८४०४९३७९५


**उत्पादित देशको पञ्जीकरण नं.**

CIR-175990/2021-Emamectin Benzoate (SG) (411)-1851

F.No.94428-F/9(4)/2019

**नेपालमा पञ्जीकरण गरिएको नं.**

0071-INS-SG-2026




## विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।

**जीवनाशक विषादी विष हो, औषधी होइन। अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस्।**

मालाथियन ५०% ईसी.

Malathion 50% EC

# मिलथिआँन

(सम्पर्क कीटनाशक विषादी)

सिफारिसः

| बाली | कीराको नाम | प्रति हेक्टर वा २० रोपनिका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि | एम.एल. प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (एम.एल.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| धान | काडाँदार खपटे कीरा (Rice Hispa) | ११५० | ५००-१००० | - | १.१५-२.३ |
| बन्दा | तोरीको लाही (Mustard aphid) | १००० | ५००-१००० | - | १-२ |

**प्रयोग गर्ने विधि :**

यो विषादी प्रयोग हुने उपकरणहरूमा न्यापस्याक स्प्रेयर, फुट स्प्रेयर, कम्प्रेसन न्यापस्याक ब्याट्री स्प्रेयर र ASPEE-HTP पावर स्प्रेयर आदि समावेश छन्। विषादीलाई सिफारिस मात्रामा पानीमा मिसाएर बालीमा भिज्ने गरी छर्कनुहोस्।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ।**

विषादी प्याकेट खोल्दा, घोल तयार गर्दा वा विषादी छर्कदा पञ्जा, रबर बूट, चश्मा ग्याँस मास्क, टोपी तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस्। विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुँदैन। साथै मुख, आँखामा एवम् छालामा विषादीको सिधा सर्म्पक हुन नदिनुहोस्। विषादी छरी सके पछि सम्पर्कमा आएका कपडाहरु राम्रोसँग धुनुहोस् र नुहाउनुहोस्। विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नुहुँदैन।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

टाउको दुखाइ, चक्कर लाग्ने, घुमेको जस्तो (वर्टिगो), वाकवाकी, बान्ता, धमिलो दृष्टि, झाडापखाला, झट्का (दौरा), पसिना आउने, अत्यधिक आँसु बग्ने तथा ऱ्याल बग्ने जस्ता लक्षणहरू देखा पर्न सक्छन्।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

प्रभावित व्यक्तिलाई तुरुन्तै ताजा हावा खेल्ने ठाँउमा लैजाने। छालामा परेको छ भने साबुन पानीले राम्ररी धोइदिने। आँखामा परेको छ भने पर्याप्त सफा पानीले राम्रोसँग धोइदिने। मुखबाट विषादी निलेमा वान्ता गराउन नहुने (फोक्सोमा पस्न सक्छ)। तुरुन्तै नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा लैजाने।

**एण्टिडट**

बिरामीलाई तुरुन्तै एट्रोपिनाइज गर्नुहोस् र ५ देखि १० मिनेटको अन्तरालमा बारम्बार २ देखि ४ मिलीग्राम एट्रोपिन सल्फेट नसामा दिएर पूर्ण एट्रोपिनाइजेशन कायम राख्नुहोस्। दैनिक २५ देखि ५० मिलीग्राम एट्रोपिन आवश्यक पर्न सक्छ। लक्षणहरूको निरन्तरताः अत्यधिक ऱ्याल वगेको खण्डमा एट्रोपिन नियमित दिइराख्नु एक महत्वपूर्ण मापदण्ड हो।

**प्रयोग गरीएका भाँडाको विसर्जन**


कन्टेनर फिर्ताको लागि विषादी विक्रेतालाई सम्पर्क गर्नुहोस्। यदि कन्टेनर फिर्ता गरिएको छैन भने, तीन पटक पखाल्नुहोस्। त्यसपछि प्रयोग गर्न नमिल्ने गरि नष्ट गर्नुहोस् वा गाडेर विसर्जन गर्नुहोस् । विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल राख्न) नगर्नुहोस।

**भण्डारणको अवस्था**

खाना, दाना, रित्ता भाँडा भन्दा यो विषादी पर राख्ने। विषादी सधैं ठण्डा, सुख्खा र हावा लाग्ने ठाउँमा राख्ने। लामो समयसम्म प्रत्यक्ष घाम पर्ने भण्डारण कक्षमा भण्डारण नगर्नुहोस्। विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, सौन्दर्य प्रशोाधन वा मलखादवाट टाढा राख्नुहोस्।

**प्रयोगको निर्देशनः कृपया प्रयोग गर्नु अघि संलग्न सूचक पर्चा पढ्नुहोस् र पालना गर्नुहोस्।**

**चेतावनीः** विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस्।




**सावधान, मध्यम घातक, नीलो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस्। वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।


**विषादीको उत्पादक र वितरकको नाम ठेगाना- इन्सेक्टिसाइड (भारत) लिमिटेड।**

४०१-४०२, लुसा टावर, कमर्सियल कम्प्लेक्स, आजादपुर, दिल्ली (भारत)।

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.:-**
**नेपाल एग्रो सेन्टर प्राइभेट लिमिटेड,**
धनुषा, जनकपुर, नेपाल
९८४४०२०६००

**उत्पादित देशको रजिष्टर नं.**
CIR-20,792/95/MALATHION (EC)-1588

**नेपालमा पञ्जीकरण गरिएको नं.:**
0072-INS-EC-2026




**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस्।**

**जीवनाशक विषादी विष हो, औषधी होइन। अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस्।**

# Bispyribac Sodium 10% SC

बिस्पायरिब्याक सोडियम १०% एससी .

## ग्रीन लेबल

उम्रेपछि छर्नुपर्ने (Post-emergence) बहुप्रकृतिको झार मार्ने दैहिक झारनाशक ।

सिफारिसः

| बाली | झारको सामान्य नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि | ग्राम वा एम.एल. /प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (ग्राम.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| धानको ब्याड (Nursery) | टुँडे सामा/सामा घाँस (*Echinochloa crusgalli*), सामा(*Echinochloa colonum)*, बन्सो/मल्लिडो (*Ischaemum rugosum*), झुसे मोथे/रगते मोथे (*Cyperus difformis*), मोथे(*Cyperus iria*), साना मोथे (*Fimbristylis miliacea*) भृंगराज/भंगेरी झार/ आली झार (*Eclipta alba*), सानो पानीझार *(Ludwigia parviflora)* कर्कले झार/निलो जलुके ( *Monochoria vaginalis*), पट्पटे झार (*Alternanthera philoxeroides*), भकारी झार (*Sphenoclea zeylanica*) | २०० | ३०० | ७८ दिन भन्दा बढी | ०.६६ |
| रोपेको धान (Transplanted) | | २००-२५० | ३०० | ७८ दिन भन्दा बढी | ०.६६-०.८३ |
| छरुवा धान (Direct seeded) | | २००-२५० | ३०० | ७८ दिन भन्दा बढी | ०.६६-०.८३ |

**नोटः** झारहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुन सक्छ। त्यसैले विज्ञहरुसँग सम्पर्क गरी यकिन गर्नुहोला ।

### प्रयोग गर्ने विधिः

प्रयोगको लागि निर्देशनः प्रयोग गर्नु अघि विषादीको बोतललाई हल्लाउनुहोस् । आवश्यक मात्रामा झारनाशक विषादी नाप्नुहोस् र थोरै मात्रामा पानीमा राम्रोसँग मिसाउनुहोस् । बाँकी रहेको पानी राम्ररी चलाएर थप्नुहोस् । प्रयोग विधिः झारनाशक विषादी प्रयोग गर्नु अघि खेतको पानी निकास गर्नुपर्छ । विषादी प्रयोग गरेको एक दिन भित्र खेतमा पानी भर्नुपर्छ र विषादी प्रयोग गरेपछि कम्तिमा १० दिनसम्म पानी कायम राख्नुपर्छ । छर्ने निर्देशनः हावाको दिशामा समान रूपमा स्प्रे गर्नुहोस् । विषादी पूर्ण रूपमा ढाकिएको सुनिश्चित गर्नुहोस्। नर्सरी/रोपाइँ गरिएको धानः नर्सरी धानको लागि बिउ छरेको १०-१२ दिनपछि तथा रोपाइँ गरिएको धानको लागि रोपाइँ गरेको १०-१४ दिनपछि, जब अधिकांश झारहरू उम्रिसकेका हुन्छन् र ३-४ पातको अवस्थामा हुन्छन् (माटो तथा मौसमीय अवस्था अनुसार), तब विषादी प्रयोग गर्ने उपयुक्त समय हो । बीउ छर्ने धानः प्रत्यक्ष रूपमा बीउ छरिएको धानमा बीउ छरेको १५-२५ दिनपछि विषादी प्रयोग गर्ने । यो उच्च मात्रामा छर्कने स्प्रेयर (High volume sprayer) जस्तै फ्ल्याट फ्यान फ्लड जेट नोजल जडान गरिएको न्यापसाक (Knapsack) स्प्रेयर प्रयोग गर्न सिफारिस गरिन्छ ।

### यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।

विषादी प्याकेट खोल्दा वा विषादी छर्किदा पञ्जा, रबर बूट, चश्मा ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । घोल तयार गर्दा सुरक्षात्मक पोशाक जस्तै मास्क, पञ्जा, चस्मा, टोपी, एप्रोन आदि लगाउनुहोस् र विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुँदैन साथै मुख, आँखामा एवम् छालामा विषादीको सिधा सम्पर्क हुन नदिनुहोस् । विषादी शरीरमा पर्न दिनुहुँदैन । विषादी छरी सकेपछि सम्पर्कमा आएका कपडाहरु राम्रोसँग धुनुहोस् र नुहाउनुहोस् । विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुँदैन ।

### मानिसलाई यो विषादीको विष लागेको अवस्थामा

कमजोरी, बान्ता, मुखबाट पानी आउनु र पखाला हुन सक्छ ।

### विष लाग्दा अपनाउनु पर्ने प्राथमिक उपचार

१. यदि निलिएको खण्डमा, घाँटीको पछाडिपट्टि काउकुती लगाएर बान्ता गराउनुहोस् । यदि बिरामी बेहोस छ भने बान्ता नगराउनुहोस् ।
२. यदि कपडा र छाला दूषित भएमा, कपडा फुकाल्नु होस् र दूषित छालालाई प्रशस्त मात्रामा साबुन र पानीले धुनुहोस् ।
३. यदि आँखा दूषित भएमा, लगभग १० देखि १५ मिनेटसम्म प्रशस्त पानीले धुनुहोस् ।
४. यदि श्वासप्रश्वासबाट भित्र गएको खण्डमा, बिरामीलाई ताजा हावामा सार्नुहोस्। यदि श्वास फेर्दै छैन भने, श्वासनली खाली गर्नुहोस् र कृत्रिम श्वासप्रश्वास दिनुहोस् र तुरुन्तै चिकित्सकलाई सम्पर्क गर्नुहोस् ।

### एण्टिडट

विशेष किसिमको एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्ने ।

### प्रयोग गरीएका भाँडाको विसर्जन


कन्टेनर फिर्ताको लागि विषादी बिक्रेतालाई सम्पर्क गर्नुहोस् । यदि कन्टेनर फिर्ता गरिएको छैन भने, तीन पटक पखाल्नुहोस् । त्यसपछि प्रयोग गर्न नमिल्ने गरि नष्ट गर्नुहोस् वा गाडेर विसर्जन गर्नुहोस्। विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल राख्न) नगर्नुहोस ।

### भण्डारणको अवस्था

खाना, दाना, रित्ता भाँडा भन्दा यो विषादी पर राख्ने । विषादी सधैं ठण्डा, सुख्खा र हावा लाग्ने ठाउँमा राख्ने । लामो समयसम्म प्रत्यक्ष घाम पर्ने भण्डारण कक्षमा भण्डारण नगर्नुहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, सौन्दर्य प्रशोाधन वा मलखादबाट टाढा राख्नुहोस् ।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा संपूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी** : विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, नीलो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं.मा फोन गर्नुहोस्। वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम**
**इन्सेक्टिसाइड (भारत) लिमिटेड,**
४०१-४०२, लुसा टावर, कमर्सियल कम्प्लेक्स, आजादपुर, दिल्ली- ११००३३ (भारत) ।

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पकः-**
**नेपाल एग्रो सेन्टर प्राइभेट लिमिटेड,**
धनुषा, जनकपुर, नेपाल
९८४४०२०६००

**उत्पादित देशको रजिष्टर नं.**
CIR-1895/2016 (365)-BISPYRIBAC SODIUM (SC)-05

**नेपालमा पंजीकरण गरिएको नं.:**
0073-HER-SC-2026




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

फिप्रोनिल ०.३% जी.आर.

FIPRONIL 0.3% G.R.

# ऐजेंट-जी (AGENT-G)

सम्पर्क तथा आन्तरिक कीटनाशक विषादी

## सिफारिस

| बाली | कीराको नाम | प्रति हेक्टर वा २० रोपनिका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि | ग्राम वा एम./एल. प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| धान | धानको गभारो (*Stem borer*), खैरो फड्के (*Brown Plant hopper*), हरियो फड्के (*Green leaf hopper*), पात बेरुवा (*Rice Leaf Folder*), ढुङ्ग्रे कीरा (*Rice Gall Midge*), सेतो पिठ्युँ भएको फड्के (*White backed Plant hopper*), धानमा लाग्ने भिंगाको लार्भा (*Whorl maggot*) | १६.६७-२५.०० | - | ३२ दिन | - |
| उखु | टुप्पाको अगौटे गभारो (*Early shoot borer*), फेदको गभारो (*Root borer*) | २५.०-३३.३ | - | ९ महिना | - |

नोटः कीराहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुनसक्छ । त्यसैले विज्ञहरुसँग सम्पर्क गर्नुहोस् ।

**प्रयोग गर्ने विधि**

माथि उल्लेखित सिफारिस गरिएको मात्रामा एजेन्ट-जी दानादार विषादीलाई कीराको प्रकोप देखिना साथ धानखेतमा सबैतिर समानरुपले छर्ने । विषादी छर्दा धान खेतमा २-३ से.मी. पानी जमेको हुनुपर्छ र प्रयोग गरेपछि २-३ दिनसम्म पानी जमाइराख्नुपर्छ । यो विषादीलाई दानादार विषादी छर्ने उपकरण (operated granule applicator) वा मेकानिकल डिस्पेन्सर (Mechanical Dispenser) प्रयोग गरी छर्नुपर्छ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।**

विषादीलाई खाद्य पदार्थ, खाली खानेकुरा राख्ने भाँडा र जनावरको आहारबाट टाढा राख्नुहोस् । मुख, आँखा र छालासँग सम्पर्क नगर्नुहोस् । प्रयोग गर्दा श्वासमार्फत भित्र नजाने गरी सावधानी अपनाउनुहोस् । छरेपछि दूषित लुगाहरु र शरीरका अंगहरु राम्ररी धुनुहोस् । छर्ने कममा धुम्रपान, खाना खाने पिउने वा केही चपाउने काम नगर्नुहोस् । छर्ने बेला पूर्ण सुरक्षात्मक पोशाक लगाउनुहोस् ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

छटपटी हुनु, थकान, मांसपेशी काम्ने र बाउँडिने हुन सक्छ ।

**प्राथमिक उपचार**

यदि निलिएमा, घाँटीको पछाडिको भागमा काउकुती लगाएर वान्ता गराउनुहोस् । वान्ता सफा नभएसम्म दोहोऱ्याउनुहोस् । यदि बिरामी बेहोस छ भने वान्ता नगराउनुहोस् । यदि लुगा र छाला दूषित भएमा, लुगा हटाउनुहोस् र दूषित छालालाई प्रशस्त साबुन र पानीले धुनुहोस् । यदि आँखा दूषित भएमा, करिब १० देखी १५ मिनेटसम्म प्रशस्त मात्रामा नुनिलो/सफा पानीले पखाल्नुहोस् । यदि श्वास बाट भित्र गएमा, बिरामीलाई ताजा हावामा लैजानुहोस् ।

**एण्टिडट**

कुनै विशेष एण्टिडट छैन, लक्षण अनुसार उपचार गर्नुहोस् ।

**प्रयोग गरिएका भाँडाको बिसर्जन**


प्याकेज वा बाँकी रहेका सामाग्रीहरु र मेसिन तथा कन्टेरबाट निस्केको फोहोर पानी वातावरणीय र पानीको प्रदूषण रोक्न सुरक्षित तरिकाले विसर्जन गर्ने जिम्मेवारी उत्पादक, फर्मुलेटर र प्रयोगकर्ताको हुनेछ । प्रयोग गरिएका प्याकेजहरु पुनः प्रयोग हुन नदिन बाहिर छोड्नु हुँदैन । प्याकेजहरु बिगारेर बस्तीबाट टाढा गाड्नुपर्छ ।

**भण्डारण अवस्था**

मिसाइएको कीटनाशक भएको प्याकेजलाई मुल कन्टेरमै राखेर बालबालिकाको पहुँचबाट टाढा, सामानहरु, पशुको दाना र अन्यवस्तुहरुबाट अलग कोठा वा दराजमा ताल्चा-चाबी लगाएर राख्नुपर्छ । विषादी भएको प्याकेटलाई खाद्य सामग्री वा अन्य वस्तुहरु राखिने स्थानबाट टाढा छुट्टै कोठा वा स्थानमा राख्नुहोस् । यसलाई ताला लगाई सुरक्षित राख्नुपर्छ । भण्डारण गर्ने कोठा सुक्खा, पर्याप्त उज्यालो भएको र राम्रो हावा ओहोरदोहोर हुने खालको हुनुपर्छ, ताकि वाष्पबाट दूषित नहोस् ।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

सावधानीः बच्चाको पहुँच बाट टाढा राख्नुहोस् ।




**(सावधान, ज्यादै घातक, पहेँलो)**

**(कृषि प्रयोजनको लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई यो नं मा फोन गर्नुहोस - ०१-५०१०११ वा यो ठेगानामा इमेल गर्नुहोस

info@npponepal.gov.np

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना**

SHIVALIK CROP SCIENCES (P) LTD.
H.O. NEELAM CINEMA COMPLEX
SECTOR - 17E, CHANDIGARH-160017
(INDIA)

**पञ्जीकरणकर्ता तथा बजारिकरण को नाम ठेगाना र सम्पर्क नं.**

अरबिन्द एग्रो सेन्टर
अदालत रोड, कलैया-५
Email:
arbindagrocentre006@gmail.com

**उत्पादित देशको रजिष्टर नं.** CIR-58,030/2007-FIPRONIL (GR) (279)-158

**नेपालमा पञ्जीकरण गरिएको नं.**

0074-INS-GR-2026




विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् । विषादी प्रयोग गर्दा सिफारिस गरेको बालीमा मात्र प्रयोग गर्नुहोस् ।

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नु पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

प्रेटिलाक्लोर ५०% ई.सी

Pretilachlor 50% EC

# सेकफिट (Sacfit)

चयनात्मक तथा झारपात अंकुरणपूर्व प्रयोग गर्ने बहुप्रकृतिको झारनाशक (Selective, pre-emergence and broad-spectrum herbicide)

**सिफारिस**

| बाली | झारहरुको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि | एम.एल/लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा - एम.एल.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| रोपाइँ गरिएको धान | सामा घाँस *(Echinochloa crusgalli)*, सामा घाँस *(Echinochloa colonum)*, एक वर्षिय जौंनार *(Cyperus difformis)*, छाता मोथे *(Cyperus iria)*, ज्वाने झार *(Fimbristylis miliacea)*, महाभृङ्गराज *(Eclipta alba)*, पानी झार *(Ludwigia pulviflora)*, लेप्टोक्लोआ घाँस *(Leptochloa chinensis)*, नीलो जलकुम्भी *(Monochorea vaginalis)*, भुइँ घाँस *(Panicum repens)* | १०००-१५०० | ५००-७५० | ७५-९० दिन | २-३ |

नोटः झारहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुनसक्छ । त्यसैले विज्ञहरुसंग सम्पर्क गनुहोस् ।

**प्रयोग गर्ने विधि**

यो विषादीलाई धान रोपाई गरेको ५ दिन भित्रमा प्रयोग गरि सक्नु पर्दछ । यो विषादी विभिन्न प्रकारका विषादी छर्कने उपकरणवाट धान रोपेको क्षेत्रमा छर्न सकिन्छ । विषादीको घोल बनाउँदा छर्कने ट्यांकीको आधा मात्रासम्म पानी राखेर विषादीको मात्रा हाल्नुहोस् र राम्रोसँग घोल्नुहोस् । यसपछि पानी थपेर फेरि चलाउनुहोस् । तयार भएको विषादीको घोल तुरुन्त छर्कनुहोस् ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्दछ ।**

विषादीको प्याकेट खोल्दा वा विषादी छर्कदा पञ्जा, रबर बुट, चश्मा ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । घोल तयार गर्दा सुरक्षात्मक पोषाक जस्तै मास्क, पञ्जा, चस्मा, टोपी, एप्रोन आदी लगाउनुहोस् र विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुँदैन साथै मुख, आँखामा एवं छालामा विषादीको सिधा सम्पर्क हुन नदिनुहोस् । विषादी शरिरमा पर्न दिनुहुँदैन । विषादी छरी सके पछि सम्पर्कमा आएका कपडाहरु राम्रोसँग धुनुहोस् र नुहाउनुहोस् । विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुँदैन ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

प्रारम्भिक लक्षणहरूमा टाउको दुखाइ, थकान महसुस हुनु, चक्कर लाग्नु, घबराहट हुनु, वाकवाकी लाग्नु, बान्ता हुने, जस्ता लक्षणहरु देखिन सक्छन् ।

**प्राथमिक उपचार**

यदि निलिएको छ भने, घाँटीको पछाडीको भागमा काउकुती लगाएर वान्ता पूर्ण रुपमा सफा नभएसम्म दोहोऱ्याउनुहोस् । यदी बिरामी बेहोस छ भने वान्ता गराउनुहुँदैन । छालामा विषादीको सम्पर्क भएको अवस्थामाः विषादी सम्पर्क भएको भाग पर्याप्त मात्रामा सफा पानी र साबुनले राम्ररी धुनुहोस् । यदि रुखोपन रह्यो भने चिकित्सकलाई देखाउनुहोस् । आँखामा विषादीको सम्पर्क भएको अवस्थामाः कम्तीमा १५-२० मिनेटसम्म सफा पानीले आँखालाई धुनुहोस् । श्वास प्रश्वास मार्फत विषाक्तता भएमा पर्याप्त हावा खेल्ने ठाउँमा विरामीलाई राख्नुहोस् । लक्षण गम्भीर भए चिकित्सकलाई तुरुन्त देखाउनुहोस् ।

**एण्टिडट**

यी विषादीको विशेष एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्नुहोस् ।

**प्रयोग गरिएको भाँडोको विसर्जन**


प्याकेटलाई तोडेर बस्तीबाट टाढा लगेर गाड्नुहोस् । प्रयोग भइसकेका प्याकेटहरु पूनः प्रयोग हुन नदिन सुरक्षित रुपमा नष्ट गर्नुहोस् । प्याकेज वा बाँकी पदार्थ तथा मेशीनरी पखालेको दूषित पानीलाई वातावरण वा पानी प्रदुषण नहोस् भन्ने गरी सुरक्षित रुपमा व्यवस्थापन गर्नुहोस् ।

**भण्डारणको अवस्था**

विषादी भएको प्याकेटलाई खाद्य सामग्री वा अन्य वस्तुहरु राखिने स्थानबाट टाढा छुट्टै कोठा वा स्थानमा राख्नुहोस् । यसलाई ताला लगाई सुरक्षित राख्नुपर्छ । भण्डारण गर्ने कोठा सुक्खा, पर्याप्त उज्यालो भएको र राम्रो हावा ओहोरदोहोर हुने खालको हुनुपर्छ, ताकि वाष्पबाट दूषित नहोस् ।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

सावधानी बच्चाको पहुँचबाट टाढा राख्नुहोस ।




**सावधान, सामान्य घातक, हरियो (कृषि प्रयोजनका लागि मात्र)**

यो झारनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादक र वितरकको नाम ठेगानाः** SHIVALIK CROP SCIENCES (P) LTD. H.O. NEELAM CINEMA COMPLEX SECTOR - 17E, CHANDIGARH-160017 (INDIA)

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.**

अरबिन्द एग्रो सेन्टर

अदालत रोड, कलैया-५

Email: arbindagrocentre006@gmail.com

**उत्पादित देशको रजिष्टर नं.** CIR-47,092/2003-PRETILACHLOR (EC) (241)-118

**नेपालमा पञ्जीकरण गरिएको नं.**




0075-HER-EC-2026

विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् । विषादी प्रयोग गर्दा सिफारिस गरेको बालीमा मात्र प्रयोग गर्नुहोस् ।

**जीवनाशक विषादी विष हो, औषधी होइन। अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस्।**

थायामेथोक्साम १.०% + क्लोरान्ट्रानिलिप्रोल ०.५% जी आर

Thiamethoxam 1.0% + Chlorantraniliprole 0.5% GR

# वर्टाको


(सम्पर्क तथा दैहिक कीटनाशक)

**सिफारिसः**

| बाली | कीराको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा के.जी. | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि |
|---|---|---|---|
| धान | डाँठको गभारो, (stem borer) पात बेरुवा (Leaf folder), खैरो फड्के (Brown plant hopper), हरियो फड्के (Green leaf hopper) | ६ | ६० दिन |
| मकै | लाही (Aphids), डाँठको गभारो (stem borer) | ६ | ९५ दिन |
| उखु | फेदको अगौटे गभारो (Early shoot borer) | १० | .२७० दिन |

**प्रयोगको निर्देशनः कृपया प्रयोग गर्नु अघि संलग्न सूचक पर्चा पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**चेतावनीः** विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, मध्यम घातक, नीलो**
**(कृषि प्रयोजनका लागि मात्र)**

## प्रयोग गर्ने विधि

यस विषादीलाई सिफासिस मात्रामा धान रोपेको २० दिन पछि, हातले (एक पटक) छर्नुहोस्। मकै : रोपेको २० दिन पछि, हातले मकैको बोटको जरा नजिक दानादार रूपमा (एक पटक) लगाउनुहोस्। उखु : रोप्ने समयमा उखुको डाँठलाई माटोले छोप्दा खेतमा खनेका गहिरो नालीमा (furrow) दानादाररूपमा (एक पटक) छर्नुहोस्। कीराको संक्रमणको सुरुमा, दानाहरू सकेसम्म समान रूपमा छर्नुहोस् ।

## यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्दछ ।

यो मौरी र अन्य परागसेचन गर्ने कीराहरुको लागि अत्यधिक विषाक्त छ; त्यसैले सक्रिय चरन अवधिमा यो विषादीलाई प्रयोग गर्नुहुँदैन। फूल फुल्नुभन्दा ५ दिन अघि र फूल फुल्ने अन्त्यको बीचमा फूल फुल्ने बालीहरूमा प्रयोग नगर्नुहोस् । यो जलचर मेरुदण्ड नभएका जीवहरूका लागि विषाक्त छ; त्यसैले, यसलाई माछा, झिंगे माछा र धान खेतमा हुर्काइएका अन्य क्रस्टेसियन (Crustacea) नजिक प्रयोग गर्नु हुँदैन। यो कीटनाशक प्रयोग गरिएको खेतमा २४ घन्टासम्म सुरक्षात्मक कपडा (पूर्ण छाला छोप्ने गरि र जुत्ता) नलगाई प्रवेश नगर्नुहोस् । विषादी प्याकेट खोल्दा वा विषादी छर्कदा पञ्जा, रबर बूट, चश्मा ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस्। मुख, आँखामा एवम् छालामा विषादीको सिधा सर्म्पक हुन नदिनुहोस्। विषादी शरिरमा पर्न दिनुहुँदैन। विषादी छरी सके पछि सर्म्पकमा आएका कपडाहरु राम्रोसगं धुनुहोस् र नुहाउनुहोस्। विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुँदैन।

## मानिसलाई यो विषादीको विष लागेको अवस्थामा

यस विषादीको कारणले मांसपेशीमा समन्वयको अभाव, कम्पन (कम्पन हुनु) र आँखाको नानी (पुतली) फैलिनु जस्ता लक्षणहरु देखिन्छ ।

## विष लाग्दा अपनाउनु पर्ने प्राथमिक उपचार

यदि कुनै असहजता वा बिरामीपन देखा परेमा तुरुन्त काम बन्द गरी चिकित्सकलाई बोलाउनुहोस्। प्रभावित व्यक्तिलाई राम्रोसँग हावा चल्ने स्थान वा ताजा हावामा लैजानुहोस्। छालासँग सम्पर्क भएमा दूषित लुगा हटाई विषादी परेको अंगहरूलाई साबुन र पानीले राम्ररी धुनुहोस्। आँखामा परेमाः आँखालाई सफा पानीले बिस्तारै केही मिनेटसम्म पखाल्नुहोस्। निलेमा तुरुन्तै चिकित्सक कहाँ लैजानुहोस् । नोटःबान्ता गराउन प्रयास नगर्नुहोस् र बेहोस व्यक्तिलाई मुखबाट कुनै पनि कुरा नदिनुहोस् ।

## एण्टिडट

यी विषादीको विशेष एण्टिडट छैन। लक्षणको आधारमा उपचार गर्नुहोस् ।

## प्रयोग गरिएको भाँडोको विसर्जन

प्याकेट वा विषादीको सम्पर्कमा आएका सामग्री र विषादी छर्कने उपकरण वा अन्य भाँडाहरूबाट निस्केको विषाक्त पानी वा विषादीयुक्त वस्तुलाई सुरक्षित तरिकाले वातावरण वा पानी प्रदुषण हुनबाट बच्ने गरि विसर्जन गर्नुपर्छ .। प्रयोग गरिएका विषादीका प्याकेटहरूलाई पुनः प्रयोग रोक्नको लागि बाहिर छोड्नुहुँदैन। प्याकेटहरू प्रयोग गर्न नमिल्ने गरि बस्तीबाट टाढा पानीको मुहान नभएको स्थानमा गहिरो खाडलमा गाड्नु पर्छ ।

## भण्डारणको अवस्था

विषादी रहेका प्याकेटहरूलाई खाद्यपदार्थ लगायत अन्य सामानहरू भण्डारण गर्ने कोठाहरू वा परिसरहरूबाट अलग कोठाहरू वा परिसरहरूमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृतिका आधारमा छुट्टै अलमारीहरूमा ताला र चाबी लगाएर राख्नुपर्छ। विषादी भण्डारणका लागि तोकिएका कोठाहरू वा परिसरहरू राम्ररी निर्मित, सुख्खा, चिसो, प्रयाप्त उज्यालो र हावादार हुनुपर्छ ।

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम**
**सिन्जेन्टा इन्डिया प्राइभेट लिमिटेड,**
अमर प्याराडाइम, सर्वे नं.११०/११/३, बानेर रोड, पुणे ४११ ०४५, भारत ।

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क :-**
**नेपाल एग्रो सेन्टर प्राइभेट लिमिटेड,**
धनुषा, जनकपुर, नेपाल
९८४४०२०६००

**उत्पादित देशको रजिष्टर नं.**
CIR1851/2016(362),THIAMETHOXAM+ CHLORANTRANILIPROLE (GR)-02

**नेपालमा पञ्जीकरण गरिएको नं.:**

0077-INS-GR-2026




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन। अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

मेट्रिब्युजिन ७०% डब्लुपी

Metribuzin 70% WP

# एंकर

चयनात्मक, अंकुरण पूर्व र अंकुरण पश्चात प्रयोग गरिने, सम्पर्क एवं दैहिक कार्य प्रकृतिको झारनाशक

(Selective, pre- and post-emergence, contact systemic herbicide)

**सिफारिसः**

| बाली | झारको नाम | प्रति हेक्टर वा २० रोपनिका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि | यस विषादीको आवश्यक मात्रा-ग्राम प्रति लि.) |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (के. जी.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| उखु | मोथे *(Cyperus rotundus)*, दुबो*(Cynodon dactylon)*, प्याजी *(Asphodelus tenuifolius )*, बेथे *(Chenopodium album)*, हलिनखुर *(Convolvulus arvensis)*, नुनिया साग *(Portulaca oleracea)*, कृष्णनील *(Anagallis arvensis)*, कासनी *(Cichorium intybus)*, सामा *(Echinochloa colonum)*, माकुरे घाँस *(Dactyloctenium aegypticum)*, पाती झार *(Parthenium hysterophorus)*, काने झार *(Commelina species)* | १.५०-३.० (अंकुरण पश्चात)<br><br>१.५-२.० (अंकुरण पूर्व) | ७००-१०००<br><br>७००-१००० | ६० दिन<br><br>६० दिन | ०.५-४.२९<br><br>०.५-२.८६ |
| आलु | बेथे *(Chenopodium album)*, सेतो पुनर्नवा (*Trianthema monogyna)*, पाती झार *(Parthenium hysterophorus)*, फुमारिआ झार *(Fumaria parviflora)*, मेथी झार (*Melilotus spp.)*, रगते झार *(Phalaris minor)* | ०.७५० | ७५०-१००० | ३० दिन | ०.७५-१ |
| टमाटर | भुइँ झार *(Trianthema portulacastrum)*, लट्टे झार *(Digera arvensis)*, माकुरे घाँस *(Dactyloctenium aegyptium)*, कोदो घाँस *(Eleusine indica)*, जुँगे फूल *(Gynadropsis pantaphylla)*, लुँडे साग *(Amaranthus viridis)*, नुनियाँ साग *(Portulaca oleracea)*, सिउडी *(Euphorbia frustula)*, सामा घाँस *(Echinochloa colonum)*, गन्धे झार *(Ageratum conyzoides)*, कागुने झार *(Setaria glauca)*, काने झार *(Commelina benghalensis)* | ०.७५० | ७५०-१००० | ३० दिन | ०.७५-१ |
| भटमास | घोडे झार *(Digitaria species)*, मोथे *(Cyperus esculentus)*, ठुलो मोथे *(Cyperus campestris)*, गहते झार *(Borreria* species*)* | ०.५०० - ०.७५० | ७५०-१००० | ३० दिन | ०.५-१ |
| गहुँ | रगते झार *(Phalaris minor)*, बेथे *(Chenopodium album)*, मेथी झार *(Melilotus species)* | ०.२५० (दोमट माटो), ०.३०० (चिम्टाइलो माटोमा) | ५००-७५०<br><br>५००-७५० | १२० दिन | ०.५(दोमट माटोमा), ०.६ चिम्टाइलो माटोमा) |

नोट: झारहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुन सक्छ। त्यसैले विज्ञहरुसँग सम्पर्क गरी यकिन गर्नुहोला ।

**प्रयोग गर्ने विधिः**


पहिले एंकर धूलोलाई थोरै पानीमा मिसाई पातलो लेदो (paste) तयार गर्नुहोस्। त्यसपछि यो लेदो (paste) आवश्यक मात्राको पानीमा बिस्तारै थप्दै राम्ररी चलाउनुहोस्। बीचमा काम रोकेर पुनः स्प्रे सुरु गर्दा घोललाई राम्रोसँग चलाउनुपर्छ। यो विषादीलाई न्यापस्याक (Knapsack) वा खुट्टाले चलाइने ( foot operated) स्प्रेयर, जसमा फ्ल्याट फ्यान वा फ्लड जेट प्रकारको नोजल जडान गरिएको हो, प्रयोग गर्नुहोस्। राम्रो प्रभावकारिताका लागि तलका निर्देशनहरू पालना गर्नुहोस् । (१) उम्रनु पूर्व प्रयोगका लागिः (क) खेतमा डल्ला (clods) र ठुटा/ठुटी (stubbles) नरहेको सुनिश्चित गर्नुहोस्। (ख) यो विषादी छर्किसकेपछि माटोलाई नचलाउनुहोस्/नखोतल्नुहोस्। (२) उम्रनुपूर्व तथा उम्रेपछिको प्रयोगका लागिः (क) छेउछाउका बालीमा स्प्रे बगेर नजाओस् (drift) भन्ने सुनिश्चित गर्नुहोस्। (ख) सिफारिस गरिएको समय र मात्रा (dose) कडाइका साथ पालना गर्नुहोस्। (ग) यस विषादीको तयारी घोललाई फ्लड जेट वा फ्ल्याट फ्यान नोजलबाट, नदोहोर्याईकन छर्कनुहोस्। (घ) समान चौडाइ कायम राख्न नोजलको उचाइ जमिनबाट करिब ४८-५० से.मी. स्थिर राख्न सल्लाह दिइन्छ। प्रयोग गर्ने समय : उखु उम्रनु अघि वा रोपेको ३-५ दिन पछि वा रोपेको २५-३० दिन पछि । आलु रोपेको ३-४ दिन पछि र आलु उम्रेदेखी बिरुवा ५ सेन्टिमिटरको उचाइमा पुग्ने बीचको समय। टमाटर रोपाइँको एक हप्ता अघि वा रोपाइँ गरेको १५ दिन पछि। भटमास रोपाइँ गरेको १-२ दिन पछि। गहुँ बाली रोपेको ३५ दिन पछि। गहुँमा प्रयोगको लागि सावधानीः बलौटे माटोमा प्रयोग नगर्नुहोस्। बादल नलागेको दिनमा स्प्रे गर्नुहोस्। दोस्रो सिँचाइ हल्का हुनुपर्छ र पानी स्थिर हुनबाट जोगिनुपर्छ। बाली रोपेको ३५ दिनमा बाली ३-५ पात भएको र झारपात २-३ पात भएको अवस्थामा स्प्रे गर्नुहोस्। अन्य झारनाशकहरूसँग यो विषादी मिश्रण गरी प्रयोग नगर्नुहोस्।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ।**

विषादी प्याकेट खोल्दा वा विषादी छर्किदा पञ्जा, रबर बूट, चश्मा ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस्। घोल तयार गर्दा सुरक्षात्मक पोशाक जस्तै मास्क, पञ्जा, चस्मा, टोपी, एप्रोन आदि लगाउनुहोस् र विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुँदैन साथै मुख, आँखामा एवम् छालामा विषादीको सिधा सम्पर्क हुन नदिनुहोस्। विषादी शरीरमा पर्न दिनुहुँदैन। विषादी छरी सकेपछि सम्पर्कमा आएका कपडाहरु राम्रोसँग धुनुहोस् र नुहाउनुहोस्। विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुँदैन।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा संपूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस्।**

**सावधानीः** विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, मध्यम घातक, नीलो (कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं.मा फोन गर्नुहोस्। वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादक र वितरकको नाम**

इन्सेक्टिसाइड इंडिया लिमिटेड
४०१-४०२, लुसा टावर,
कमर्सियल कम्प्लेक्स, आजादपुर,
दिल्ली, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्कः-**

नेपाल एग्रो सेन्टर प्राइभेट लिमिटेड
धनुषा, जनकपुर, नेपाल
९८४४०२०६००

**उत्पादित देशको रजिष्टर नं.** CIR-40325/2002-METRIBUZIN (WP) (223)-118

नेपालमा पञ्जीकरण गरिएको नं.:

**0078-HER-WP-2026**




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस्।**

| | |
|---|---|
| **मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**<br>टाउको दुख्ने, वाकवाकी लाग्ने, एलर्जीसम्बन्धी लक्षणहरू देखा पर्नु, घबराहट, चिन्ता तथा कम्पन (काँप्ने) मांसपेशीहरूमा ऐंठन (स्पास्टिसिटी) हुन सक्छ।<br>**प्राथमिक उपचारः**<br>यदि निलिएको छ भने, घाँटीको पछाडि भागमा काउकुती लगाएर वान्ता गराउनुहोस्। वान्ता सफा नभएसम्म यो प्रकृया दोहोर्याउने। यदि बिरामी बेहोस छ भने वान्ता नगराउने। छालामा विषादीको सम्पर्क भएको अवस्थामा विषादी सम्पर्क भएको भाग पर्याप्त सफा पानी र साबुनले राम्ररी धुनुहोस्। यदि रुखोपन रह्यो भने चिकित्सकलाई देखाउनुहोस्। आँखामा विषादीको सम्पर्क भएको अवस्थामा कम्तीमा १५-२० मिनेटसम्म सफा पानीले आँखालाई धुनुहोस्। श्वासप्रश्वासमार्फत विषाक्तता भएमा पर्याप्त हावा खेल्ने ठाउँमा बिरामीलाई राख्नुहोस्। लक्षण गम्भीर भए चिकित्सकलाई तुरुन्त देखाउनुहोस्।<br>**एण्टिडटः**<br>यी विषादीको विशेष एण्टिडट छैन। लक्षणको आधारमा उपचार गर्नुहोस्।<br>**प्रयोग गरिएको भाँडोको विसर्जनः**<br>प्याकेट वा विषादीको सम्पर्कमा आएका सामग्री र विषादी छर्कने उपकरण वा अन्य भाँडाहरूबाट निस्केको विषाक्त पानी वा विषादीयुक्त वस्तुलाई सुरक्षित तरिकाले वातावरण वा पानी प्रदूषण हुनबाट बच्ने गरि विसर्जन गर्नुपर्छ। प्रयोग गरिएका विषादीका प्याकेटहरूलाई पूनः प्रयोग रोक्नको लागि बाहिर छोड्नुहुँदैन। प्याकेटहरू प्रयोग गर्न नमिल्ने गरि बस्तीबाट टाढा पानीको मुहान नभएको स्थानमा गहिरो खाडलमा गाड्नुपर्छ।<br>**भण्डारणको अवस्थाः**<br>विषादी रहेका प्याकेटहरूलाई खाद्यपदार्थ लगायत अन्य सामानहरू भण्डारण गर्ने कोठा वा परिसरबाट अलग कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृतिका आधारमा छुट्टै अलमारीमा ताला र चाबी लगाएर राख्नुपर्छ। विषादी भण्डारणका लागि तोकिएका कोठा वा परिसर राम्ररी निर्मित, सुख्खा, चिसो, पर्याप्त उज्यालो र हावादार हुनुपर्छ। | |

**जीवनाशक विषादी विष हो, औषधी होइन। अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस्।**

क्लारेन्ट्रानिलिप्रोल ०.४% जी. आर.

Chlorantraniliprole 0.4% GR

# मिशन (MISSION)

दैहिक कीटनाशक विषादी

**सिफारिसः**

| बाली | कीराका नाम | प्रति हेक्टर वा २० रोपनिका लागि सिफारिस मात्रा (के.जी.) | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि |
|---|---|---|---|
| धान | डाँठको पहेंलो गभारो (Yellow stem borer) पात बेरुवा (Leaf folder) | १० | ५३ दिन |
| ऊखु | गभारो (Early shoot borer), टुप्पाको गभारो (Top borer) | १८.७५ | १४७ दिन |

**प्रयोग गर्ने विधिः**

धानमा प्रति हेक्टर १० केजी र उखुमा प्रति हेक्टर १८.७५ केजीका दरले क्लारेन्ट्रानिलिप्रोल ०.४% जी. आर. समान रूपमा छर्नुहोस्। उखुमा प्रयोग गर्दा रोपाइँको समयमा बनाइएको लाइन (furrow) मा वा उम्रँदै गरेका साना बोटको फेदतिर लाइनसँगै राखेर त्यसपछि सिंचाइ गर्नुहोस्। प्रयोग गर्ने समयः धान बालीमा रोपाइँ गरेको १५-३५ दिनमा प्रयोग गर्नुहोस्। उखु बालीमा अगौटे गभारो (Early Shoot Borer) नियन्त्रणका लागि रोपाइँदेखि पहिलो सिंचाइसम्म प्रयोग गर्नुहोस्। टुप्पाको गभारोको (Top Borer) नियन्त्रणका लागि भने गभारोको पुतली (moths) देखा पर्ने समयमा प्रयोग गर्नुहोस्।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ।**

विषादी प्याकेट खोल्दा वा विषादी छर्कदा पञ्जा, रबर बूट, चश्मा ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस्। यो विषादी मुख, आँखा र छालाको सिधा सम्पर्कमा आउन दिनु हुँदैन। विषादी छर्दा खाने, चपाउने, पिउने, वा धुम्रपान गर्नु हुँदैन। विषादी छरी सकेपछि सम्पर्कमा आएका कपडाहरु राम्रोसँग धुनुहोस् र नुहाउनुहोस्।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

अत्याधिक थकान महसुस हुनु, नाकबाट पानी बग्नु, दृष्टि धमिलो हुनु जस्ता लक्षण देखिन्छ।

**विष लाग्दा अपनाउनु पर्ने प्राथमिक उपचारः**

छालाको सम्पर्कमा आएमा प्रशस्त सफा पानी र साबुनले राम्ररी धुनुहोस्। आँखाको सम्पर्क भएमा प्रशस्त सफा पानीले राम्ररी पखाल्नुहोस्। आवश्यक परेमा चिकित्सकसँग परामर्श लिनुहोस्। श्वासमार्फत प्रवेश भएमा सामान्यतया कुनै विशेष उपचार सिफारिस गरिँदैन। यदि सेवन भएमा तुरुन्तै चिकित्सकसँग परामर्श गर्नुहोस्।

**विशेष ध्यान दिनुपर्ने विषयः**

कीराहरूमा यस विषादीप्रति प्रतिरोधात्मक क्षमता विकास हुनसक्ने सम्भावना रहेकोले यस विषादी तथा यसै समूहअन्तर्गत पर्ने Cyantraniliprole, lubendiamide, Tetraniliprole जस्ता विषादीहरू एकपटक प्रयोग गरिसकेपछि लगातार प्रयोग गर्नु हुँदैन। एक बाली अवधिभमा कुल बाली अवधिको ५० प्रतिशतभन्दा बढी समयसम्म यस समूहका विषादीको सम्पर्कमा राख्नु हुँदैन।

**एण्टिडटः**

विशेष किसिमको एण्टिडट छैन। लक्षणको आधारमा उपचार गर्नुहोस्।

**प्रयोग गरीएका भाँडाको विसर्जनः**


प्याकेट वा विषादीको सम्पर्कमा आएका सामग्री र विषादी छर्कने उपकरण वा अन्य भाँडाहरूबाट निस्केको विषाक्त पानी वा विषादीयुक्त वस्तुलाई सुरक्षित तरिकाले वातावरण वा पानी प्रदूषण हुनबाट बच्ने गरि विसर्जन गर्नुपर्छ.। प्रयोग गरिएका विषादीका प्याकेटहरूलाई पुनः प्रयोग रोक्नको लागि बाहिर छोड्नुहुँदैन। प्याकेटहरू प्रयोग गर्न नमिल्ने गरि बस्तीबाट टाढा पानीको मुहान नभएको स्थानमा आधा मीटर गहिरो खाडलमा गाड्नु पर्छ।

**भण्डारणको अवस्था**

विषादी रहेका प्याकेटहरूलाई खाद्यपदार्थ लगायत अन्य सामानहरू भण्डारण गर्ने कोठा वा परिसरबाट अलग कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृतिका आधारमा छुट्टै अलमारीमा ताला र चाबी लगाएर राख्नुपर्छ। विषादी भण्डारणका लागि तोकिएका कोठा वा परिसर राम्ररी निर्मित, सुख्खा, चिसो, पर्याप्त उज्यालो र हावादार हुनुपर्छ।

**प्रयोगको निर्देशनः कृपया प्रयोग गर्नु अघि संलग्न सूचक पर्चा पढ्नुहोस् र पालना गर्नुहोस्।**

**चेतावनीः** विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस्।




**सावधान, मध्यम घातक, नीलो**

**(कृषि प्रयोजनको लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०११ नं. मा फोन गर्नुहोस्। वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादक र वितरकको नाम ठेगानाः**

**इन्सेक्टिसाइड (भारत) लिमिटेड**

४०१-४०२, लुसा टावर, कमर्सियल कम्प्लेक्स, आजादपुर, दिल्ली, भारत।

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पकः-**

**नेपाल एग्रो सेन्टर प्राइभेट लिमिटेड,**


धनुषा, जनकपुर, नेपाल

९८४४०२०६००

**उत्पादित देशको रजिष्टर नं.:** CIR-207784/2022-CHLORAMTRANILIPROLE (GR) (440)-6

**नेपालमा पञ्जीकरण गरिएको नं.:**

0079-INS-GR-2026




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस्।**

# जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नु पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।

मेट्सल्फ्युरोन मिथाइल १०% + क्लोरिम्युरोन इथाइल १०% डब्लु.पी.

METSULFURON METHYL 10% + CHLORIMURON ETHYL 10% WP

## सैकमिक्स (Sacmix)

अंकुरण पूर्व (Pre- Emergence) र अंकुरण पश्चात् (Post-Emergence) छर्कने बहुप्रकृतिको झार मार्ने दैहिक झारनाशक

**सिफारिस**

| बाली | झारहरुको नाम | प्रति हेक्टर वा २० रोपनिका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पखने अवधि | ग्राम वा एम.एल. प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (ग्राम) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| छरुवा धान (*Direct Sown Rice/puddled condition*) | गोलमोथे (*Cyperus haspan*), ज्वाने झार (*Fimbristylis miliaceae*), निलो जल कुम्भी (*Monochoria vaginalis*), झुसे मोथे/रगते मोथे (*Cyperus difformis*), सुनुसी साग (*Marsilea quadrifoliate*) | २० | ३०० | ९० दिन | ०.०६ |
| रोपेको धान (*Transplanted Rice*) अंकुरण पछिको प्रयोग (*Post emergence*) | छतरे मोथे (*Cyperus iria*), झुसे मोथे/रगते मोथे (*Cyperus difformis*), कानपाते झार (*Sagitarria sagitifolia*), काने झार, (*Commelina benghalensis*), ज्वाने झार (*Fimbristylis miliaceae*), भृंङ्गराज (*Eclipta alba*), नीलो जलकुम्भी (*Monochoria vaginalis*), पानी मरिच (*Sphenoclea zeylanica*) | २० | ३०० | ९० दिन | ०.०६ |
| रोपेको धान (*Transplanted Rice*) अंकुरण पूर्वको प्रयोग (*Pre emergence*) | छतरे मोथे (*Cyperus iria*), झुसे मोथे/रगते मोथे (*Cyperus difformis*), ज्वाने झार (*Fimbristylis miliaceae*), भृंङ्गराज (*Eclipta alba*), जडेलो, (*Ludwigia parviflora*), ताने झार (*Cyanotis axillaris*), नीलो जल कुम्भी (*Monochoria vaginalis*), सुनुसी साग (*Marsilea quadrifoliate*) | २० | ३०० | ९० दिन | ०.०६ |

नोटः झारहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुनसक्छ । त्यसैले विज्ञहरुसंग सम्पर्क गरी यकिन गर्नुहोला ।

**प्रयोग गर्ने विधि**

उच्च मात्रामा छर्किने उपकरणहरु जस्तैः- नापस्याक स्प्रेयर (*Knapsack sprayer*), रकिंङ स्प्रेयर (*Rocking Sprayer*), फुट स्प्रेयर (*Foot Sprayer*), आदि प्रयोग गरी पातमा छर्किने (फोलियर स्प्रे) रुपमा प्रयोग गर्न सिफारिस गरिएको छ । विषादी छर्किदा फ्लाट फ्यान (*Flat Fan*) वा फ्लड जेट (*Flood jet*) नोजल प्रयोग गर्नुहोस् । चाहेको प्रभावकारिता सुनिश्चित गर्न प्राविधिकको सिफारिसमा मात्र प्रति लिटर पानीमा २ मिलिलिटर गैर-आयोनिक सर्फ्याक्टेन्ट (*non-ionic surfactant)* मिसाउनुहोस् । विषादी प्रयोग गर्ने समयः (क) रोपेको धानको लागिः झार अंकुरण पूर्वको हकमा रोपाइँ गरेको ३ दिन पछि वा झार अंकुरण पश्चात्को हकमा रोपाइँ गरेको २१-२५ दिनपछि (ख) छरुवा धान (हिल्याएको अवस्थामा) को लागिः वीउ छरेको २० दिनपछि प्रयोग गर्नुपर्दछ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।**

लेबल र पर्चामा दिइएका सबै निर्देशनहरु ध्यानपुर्वक पढ्नुहोस् र पालना गर्नुहोस् । आकस्मिक विषाक्तता भएको अवस्थामा चिकित्सकलाई देखाउन लेबलसहितको कन्टेनर सुरक्षित राख्नुहोस् । विषादीहरु नसुँध्नुहोस् । विषादीको घोल तयार गर्दा रबरको पन्जा, चस्मा, फेस माक्स र सुरक्षात्मक कपडा लगाउनुहोस् । हावाको दिशासँगै विषादी प्रयोग गर्दा हुने स्प्रे ड्रिफ्ट बाट टाढा रहनु पर्छ । विषादी छर्दा खाने, पिउने, धुम्रपान गर्नुहुदैन । स्प्रे ट्यांकीलाई यसको क्षमता भन्दा बदी नभर्नुहोस् । शरीरमा कुनै पनि विषाक्त पदार्थ फैलिएको अवस्थामा यसलाई प्रशस्त पानी र साबुनले धुनुपर्छ । विषादी छरी सकेपछि सम्पर्कमा आएका कपडा राम्रोसँग धुनुहोस् र नुहाउनुहोस् । यदि कुनै व्यक्तिलाई विषाक्तताको लक्षण देखा परेमा जस्तैः टाउको दुखने, रिङटा लाग्ने, वाकवाक लाग्ने, पेट दूख्ने वा वान्ता भएमा तुरुन्तै चिकित्सकलाई सम्पर्क गर्नुहोस् । विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुँदैन, हावा चलेको विपरित दिशा पछि हट्दै छर्नु पर्छ ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

आँखामा पर्दा सुरुमा आँखामा जलन, असजिलो, आँसु आउने वा दृष्टि धमिलो हुने हुनसक्छ । छालामा बारम्बार पर्दा छालामा जलन, असजिलो वा डाबर/चिलाउने हुन सक्छ ।

**प्राथिमिक उपचार**

श्वास-द्धारा प्रवेश गरेमाः ताजा हावामा लैजानुहोस् । श्वास फेर्न गाह्रो भएमा कृत्रिम श्वास प्रश्वास दिनुहोस् । श्वास फेर्न गाह्रो भएमा अक्सिजन दिनुहोस् । चिकित्सकलाई बोलाउनुहोस् । आँखामा परेमाः तुरुन्तै कम्तीमा १५ मिनेटसम्म पानीले पखाल्नुहोस् । छालामा परेमाः प्रशस्त साबुन र पानीले धुनुहोस् । दूषित लुगा पूनः प्रयोग गर्नु अघि धुनुहोस् । निलिएमाः तुरुन्तै २ गिलास पानी ख्वाएर वान्ता गराउनुहोस् । बेहोस व्यक्तिलाई मुखबाट केही पनि नदिनुहोस् । तुरुन्तै चिकित्सकलाई सम्पर्क गर्नुहोस् ।

**एण्टिडट**

कुनै विशेष किसिमको एण्टिडट उपलब्ध छैन, लक्षण अनुसार उपचार गर्नुहोस् ।

**प्रयोग गरिएका भाँडाको बिसर्जन**


कन्टेनर फिर्ताको लागि विषादी विक्रेतालाई सम्पर्क गर्नुहोस् । यदि कन्टेनर फिर्ता गरिएको छैन भने, तीन पटक पखाल्नुहोस् र त्यसपछि पूनः प्रयोग गर्न नमिल्ने गरि नष्ट गर्नुहोस् वा खाली कन्टेनरहरु आवासीय क्षेत्रबाट टाढा १/२ मिटर गहिरो खाडलमा सुरक्षित तरिकाले नष्ट गर्नुपर्छ । विषादी राखिएको प्याकेट कहिल्यै पूनः प्रयोग (पानी, खाना, तेल जस्ता खानेकुरा राख्न) नगर्नुहोस् । वातावरणीय वा पानी प्रदूषण हुन नदिनका लागि खाली कन्टेनरहरु आवासीय क्षेत्रवाट टाढा १/२ मिटर गहिरो खाडलमा सुरक्षित तरिकाले नष्ट गर्नुपर्नेछ । वातावरण वा पानीको स्रोत प्रदूषण नहुने गरी कन्टेनर वा कन्टेनर पखाल्न प्रयोग गरिएको पानी सुरक्षित रुपमा विसर्जन गर्नुहोस् ।

**भण्डारण अवस्था**

विषादी भएका प्याकेजहरुलाई अन्य वस्तुहरु भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरवाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चावी लगाई राख्नुपर्छ । विषादी भण्डारण गर्नको लागि बनाईएको कोठा ढलान गरेको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ । आधिकारीक व्यक्तिहरुको मात्र पहुँच हुने गरी विषादीको प्याकेट र कन्टेनरहरु सुख्खा ठाउँमा भण्डारण गर्नुहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, वा मलखादवाट टाढा राखनुहोस् । झारनाशकलाई अन्य विषादी, खाद्य पदार्थ र पशु आहारासँग सम्पर्क नहुने गरी ढुवानी र भण्डारण गर्नुहोस् ।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

सावधानीः बच्चाको पहुँच बाट टाढा राख्नुहोस् ।




**(सावधान, मध्यम घातक, नीलो)**

**(कृषि प्रयोजनको लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना**

SHIVALIK CROP SCIENCES (P) LTD.

H.O. NEELAM CINEMA COMPLEX SECTOR - 17E, CHANDIGARH-160017 (INDIA)

**पञ्जीकरणकर्ता तथा बजारिकरण को नाम ठेगाना र सम्पर्क नं.**

अरबिन्द एग्रो सेन्टर

अदालत रोड, कलैया-५

Email: arbindagrocentre006@gmail.com

**उत्पादित देशको रजिष्टर नं.** CIR-163358/2019-Metsulfuron Methyl + Chlorimuron Ethyl (WP) (399)-382

**नेपालमा पञ्जीकरण गरिएको नं.**

0080-HER-WP-2026




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् । विषादी प्रयोग गर्दा सिफारिस गरेको बालीमा मात्र प्रयोग गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

डाइमिथोमर्फ ८०% डब्लु.डि.जि

Dimethomorph 80% WDG


# सुपर क्रप ब्लाईट

दैहिक ढुसीनाशक विषादी

**सिफारिस**

| बाली | रोगको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि | ग्राम ./ प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा - ग्राम.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| काँक्रो | डाउनी मिल्ड्यु (Downy Mildew) | ३०० - ३७५ | ७५० | २१ दिन | ०.४-०.५ |

**प्रयोग गर्न पूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस् । सावधानी** बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।



**सावधान, मध्यम घातक, नीलो (कृषि प्रयोजनका लागि मात्र)**

**प्रयोग गर्ने बिधि**

सुपर क्रप ब्लाईट (Dimethomorph 80% WDG ) ढुसीनाशक विषादीलाई सिफारिस गरिएको मात्रामा पानीमा राम्रो सँग घोलेर बालीमा ढुसीको लक्षण देखिदा बित्तिकै छर्कनुहोस् । रोगको प्रकोप अनुसार ७ देखि १० दिन पछि दोस्रो पटक प्रयोग गर्न सकिन्छ । विषादी छर्कदा बालीको पातको दुबै सतह राम्रोसँग भिज्ने गरी छर्कनु पर्दछ । तिव्र हावा चलेको बखत, वर्षा वा अत्यधिक घामको समयमा विषादी प्रयोग गर्नु हुँदैन ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।**

विषादीको प्याकेट खोल्दा, घोल तयार पार्दा वा विषादी छर्कदा पञ्जा, रबर बुट, चश्मा, ग्यास मास्क, टोपी तथा पूरा शरीर ढाक्ने सुरक्षात्मक पहिरन प्रयोग गर्नुहोस्। विषादी छर्कने क्रममा यसको छिटा नाक वा मुखबाट भित्र जान नदिनुहोस्। साथै आँखा, मुख तथा छालामा विषादीको सिधा सम्पर्क हुन नदिनु आवश्यक छ। विषादी छरी सकेपछि सम्पर्कमा आएका कपडाहरू राम्ररी साबुन पानीले धुनुहोस् र नुहाउनुहोस्। विषादी प्रयोग गर्ने बेला खाने, पिउने, चपाउने वा धुम्रपान गर्ने काम गर्नु हुँदैन। साथै खाना पकाउन वा दैनिक प्रयोगमा आउने भाँडाहरू विषादीको घोल बनाउन प्रयोग गर्नु हुँदैन। यो विषादी जलचर, मौरी तथा रेशमकीराका लागि घातक हुन्छ । त्यसैले मौरी चरनका लागि फूल फुल्ने समयमा मौरीको घार नजिक, नदी तथा पोखरी नजिक, रेशमकीरा पालन गरिएको कोठा वा किम्बु खेतिमा यो विषादी छर्नु हुँदैन । त्यसैगरी, ट्राइकोग्रामा (Trichogramma) नामक मित्रजीव छोडिएको क्षेत्रमा यसको प्रयोग गर्नु हुँदैन । प्रतिरोधी क्षमता विकास हुने कार्यलाई ढिला गराउन अन्य कार्यप्रकृतिका विषादीहरूसँग आलोपालो गरी यो विषादी प्रयोग गर्नुहोस् । गर्भवती तथा सुत्केरी महिलालाई यस विषादीको सम्पर्कबाट टाढा राख्नुहोस् ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

टाउको दुख्ने, चक्कर लाग्ने, थकान तथा कमजोरी, छालासँग सम्पर्क हुँदाः हल्का देखि मध्यम स्तरको छाला जलन, रातोपन, चिलाउने वा दाना (ञ्यास) देखिन सक्छ।आँखामा परेको अवस्थामाः आँखा पोल्ने, रातोपन, आँसु बग्ने तथा असहजता हुने; अस्थायी रूपमा दृष्टि धमिलो हुन सक्छ। श्वासप्रश्वास मार्गमा जलन, खोकी लाग्ने, घाँटी दुख्ने तथा गम्भीर अवस्थामा सास फेर्न कठिनाई हुन सक्छ। विषादी निलेको खण्डमा वाकवाकी लाग्ने, बान्ता हुने, पेट दुख्ने तथा पखाला लाग्न सक्छ। जस्ता लक्षणहरु दखिन्छ ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

रोगीलाई तुरुन्तै विषादीको सम्पर्कबाट टाढा लैजानुहोस्। दूषित कपडा हटाउनुहोस्। विषादी आखाँमा परेको अवस्थामाः आँखा तुरुन्तै सफा पानीले कम्तीमा १५-२० मिनेटसम्म विस्तारै पखाल्नुहोस्। जलन कायम रहेमा चिकित्सकको सल्लाह लिनुहोस्। छालामा परेको अवस्थामाः छालालाई साबुन र प्रशस्त पानीले राम्ररी धुनुहोस्। जलन वा एलर्जी देखिएमा चिकित्सकको सल्लाह लिनुहोस्। यदि विषादी निलेमा मुख राम्ररी कुल्ला गराउने र तुरुन्तै चिकित्सक वा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोस्।

**एण्टिडट**

विशेष किसिमको एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्नुपर्दछ ।

**प्रयोग गरीएका भाँडाको विसर्जन**

विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल जस्ता खानेकुरा राख्न) नगर्नुहोस् । विषादीको खाली खोलहरु वा अन्य विषादीयुक्त सामग्रीहरू र विषादी सफा गरेको पानीको उचित व्यवस्थापन गर्नु विषादी उत्पादक, प्रयोगकर्ताहरुको कर्तव्य हुनेछ। वातावरणीय वा पानी प्रदूषण हुन नदिनका लागि खालि कन्टेनरहरू आवासीय क्षेत्र र पानीको स्रोत तथा पोखरीहरूबाट टाढा १/२ मिटर गहिरो खाडलमा सुरक्षित तरिकाले नष्ट गर्नुपर्नेछ ।

**भण्डारणको अवस्था**

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ। विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ। आधिकारीक व्यक्तिहरूको मात्र पहुँच हुने गरी विषादीको प्याकेट र कन्टेनरहरू सुख्खा ठाउँमा भण्डारण गर्नुहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, वा मलखादबाट टाढा राख्नुहोस् ।

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादक र वितरकको नाम ठेगानाः** SHANDONG BAINONG SIDA BIOTECHNOLOGY CO., LTD., QINGZHOU CITY, SHANDONG PROVINCE, CHINA & AVERSTAR INDUSTRIAL CO., LTD, SHENZHEN, CHINA


**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.** पाँचखाल विज भण्डार एण्ड एग्रो सेन्टर, काठमाडौं, नेपाल सम्पर्क नं.९८५१०२०४७३, info@panchkhalbeejbhandar.com

उत्पादित देशको रजिष्टर नं.

PD20132340

नेपालमा पञ्जीकरण गरिएको नं.

0082-FUN-WDG-2026




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

कपर अक्सीक्लोराइड ४५% + कासुगामाइसिन २% डब्लु.पि.

COPPER OXYCHLORIDE 45% + KASUGAMYCIN 2% WP

# कपर के

सम्पर्क ढुसीनाशक विषादी

**सिफारिस**

| बाली | रोगको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि | ग्राम./ प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा - ग्राम.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| ब्रोकाउली | कुहिने रोग (soft rot) | १२०० - १५०० | १५०० | २१ दिन | ०.८-१ |
| कागती जातका फलफूल | खटिरे रोग (Canker) | ७०५० - ११२८० | १८०० | २१ दिन | ३.९-६.३ |

**प्रयोग गर्ने विधि**

विषादीको घोल बनाउँदा छर्कने ट्यांकीमा पहिले आधा मात्रासम्म पानी हाल्नुहोस्। त्यसपछि आवश्यक मात्रामा राखी राम्रोसँग घोल्नुहोस्। त्यसपछि बाँकी पानी थपेर फेरि राम्ररी चलाउनुहोस्। तयार भएको विषादीको घोल तुरुन्त प्रयोग गर्नुहोस्। रोगको प्रारम्भिक लक्षण देखिनासाथ बिरुवाको पात, डाँठ तथा अन्य भागहरू भिज्ने गरी समान रूपमा छर्कनुहोस् । खटिरे रोग (Canker) तथा ब्रोकाउलीको सफ्ट रट नियन्त्रणका लागि रोगको प्रारम्भिक अवस्थामा नै विषादी स्प्रे सुरु गर्नुहोस्। रोगको प्रकोपको आधारमा ७-१० दिनको अन्तरमा लगातार २-३ पटक प्रयोग गर्नुहोस्। तर ब्रोकाउलीका लागि एक सिजनमा अधिकतम २ पटक मात्र प्रयोग गर्नुहोस् ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।**

विषादीको प्याकेट खोल्दा, घोल तयार पार्दा वा छर्कदा पन्जा, रबर बुट, चश्मा, ग्यास मास्क, टोपी तथा शरीर पूरै ढाक्ने सुरक्षात्मक पहिरन प्रयोग गर्नुहोस्। छर्कने क्रममा विषादीका साना छिटा नाक वा मुखबाट भित्र जान नदिनुहोस् र आँखा तथा छालासँग प्रत्यक्ष सम्पर्क हुन नदिनुहोस्। विषादी प्रयोग गरिसकेपछि सम्पर्कमा आएका कपडाहरू राम्ररी धुनुहोस् र साबुन पानीले नुहाउनुहोस्। छर्काइको समयमा खाने, पिउने, चपाउने वा धुम्रपान गर्ने कार्य नगर्नुहोस्। साथै खाना पकाउन वा घरायसी प्रयोजनका लागि प्रयोग हुने भाँडाहरू विषादीको घोल बनाउन प्रयोग गर्नु हुँदैन। यो विषादीले जलचरलाई असर गर्ने हुँदा जलचर रहने क्षेत्र वरपर नछर्नु होला । यो विषादी लगातार छर्दा प्रतिरोधी क्षमता विकास हुन सक्ने भएकाले अन्य प्रकारका ढुसीनाशक विषादीहरूसँग आलोपालो गरी मात्र छर्नु होला । गर्भवती महिला, सुत्केरी महिला र एलर्जी हुने व्यक्तिहरू यस विषादीभन्दा टाढा रहनु होला ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

छाला सम्बन्धी लक्षण: छालामा जलन, रातोपन, चिलाउने वा छाला सुन्निने जस्ता लक्षण देखिन सक्छन्।

आँखा/नाक सम्बन्धी लक्षण: आँखामा पोल्ने, रातो हुने, आँखा तथा नाकबाट पानी आउने, जलन हुने जस्ता लक्षण देखिन सक्छन्।

अन्य लक्षण: वाकवाकी लाग्ने, बान्ता हुने, पेट दुख्ने, टाउको दुख्ने, चक्कर आउने, कमजोरी महसुस हुने वा सास फेर्न गाह्रो हुने जस्ता लक्षणहरू देखा पर्न सक्छन्।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

विषादी लागेको लुगा तुरुन्त हटाई छालालाई साबुन र सफा पानीले राम्ररी धुनुहोस्। यदि आँखामा विषादी परेको भए आँखा खुला राखी कम्तीमा १५ मिनेटसम्म सफा पानीले पखाल्नुहोस् र तुरुन्त स्वास्थ्यकर्मी वा डाक्टरको सल्लाह लिनुहोस्। यदि सास फेर्न गाह्रो भएमा बिरामीलाई तुरुन्त ताजा हावामा लैजानुहोस्। मुखबाट विषादी निलेको आशंका भएमा बान्ता गराउने प्रयास नगरी तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा उपचारका लागि लैजानुहोस्।

**एण्टिडट**

विशेष किसिमको एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्नुपर्दछ ।

**प्रयोग गरीएका भाँडाको विसर्जन**


विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल जस्ता खानेकुरा राख्न) नगर्नुहोस् । विषादीको खाली खोलहरु वा अन्य विषादीयुक्त सामग्रीहरू र विषादी सफा गरेको पानीको उचित व्यवस्थापन गर्नु विषादी उत्पादक, प्रयोगकर्ताहरुको कर्तव्य हुनेछ। वातावरणीय वा पानी प्रदूषण हुन नदिनका लागि खालि कन्टेनरहरू आवासीय क्षेत्र र पानीको स्रोत तथा पोखरीहरूबाट टाढा १/२ मिटर गहिरो खाडलमा सुरक्षित तरिकाले नष्ट गर्नुपर्नेछ ।

**भण्डारणको अवस्था**

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ । विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने पर्याप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ। आधिकारीक व्यक्तिहरूको मात्र पहुँच हुने गरी विषादीको प्याकेट र कन्टेनरहरू सुख्खा ठाउँमा भण्डारण गर्नुहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, वा मलखादबाट टाढा राख्नुहोस् ।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी** बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।



**सावधान, मध्यम घातक, नीलो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना:** Yifan Biotechnology Group Co., Ltd., Wenzhou, Zhejiang, China & AVERSTAR INDUSTRIAL CO., LTD, SHENZHEN, CHINA

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.** पाँचखाल विज भण्डार एण्ड एग्रो सेन्टर, काठमाडौँ, नेपाल
सम्पर्क नं.९८५१०२०४७३,
info@panchkhalbeejbhandar.com

उत्पादित देशको रजिष्टर नं.
PD20172163

नेपालमा पञ्जीकरण गरिएको नं.
0083-FUN-WP-2026




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

क्लोरोथालोनिल ७५% डब्लु.पि

CHLOROTHALONIL 75% WP

# एभर अप

सम्पर्क ढुसीनासक विषादी

**सिफारिस**

| बाली | कीराहरुको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि | ग्राम./ प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा - ग्राम.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| काँक्रो | डाउनी मिल्ड्यु (Downy Mildew) | १५००-३१९५ | ८५०-१७५० | १४ दिन | १.७-३.७ |

**प्रयोग गर्ने बिधि**

विषादीको घोल बनाउँदा छर्कने ट्यांकीको आधा मात्रासम्म पानी राखेर आवश्यक मात्रा हाल्नुहोस् र राम्रोसँग घोल्नुहोस्। त्यसपछि बाँकी पानी थपेर फेरि राम्ररी चलाउनुहोस्। तयार भएको विषादीको घोल तुरुन्त छर्कनुहोस्। बिरुवामा ढुसी रोग देखा पर्न थालेको बेला पात, डाँठ तथा सम्पूर्ण बिरुवा भिज्ने गरी समान रूपमा छर्कनुहोस् र आवश्यकता अनुसार केही दिनको अन्तरालमा दोहोर्याउनुहोस्।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।**

विषादीको प्याकेट खोल्दा, घोल तयार गर्दा वा विषादी छर्कदा पञ्जा, रबर बुट, चश्मा, ग्यास मास्क, टोपी तथा पूरा शरीर ढाक्ने सुरक्षात्मक पहिरन प्रयोग गर्नुहोस् । विषादी छर्कदा छिटाहरू नाक वा मुखबाट भित्र प्रवेश गर्न नदिनुहोस् । साथै मुख, आँखा तथा छालामा विषादीको सिधा सम्पर्क हुन नदिनुहोस् । विषादी छरी सकेपछि सम्पर्कमा आएका कपडाहरू राम्रोसँग धुनुहोस् र नुहाउनुहोस् । विषादी छर्दा खाने, चपाउने, पिउने वा धुम्रपान गर्नु हुँदैन । खाना पकाउँदा वा दैनिक अन्य कार्यमा प्रयोग हुने भाँडाहरू विषादीको घोल बनाउँदा प्रयोग गर्नु हुँदैन । यो विषादी जलचरहरूलाई धेरै घातक हुने हुँदा खोला-नाला र तालतलैया भएको स्थान वरपर छर्नु हुँदैन ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

छाला सम्बन्धी लक्षण: छालामा जलन, रातोपन, चिलाउने वा एलर्जी जस्ता लक्षण देखिन सक्छन् ।
आँखा सम्बन्धी लक्षण: आँखामा जलन हुनु, रातो हुनु, आँखा पोल्नु वा पानी आउनु ।
सासप्रश्वास सम्बन्धी लक्षण: नाक वा घाँटीमा जलन हुनु, खोकी लाग्नु वा सास फेर्न गाह्रो हुनु ।
अन्य लक्षण: टाउको दुख्नु, चक्कर आउनु, वाकवाकी लाग्नु वा बान्ता हुन सक्ने जस्ता लक्षण देखिन सक्छन् ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

विषादीको सम्पर्क भएको लुगा तुरुन्त हटाउनुहोस् र छालालाई साबुन र सफा पानीले राम्ररी धुनुहोस् । यदि आँखामा विषादी परेको भए आँखा खुला राखी कम्तिमा १५ मिनेटसम्म सफा पानीले राम्ररी पखाल्नुहोस् र तुरुन्त डाक्टरको सल्लाह लिनुहोस् । सासप्रश्वासमा समस्या भए बिरामीलाई ताजा हावामा लैजानुहोस् । यदि मुखबाट विषादी निलेमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा लैजानुहोस् र डाक्टरको सल्लाह अनुसार उपचार गराउनुहोस् । एलर्जी देखिएका बिरामीहरूका लागि एन्टिहिस्टामिन वा स्टेरोइड औषधि प्रयोग गर्न सकिन्छ।

**एण्टिडट**

विशेष किसिमको एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्नुपर्दछ ।


**प्रयोग गरीएका भाँडाको विसर्जन**

विषादी राखिएको प्याकेट वा कन्टेनरलाई कहिल्यै पनि पुनः प्रयोग (पानी, खाना, तेल वा अन्य खानेकुरा राख्न) गर्नु हुँदैन। विषादी प्रयोगपछि खाली प्याकेट तथा कन्टेनरहरूलाई सुरक्षित तरिकाले व्यवस्थापन गर्नु प्रयोगकर्ता र सम्बन्धित पक्षको दायित्व हो। खाली कन्टेनरहरूलाई तीन पटक सफा पानीले पखालेर मात्र नष्ट गर्ने व्यवस्था गर्नुहोस्। त्यसपछि प्रयोग गर्न नसकिने गरी कुचालेर वा काटेर आवासीय क्षेत्र तथा पानीको स्रोतबाट टाढा कम्तीमा करिब आधा मिटर गहिरो खाडलमा गाडेर सुरक्षित रूपमा विसर्जन गर्नुहोस्।

**भण्डारणको अवस्था**

विषादी भएका प्याकेट तथा कन्टेनरहरूलाई अन्य सामान राखिने स्थानबाट अलग्गै सुरक्षित ठाउँमा भण्डारण गर्नुपर्छ। विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराज वा कोठामा ताला लगाई सुरक्षित राख्नु उचित हुन्छ। भण्डारण गर्ने स्थान सफा, सुख्खा, राम्रोसँग हावा चल्ने र पर्याप्त उज्यालो भएको हुनुपर्छ। विषादीलाई सधैँ मूल प्याकेटमै राम्रोसँग बन्द गरेर राख्नुहोस् र अनधिकृत व्यक्तिको पहुँच नहुने व्यवस्था गर्नुहोस्। साथै, विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि तथा मलखाद जस्ता सामग्रीहरूबाट टाढा राख्नुपर्छ।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**
**सावधानी** बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।



**सावधान, सामान्य घातक, हरियो**
**(कृषि प्रयोजनका लागि मात्र)**


यो ढुसीनासक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना:** JIANGSU XINHE AGROCHEMICAL CO., LTD. XINYI CITY, JIANGSU PROVINCE, CHINA & AVERSTAR INDUSTRIAL CO., LTD, SHENZHEN, CHINA

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.** पाँचखाल विज भण्डार एण्ड एग्रो सेन्टर, काठमाडौँ, नेपाल
सम्पर्क नं.९८५१०२०४७३,
info@panchkhalbeejbhandar.com

उत्पादित देशको रजिष्टर नं.
PD20090153

नेपालमा पञ्जीकरण गरिएको नं.
0084-FUN-WP-2026



**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन। अतः विषादीको प्रयोग गर्नु पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस्।**

फिप्रोनिल ०.३% जी आर

Fipronil 0.3% GR

# फिप्रोसेन्ट (Fiprocent)

दैहिक कीटनाशक विषादी

| **सिफारिस** | | | | | | |
|---|---|---|---|---|---|---|
| बाली | कीराको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि | ग्राम प्रति लिटर पानीमा |
| | | यस विषादीको आवश्यक मात्रा - के. जी.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| उखु | फेदको गभारो (Root borer), डाँठको अगौटे गभारो (Early Shoot borer) | २५-३३.३ | आवश्यक नपर्ने | ९ महिना | |
| गहुँ | धमिरा (Termites) | २० | आवश्यक नपर्ने | ९१ दिन | |
| धान | पातको हरियो फड्के (Green leaf hopper), खैरो फड्के (Brown plant hopper), डाँठको गभारो (Stem borer), धानको पात बेरुवा (Rice Leaf folder), धानको ढुङ्ग्रे कीरा (Rice Gall midge), सेतो पिठ्यु भएको फड्के (White backed plant hopper), गुभोमा लाग्ने झिँगा (Whorl Maggot) | १६.६७- २५ | आवश्यक नपर्ने | ३२ दिन | |

द्रष्टव्य : यो दानेदार विषादी भएकोले बालीमा सिधै दाना छर्ने गरिन्छ। यसमा पानी मिसाउनु पर्दैन।

नोट: कीराहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुनसक्छ। त्यसैले विज्ञहरुसंग सम्पर्क गरी यकिन गर्नुहोला।

**प्रयोग गर्ने बिधि**

यो विषादी छर्नका लागि हातले चलाउने दानादार विषादी छर्ने यन्त्र (Hand operated granules applicator) वा मेकानिकल डिस्पर्सर (Mechanical disperser) को प्रयोग गरी खेतमा समान रूपमा छर्नुपर्छ। धान खेतमा प्रयोग गर्दा २-३ से.मी. पानी जमेको हुनुपर्छ। विषादी प्रयोग गरेपछि २-३ दिनसम्म खेतमा पानी कायम राख्नुपर्छ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ।**

विषादीलाई खाद्यपदार्थ, पशु आहार(दाना), र खानेकुरा राख्ने खाली भाँडाकुँडा भन्दा टाढा छुट्टै ठाउँमा राख्नुपर्छ। मुख, आँखा र छालामा विषादीको सिधा सम्पर्क हुन नदिनुका साथै विषादी छर्दा वा प्रयोग गर्दा धुम्रपान गर्ने, केही चपाउने, खाने वा पिउने, गन्ध सुँघ्ने वा स्वासबाट भित्र लिने काम नगर्नुहोस्। विषादी प्रयोग गर्दा पूर्ण सुरक्षित लुगाहरू र बुट अनिवार्य रूपमा लगाउनुहोस्। विषादी प्रयोग गरिसकेपछि दूषित कपडाहरू र शरीरका भागहरू राम्ररी साबुन पानीले धुनुहोस्। चेतावनी: फिप्रोनिल जलचर प्राणी तथा मौरीका लागि विषाक्त हुन्छ त्यसैले जलाशय नजिक तथा मौरीको चरन अवधिमा प्रयोग नगर्नुहोस्।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

विषाक्तताको लक्षण चिचिडापन, आलस्य, मांसपेशी काम्ने, एंठन (Convulsion) हुन सक्छ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

यदि विषादी निलेको छ भने, बिरामी सचेत भएको अवस्थामा मात्र घाँटीको पछिल्लो भागमा औँलाले चलाएर बान्ता गराउनुहोस्। बिरामी बेहोस छ भने बान्ता नगराउनुहोस्। छाला वा कपडामा विषादी परेको छ भने तुरुन्त कपडा फुकाल्नुहोस् र छालालाई प्रशस्त साबुन पानीले धुनुहोस्। आँखामा विषादी परेको छ भने सफा र स्वच्छ पानीले १० देखि १५ मिनेटसम्म निरन्तर धुनुहोस्। यदि श्वासप्रश्वासबाट विषादी शरीरमा गएको छ भने बिरामीलाई तुरुन्त खुल्ला र ताजा हावा भएको ठाउँमा लैजानुहोस् र तुरुन्त चिकित्सककहाँ पुर्‍याउनुहोस्।

**एण्टिडट**

यसको कुनै विशेष एण्टिडट छैन। लक्षणअनुसार उपचार गर्नुपर्छ।


**प्रयोग गरीएका भाँडाको बिसर्जन**

उत्पादक, फर्मुलेटर तथा प्रयोगकर्ताले वातावरण वा पिउने पानीको स्रोत प्रदूषण नहुने गरी कन्टेनर, बाँकी विषादी वा कन्टेनर पखाल्न प्रयोग गरिएको पानी सुरक्षित रूपमा विसर्जन गर्नुहोस्। त्यसपछि पूनः प्रयोग गर्न नमिल्ने गरि प्याकेजलाई तोडेर बस्तीबाट टाढा क्षेत्रमा गाड्नुहोस्। प्रयोग भइसकेका प्याकेट खुला स्थानमा छोड्नु हुँदैन। विषादी राखिएको प्याकेट कहिल्यै पूनः प्रयोग (पानी, खाना, तेल राख्न) नगर्नुहोस्।

**भण्डारणको अवस्था**

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ। विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ ताकि वाष्पबाट प्रदुषण नहोस्।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा संपूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस्। सावधानी** बच्चाको पहुँचबाट टाढा राख्नुहोस्।



**सावधान, ज्यादै घातक, पहेंलो**
**(कृषि प्रयोजनका लागिमात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस्। वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना:** शनमुखा एग्रीटेक लिमिटेड, हैदराबाद, तेलंगाना, भारत


**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.** युनिक एग्रो सेन्टर एण्ड रुपक भेट फर्मा, कपिलवस्तु, नेपाल ९८४०४९ ९५

**उत्पादित देशको पञ्जीकरण नं.**

CIR-201179/2022- Fipronil (GR) (437)-4731

**नेपालमा पञ्जीकरण गरिएको नं.**

0085-INS-GR-2026




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस्।**

**जीवनाशक विषादी विष हो, औषधी होइन। अतः विषादीको प्रयोग गर्नु पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस्।**

ल्याम्ब्डासाइहेलोथ्रिन ५% इ.सी.

Lambdacyhalothrin 5% EC

# युनीस्टार (Uni Killer)

सम्पर्क तथा आन्तरिक कीटनाशक

| सिफारिस | | | | | |
|---|---|---|---|---|---|
| बाली | कीराहरुको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि-दिन | मि.लि प्रति लिटर पानीमा |
| | | यस विषादीको आवश्यक मात्रा-(मि.लि) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| रहर | कोसाको गभारो (Pod borer), कोसाको झिंगा (Pod fly) | ४००-५०० | ४००-६०० | १५ | १ -०.८३ |
| आँप | फड्के (Hoppers) | ०.५-१ मि.लि. /लि पानी | | ७ | ०.५-१ |
| कपास | कपासको फल छेड्ने कीरा (Bollworms), ज्यासिड (Jassids), थ्रिप्स (Thrips) | ३००-५०० | ४००-६०० | २१ | ०.७५-०.८३ |
| चना | कोसाको गभारो (Pod borer) | ५०० | ३००-४०० | ६ | १.६७-१.२५ |
| गोलभेंडा | फलको गभारो (Fruit borer) | ३०० | ४००-६०० | ४ | ०.७५-०.५ |
| धान | पात बेरुवा (Leaf folder), डाँठको गभारो (Stem borer), पातको हरियो फड्के (Green leaf hopper), ढुङग्रे कीरा (Gall midge), काँडादार खपटे (Hispa) | २५० | ४००-६०० | १५ | ०.३७-०.४ |
| प्याज | थ्रिप्स (Thrips) | ३०० | ३००-४०० | ५ | १ -०.७५ |
| भण्टा | फल र डाँठको गभारो (Fruit & Shoot borer), | ३०० | ४००-६०० | ४ | ०.७५-०.८३ |
| भिण्डी | ज्यासिड (Jassids), डाँठको गभारो (Shoot borer) | ३०० | ३००-४०० | ४ | १ -०.७५ |
| खुर्सानी | थ्रिप्स (Thrips), सुलसुले(mite), कोसाको गभारो (Pod borer) | ३०० | ४००-६०० | ५ | ०.७५-०.५ |
| बदाम | थ्रिप्स (Thrips), पात फड्के (Leaf hoppers), पात खन्ने कीरा (Leaf minor) | २००-३०० | ४००-५०० | १० | ०.५-०.६ |

**प्रयोग गर्ने विधि**

यो माथि उल्लेखित बालीमा लाग्ने कीराहरूको नियन्त्रणका लागि सिफारिस गरिएको छ। लार्भा पहिलो पटक देखिँना साथ कीटनाशक प्रयोग गर्नुहोस् र आवश्यकता अनुसार पूनः प्रयोग गर्नुहोस्। पातहरू राम्रोसँग भिज्ने गरी पर्याप्त मात्रामा पानी प्रयोग गरेर कीटनाशक छर्नुहोस्। यो कीटनाशक प्रयोग गर्न निम्न उपकरणहरू प्रयोग गर्न सकिन्छः बाल्टिन स्प्रेयर, रकिङ स्प्रेयर, स्टिरप पम्प स्प्रेयर (एकल वा डबल ब्यारेल), नापस्याक स्प्रेयर, फुट स्प्रेयर, ह्विल ब्यारो स्प्रेयर, कम्प्रेसन नापस्याक स्प्रेयर, ब्याट्री चल्ने कम्प्रेसन नापस्याक स्प्रेयर, ASPEE–HTP पाउडर स्प्रेयर

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ।**

खाद्यान्न, खाली खाद्यान्न भाँडा तथा पशु आहारबाट टाढा राख्नुहोस्। वषादीको घोल तयार गर्न खाना पकाउने भाँडाहरू प्रयोग नगर्नुहोस्। कपडा, मुख, आँखा एवं छालामा विषादीको सिधा सर्म्पक हुन नदिनुहोस्। विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुदैन साथै विषादीको प्याकेट खोल्दा, घोल तयार गर्दा वा विषादी छर्कदा पञ्जा, रवर वुट, चश्मा ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस्। विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुदैन। विषादी छर्दा हावाको दिशातर्फ फर्केर छर्किनुहोस्। विषादी शरिरमा पर्न दिनुहुदैन। विषादी छरी सके पछि सर्म्पकमा आएका कपडाहरु राम्रोसगं धुनुहोस्, प्रशस्त पानीले हात धुनुहोस् र नुहाउनुहोस्।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

विषाक्तताको प्रारम्भिक लक्षणहरूमा घबराहट, चिन्ता, शरीर काम्ने (कम्पन), एंठन (Convulsions), छालामा एलर्जी, हाच्छ्युँ आउने, नाकबाट पानी बग्ने तथा नाक बन्द हुने समस्या देखा पर्न सक्छन्।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

यदि विषादी निलेको छ भने, बान्ता नगराउनुहोस् वा कुनै तरल पदार्थ जबरजस्ती नदिनुहोस्। छाला वा शरीरको भागमा विषादी परेको छ भने तुरुन्त कपडा फुकाल्नुहोस् र विषादी परेको ठाउँमा प्रशस्त साबुन पानीले धुनुहोस्। आँखामा विषादी परेको छ भने सफा र स्वच्छ पानीले १०-१५ मिनेटसम्म निरन्तर धुनुहोस्। आँखामा विषादी परेको छ भने सफा र स्वच्छ पानीले निरन्तर धुनुहोस्। यदि श्वासप्रश्वास मार्फत गएको भए प्रभावित व्यक्तिलाई राम्रोसँग हावा चल्ने ठाउँमा वा ताजा हावामा लैजानुहोस्।

**एण्टिडट**

कुनै विशेष औषधि छैन। लक्षणात्मक उपचार गर्नुहोस्। एलर्जी नियन्त्रणका लागि चिकित्सकको निगरानीमा एन्टिहिस्टामिन औषधि दिन सकिन्छ।

**प्रयोग गरीएका भाँडाको विसर्जन**


वातावरण वा पिउने पानीको स्रोत प्रदूषण नहुने गरी कन्टेनर वा कन्टेनर पखाल्न प्रयोग गरिएको पानी सुरक्षित रूपमा विसर्जन गर्नुहोस्। विषादी राखिएको प्याकेट कहिल्यै पूनः प्रयोग (पानी, खाना, तेल राख्न) नगर्नुहोस। त्यसपछि पूनः प्रयोग गर्न नमिल्ने गरि प्याकेटलाई तोडेर बस्तीबाट टाढाको क्षेत्रमा लगेर गाड्नुहोस्।

**भण्डारणको अवस्था**

विषादी भएका प्याकेजहरूलाई यसको मूल कन्टेनरमै अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ। विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा ओहोरदोहोर गर्ने खालको हुनुपर्छ ताकि वाष्पबाट दुषित नुहोस्। विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, वा मलखादबाट टाढा राख्नुहोस्।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस्।**

**सावधानी** बच्चाको पहुँचबाट टाढा राख्नुहोस।



**सावधान, ज्यादै घातक, पहैंलो**
**(कृषि प्रयोजनका लागि मात्र)**


यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस्। वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादक र वितरकको नाम ठेगानाः** शनमुखा एग्रीटेक लिमिटेड, हैदराबाद, तेलंगाना, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.** युनिक एग्रो सेन्टर एण्ड रुपक भेट फर्मा, कपिलवस्तु, नेपाल ९८४०४९३७९५

**उत्पादित देशको पञ्जीकरण नं.**
CIR-156486/2018-Lambdacyhalothrin (EC) (393)-1099

**नेपालमा पञ्जीकरण गरिएको नं.**
0086-INS-EC-2026




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस्।**

**जीवनाशक विषादी विष हो, औषधी होइन। अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस्।**

कपर अक्सिक्लोराइड ५०% डब्ल्यूपी

Copper Oxychloride 50% WP

# ग्रीन कापर

(सम्पर्क ढुसीनाशक)

सिफारिसः

| बाली | रोग | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अधि पर्खने अवधि | ग्राम प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा ( के. जी.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| केरा | पातको दाग (Leaf spot), फल कुहिने रोग (Fruit rot) | २.५ | ७५०-१००० | २१ | २.५–३ |
| सुपारी | पातको दाग (Leaf spot), खुट्टा कुहिन रोग (Foot rot) | २.५ | ७५०-१००० | २१ | २.५–३ |
| खुर्सानी | पातको दाग (Leaf spot), फल कुहिने रोग (Fruit rot) | २.५ | ७५०-१००० | २१ | २.५–३ |
| सुन्तला जातका फलफूल | क्याङ्कर (Canker), फेद कुहिने रोग (Foot rot) | २.५ | ७५०-१००० | २१ | २.५–३ |
| अलैंची | गानो कुहिने रोग (Clump rot), पात कुहिने रोग (Leaf rot) | ३.७५-५.५ | ७५०-१००० | २१ | २.५–३ |
| कफी | कालो सडन रोग (Black rot), सिन्दुरे रोग (Rust) | ३.७५-५.५ | ७५०-१००० | २१ | २.५–३ |
| जीरा | डढुवा रोग (Blight) | २.५ | ७५०-१००० | २१ | २.५–३ |
| धान | पातमा खैरो दाग (Brown leaf spot) | २.५ | ७५०-१००० | २१ | २.५–३ |
| नरिवल | कोपिला कुहिने रोग (Bud rot) | २.५ | ७५०-१००० | २१ | २.५–३ |
| आलु | अगौटे डढुवा (Early blight), पछौटे डढुवा (Late blight) | २.५ | ७५०-१००० | २१ | २.५–३ |
| चिया | खटिरे डढुवा रोग (Blister blight) | ०.४२ | १७५ | २१ | २.४ |
| | कालो सडन रोग (Black rot) | ०.६० | १२५ | २१ | ४.८ |
| | रातो सिन्दुरे रोग (Red rust) | ०.६० | १२५ | २१ | ४.८ |
| सुर्ती | ध्वाँसे थेग्ले रोग (Frog eye leaf), कालो फेद कुहिने रोग, (Black Shank), डाउनी मिल्ड्यू (Downy mildew) | २.५ | ७५०-१००० | २१ | २.५–३ |
| गोलभेडा | अगौटे डढुवा (Early blight), पछौटे डढुवा (Late blight), पातको दाग (Leaf spot) | २.५ | ७५०-१००० | २१ | २.५–३ |
| अंगुर | डाउनी मिल्ड्यू (Downy mildew) | २.५ | ७५०-१००० | २१ | २.५–३ |

**प्रयोग गर्ने विधिः** उत्कृष्ट नतिजाका लागि, उल्लेखित दरमा विषादीको मात्रा मिसाई बनाईएको घोल, रोगले बोटबिरुवामा आक्रमण गर्नुभन्दा अगावै (रोकथामको रूपमा) प्रयोग गर्नुहोस्। वर्षाको मौसममा, यस्को स्प्रे छोटो-छोटो समयको अन्तरालमा दोहोर्याउनुपर्छ। विशेष ध्यान दिनुपर्ने कपासको वीउको तेल जस्ता सुरक्षात्मक पदार्थ नमिसाइकन फलफुलको बोटहरुमा यस विषादी छर्दा पात डढ्ने र वृद्धि रोकिन जस्ता समस्या देखा पर्न सक्ने हुनाले त्यस्ता पदार्थहरु मिसाइ छर्नुहोला।

## यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्दछ।

खाद्य पदार्थ, खाली खाद्य पदार्थका भाँडा र जनावरहरूको खानाबाट टाढा राख्नुहोस्। मुख, आँखा र छालाको सम्पर्कबाट बच्नुहोस्। स्प्रेको धुवाँलाई श्वास फेर्नबाट बचाउनुहोस्। हावाको दिशामा स्प्रे गर्नुहोस्। स्प्रे गरेपछि दूषित लुगा र शरीरका भागहरू राम्ररी धुनुहोस्। स्प्रे गर्दा धुम्रपान नगर्नुहोस्, नपिउनुहोस्, नखानुहोस् र केहि पनि नचपाउनुहोस्। मिश्रण र स्प्रे गर्दा पूर्ण सुरक्षात्मक लुगा लगाउनुहोस्।

## मानिसलाई यो विषादीको बिष लागेको अवस्थामा

वान्ता हुने, पेट दुख्ने, पखाला लाग्ने, मुखमा धातुजस्तो स्वाद आउने, टाउको दुख्ने, चिसो पसिना आउने, नाडी कमजोर हुने जस्ता लक्षणहरू देखा पर्न सक्छन्।

## प्राथमिक उपचारः

यदि निलिएको छ भने, घाँटीको पछाडि भागमा काउकुती लगाएर वान्ता गराउनुहोस्। वान्ता पूर्ण नभएसम्म यो प्रकृया दोहोर्याउने। यदि बिरामी बेहोश छ भने वान्ता नगराउने। छालामा विषादीको सम्पर्क भएको अवस्थामाः विषादी सम्पर्क भएको भाग पर्याप्त सफा पानी र साबुनले राम्ररी धुनुहोस्। यदि रूखोपन रह्यो भने चिकित्सकलाई देखाउनुहोस्। आँखामा विषादीको सम्पर्क भएको अवस्थामाः कम्तीमा १५-२० मिनेटसम्म सफा पानीले आँखालाई धुनुहोस्। श्वासप्रश्वासमार्फत विषाक्तता भएमा बिरामीलाई पर्याप्त हावा खेल्ने ठाउँमा राख्नुहोस्। लक्षण गम्भीर भए चिकित्सकलाई तुरुन्त देखाउनुहोस्।

## एण्टिडट

बिरामीलाई चिकित्सकको निगरानीमा फेरोसायनाइडको घोलले ग्यास्ट्रिक ल्याभेज (gastric lavage) गर्नुहोस्। अण्डाको सेतो भाग र अन्य डिमुलसेन्टहरू दिनुहोस्। इलेक्ट्रोलाइट र तरल पदार्थ सन्तुलन कायम राख्नुहोस्। दुखाइ नियन्त्रण गर्न मोर्फिन र पेथिडिन दिन सकिन्छ। यदि लक्षणहरू रहिरहेमा, डाइमरकाप्रोल वा पेनिसिलामाइन दिनुहोस्। पेनिसिलामाइन १०-४० मिलीग्राम/किग्रा/दिनको खुराकमा (अधिकतम १-२ ग्राम/दिन चार खुराकमा विभाजित) पाँच दिनसम्म दिन सकिन्छ। डाइमरकाप्रोल पहिलो चार दिनको लागि प्रत्येक चार घण्टामा ३ मिलीग्राम/किग्रा र कुल १० दिनको लागि प्रत्येक १२ घण्टामा २ मिलीग्राम/किग्रा नसाबाट दिइन्छ। अधिकतम लाभ प्राप्त गर्न विषाक्तताको पहिलो चार घण्टा भित्र दिनुहोस्। (नोटः यस कार्य आधिकारिक चिकित्सकले मात्र गर्नुपर्दछ।)

## प्रयोग गरिएको भाँडोको विसर्जनः


प्याकेट वा विषादीको सम्पर्कमा आएका सामग्री र विषादी छर्कने उपकरण वा अन्य भाँडाहरूबाट निस्केको विषाक्त पानी वा विषादीयुक्त वस्तुलाई सुरक्षित तरिकाले वातावरण वा पानी प्रदूषण हुनबाट बच्ने गरि विसर्जन गर्नुपर्छ। प्रयोग गरिएका विषादीका प्याकेटहरूलाई पुनः प्रयोग रोक्नको लागि बाहिर छोड्नुहुँदैन। प्याकेटहरू प्रयोग गर्न नमिल्ने गरि बस्तीबाट टाढा पानीको मुहान नभएको स्थानमा गहिरो खाडलमा गाड्नु पर्छ।

**भण्डारणको अवस्था**

विषादी रहेका प्याकेटहरूलाई खाद्यपदार्थ लगायत अन्य सामानहरू भण्डारण गर्ने कोठा वा परिसरबाट अलग कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृतिका आधारमा छुट्टै अलमारीमा ताला र चाबी लगाएर राख्नुपर्छ। विषादी भण्डारणका लागि तोकिएका कोठा वा परिसर राम्ररी निर्मित, सुख्खा, चिसो, पर्याप्त उज्यालो र हावादार हुनुपर्छ ।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा संपूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी** : विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, मध्यम घातक, नीलो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं.मा फोन गर्नुहोस्। वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नामः-**

श्याम केमिकल्स प्रा. लि.
जश चेम्बर्स, ५ औं तला, सर पीएम रोड, फोर्ट, मुम्बई- ४००००१, भारत।

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.:-**


नेपाल एग्रो सेन्टर प्राइभेट लिमिटेड, धनुषा, जनकपुर, नेपाल
९८४४०२०६००

**उत्पादित देशको रजिष्टर नं.**

CIR-43,950/2003-Copper Oxychloride (WP) (235)-846

**नेपालमा पञ्जीकरण गरिएको नं.:**

0087-FUN-WP-2026




**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस्।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नु पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

हेक्साकोनाजोल ५% एस.सी.

Hexaconazole 5% SC

# प्लाण्टक्योर (PLANTCURE)

दैहिक ढुसीनाशक विषादी

सिफारिस

| बाली | रोगको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरे पछि फल टिप्न् वा काट्नु अघि पर्खनेअवधि | मिलिलटर प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा मिलिलिटर) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| अंगूर | सेतो धूलो ढुसी (Powdery Mildew) | ५००-१००० | ५०० | १४ दिन | १-२ |
| धान | पातको फेद डढुवा रोग (Sheath Blight) | ०.२% वा २०० मिलिलिटर प्रति १०० लिटर पानीमा | आवश्यकता अनुसार | ४० दिन | २ |
| आँप | सेतो धूलो ढुसी (Powdery Mildew) | ०.२% वा २०० मिलिलिटर प्रति १०० लिटर पानीमा | आवश्यकता अनुसार | २७ दिन | २ |

नोट: रोगहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुनसक्छ । त्यसैले विज्ञहरुसंग सम्पर्क गरी यकिन गर्नुहोला ।

## प्रयोग गर्ने विधि

आवश्यक मात्रामा हेक्साकोनाजोल ५% एस.सी. लाई थोरै पानीमा मिसाई राम्ररी चलाएर घोल तयार गर्नुहोस् । त्यसपछि सिफारिस मात्रासम्म पानी थपेर पुनः राम्रोसँग मिसाउनुहोस् । यो विषादीलाई बकेट पम्प स्प्रेयर, स्टिरप पम्प स्प्रेयर, रकिङ स्प्रेयर, फुट स्प्रेयर, ह्विलब्यारो स्प्रेयर, कम्प्रेसन न्यापस्याक स्प्रेयर, ब्याट्री स्प्रेयर तथा ASPEE HTP पावर स्प्रेयर प्रयोग गरी बालीमा छर्न सकिन्छ ।

## यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।

यो विषादी खाद्य पदार्थ, खाली खाद्य कन्टेनर तथा पशु आहारबाट टाढा राख्नुहोस् । मुख, आँखा तथा छालासँग सम्पर्क हुन नदिनुहोस् । स्प्रे गर्दा निस्कने धुवाँ वा थोपा श्वासमार्फत भित्र जान नदिनुहोस् । हावाको दिशातर्फ स्प्रे गर्नुहोस् । स्प्रे गरेपछि दूषित कपडा तथा शरीरका भागहरू राम्रोसँग धुनुहोस् । स्प्रे गर्ने समयमा धूम्रपान, खानपिन वा चपाउने कुनै पनि वस्तु प्रयोग नगर्नुहोस् । मिश्रण तयार गर्दा तथा स्प्रे गर्दा पूरा सुरक्षात्मक पोशाक लगाउनुहोस् । प्रयोगका सीमितता तथा सावधानीहरू: यो विषादीले मौरी, माछा, पशुधन, जंगली चराचुरुङ्गी तथा अन्य जनावरलाई हानीपुग्न सक्ने सम्भावना भएकाले यस विषयमा विशेष ध्यान पुऱ्याई मात्र प्रयोग गर्नुहोस् । माछा र मौरीको लागि घातक हुने हुदाँ मौरी चरनको लागि फूल फुलेको समयमा र माछा पोखरीमा पर्ने वा बगेर जाने गरी यस विषादी प्रयोग गर्नुहुदैन ।

## मानिसलाई यो विषादीको विष लागेको अवस्थामा

विषाक्तताले घबराहट, चिन्ता, कम्पन, एंठन (Convulsion) तथा एलर्जी सम्बन्धी लक्षणहरू देखा पर्न सक्छन् ।

## विष लाग्दा अपनाउनु पर्ने प्राथमिक उपचार

विषादी निलेको अवस्थामा, घाँटीको पछाडिको भागमा काउकुती लगाएर बान्ता गराउनुहोस् । बान्ता सफा नहुनजेलसम्म दोहोर्याउनुहोस् । बिरामी बेहोस अवस्थामा भए बान्ता गराउन हुँदैन । लुगा वा छाला दूषित भएमा, दूषित लुगा हटाई प्रशस्त साबुन र पानीले छाला राम्रोसँग धुनुहोस् । आँखा दूषित भएमा, १० देखि १५ मिनेटसम्म प्रशस्त सफा पानीले आँखा धुनुहोस् । श्वासप्रश्वास मार्फत विषादी गएको भए, बिरामीलाई तुरुन्त खुला तथा ताजा हावामा लैजानुहोस् ।

## एण्टिडट

विशेष किसिमको एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्ने ।

## प्रयोग गरीएका भाँडाको बिसर्जन


कन्टेनर फिर्ताको लागि विषादी बिक्रेतालाई सम्पर्क गर्नुहोस् । यदि कन्टेनर फिर्ता गरिएको छैन भने, तीन पटक पखाल्नुहोस् त्यसपछि वातावरण वा पानी प्रदूषण हुन नदिन प्याकेज, बाँकी रहेको पदार्थ र धुने क्रममा निस्किएको फोहोरलाई सुरक्षित तरिकाले व्यवस्थापन गर्नुहोस । विषादी राखिएको प्याकेट कहिल्यै पूनः प्रयोग (पानी, खाना, तेल जस्ता खानेकुरा राख्न) नगर्नुहोस् । खाली कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढा प्रयोग गर्न नमिल्ने गरि खाडलमा गाडेर सुरक्षित तरिकाले नष्ट गर्नुपर्नेछ ।

## भण्डारणको अवस्था

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ । विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ । विषादीलाई खाना,पेय पदार्थ,पशु आहारा,औषधि वा मलखादबाट टाढा राख्नुहोस् ।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी** बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।



**सावधान, मध्यम घातक, नीलो (कृषि प्रयोजनका लागिमात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०११ नं. मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना:**

शनमुखा एग्रीटेक लिमिटेड, हैदराबाद, तेलंगाना, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.**

युनिक एग्रो सेन्टर एण्ड रुपक भेट फर्मा, कपिलवस्तु, नेपाल ९८४०४९३७९५ **उत्पादित देशको पञ्जीकरण नं.**

CIR-175988/2021-Hexaconazole (SC) (412)-1566

**नेपालमा पञ्जीकरण गरिएको नं.**

0088-FUN-SC-2026




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन। अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस्।**

इमिडाक्लोप्रिड ७० % डब्लु.जी.

Imidacloprid 70% WG

# युनिमिडा (UNIMIDA)

दैहिक कीटनाशक विषादी

| सिफारिस | | | | | |
|---|---|---|---|---|---|
| बाली | कीराहरुको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि- दिन | ग्राम प्रति लिटर पानीमा |
| | | यस विषादीको आवश्यक मात्रा- ग्राम) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| कपास | लाही (Aphids), ज्यासिड (Jassids), थ्रिप्स(Thrips) | ३०-३५ | ३७५-५०० | ७ | ०.०७-०.०८ |
| काँक्रो | लाही (Aphids), ज्यासिड (Jassids) | ३५ | ५०० | ५ | ०.०७ |
| धान | सेतो पिठ्युँ भएको फड्के (White backed plant hoppers), खैरो फड्के (Brown plant hoppers) | ३०-३५ | ३००-३७५ | ७ | ०.०९-०.१ |
| भिण्डी | लाही (Aphids), ज्यासिड (Jassids), थ्रिप्स(Thrips) | ३०-३५ | ३७५-५०० | ३ | ०.०७ -०.०८ |

नोट: कीराहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुनसक्छ। त्यसैले विज्ञहरुसंग सम्पर्क गरी यकिन गर्नुहोला।

**प्रयोग गर्ने विधि**

इमिडाक्लोप्रिड ७०% डब्लु.जी. विषादीलाई सिफारिस गरिएको परिमाणअनुसार मापन गर्नुहोस्। थोरै पानीमा विषादी राम्रोसँग घोली एकनासको घोल तयार गर्नुहोस् ।तयार गरिएको घोललाई आवश्यक पानीमा मिसाई स्प्रे ट्याङ्कीमा हालेर राम्ररी चलाउनुहोस्। हातले सञ्चालन गरिने न्यापस्याक स्प्रेयर वा उपयुक्त स्प्रेयरको प्रयोग गरी बालीमा समान रूपमा छर्कनुहोस्। यो विषादीलाई सामान्य रूपमा प्रयोग गरिने ढुसीनाशक, कीटनाशक तथा युरियासँग मिलाएर प्रयोग गर्न सकिन्छ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ।**

यो विषादी विषालु भएकाले सावधानीपूर्वक प्रयोग गर्नुहोस्। विषादी चलाउँदा वा प्रयोग गर्दा यसको सम्पर्कमा नआउनुहोस् तथा श्वास मार्फत भित्र जान नदिनुहोस्। प्रयोग गर्दा रबरका पञ्जा, फेस मास्क तथा सुरक्षात्मक सामग्रीको प्रयोग गर्नुहोस्। विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुँदैन। विषादी शरिरमा पर्न दिनुहुँदैन। काम सकिएपछि साबुन र प्रशस्त पानीले हात धुनुहोस् र लुगा फेर्नुहोस्। यो विषादी मौरी, माछा तथा अन्य जलीय जीवका लागि हानिकारक हुन सक्ने भएकाले फूल फुलेको समयमा छर्कनु हुँदैन। माछापालन क्षेत्र, पोखरी, नदी, कुलो तथा अन्य जलस्रोत नजिक विषादी प्रयोग गर्दा विशेष सावधानी अपनाउनुपर्छ। विषादीको घोल, बाँकी रहेको विषादी वा धुने पानी जलस्रोतमा मिसिन दिनु हुँदैन।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

विषाक्तताको प्रारम्भिक लक्षणहरूमा उदासीनता (Apathy), मांसपेशी सार्हो हुने (Myatonia), शरीर काम्ने (Tremor), श्वास फेर्न गाह्रो हुने, मांसपेशी खुम्चिने (Myospasms) जस्ता लक्षण देखिन सक्छ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

आँखामा विषादी परेको छ भने सफा र स्वच्छ पानीले निरन्तर धुनुहोस्। विषाक्तता भएको अवस्थामा रक्तचाप र नाडीको गति बारम्बार जाँच गर्नुपर्छ। मुटुको धड्कन कम हुने तथा रक्तचाप घट्न सक्ने भएकाले कृत्रिम श्वासप्रश्वास तथा मुटुको सहायक उपचार आवश्यक पर्न सक्छ। पेट सफा गर्ने प्रक्रिया (Gastric lavage) तथा पखाला लगाउने औषधि (Saline laxative) प्रयोग गरी विषाक्त पदार्थ हटाउनुपर्छ। छालामा परेमा साबुन पानीले राम्ररी धुनुहोस्।

**एण्टिडट**

कुनै विशेष एटिण्डट छैन। लक्षण अनुसार उपचार गर्नुहोस्।


**प्रयोग गरीएका भाँडाको बिसर्जन**

वातावरण वा पिउने पानीको स्रोत प्रदूषण नहुने गरी कन्टेनर वा कन्टेनर पखाल्न प्रयोग गरिएको पानी सुरक्षित रूपमा विसर्जन गर्नुहोस्। विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल राख्न) नगर्नुहोस। त्यसपछि पुनः प्रयोग गर्न नमिल्ने गरि प्याकेटलाई तोडेर बस्तीबाट टाढा क्षेत्रमा गाड्नुहोस्।

**भण्डारणको अवस्था**

विषादी भएका प्याकेजहरूलाई यसको मूल कन्टेनरहरूमै अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ। विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ ताकि पानीको वाष्पबाट प्रदूषण नहोस्। विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, वा मलखादबाट टाढा राख्नुहोस्।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस्। सावधानी** बच्चाको पहुँचबाट टाढा राख्नुहोस।



**सावधान, ज्यादै घातक, पहेंलो**
**(कृषि प्रयोजनका लागि मात्र)**


यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस्। वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना:** शनमुखा एग्रीटेक लिमिटेड, हैदराबाद, तेलंगाना, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.** युनिक एग्रो सेन्टर एण्ड रुपक भेट फर्मा, कपिलवस्तु, नेपाल ९८४०४९३७९५

**उत्पादित देशको पञ्जीकरण नं.**
CIR-152784/2018-Imidacloprid (WG) (389)-2161

**नेपालमा पञ्जीकरण गरिएको नं.**
0089-INS-WG-2026




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस्।**

जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नु पूर्व  यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस्  ।

कारटाप हाइड्रोक्लोराइड ४% जी.आर

**CARTAP HYDROCHLORIDE 4% GR**

# क्रिटाप ४ जी (KRITAP 4G)

दैहिक कीटनाशक

**सिफारिस**

| बाली | कीराको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा (के.जी) | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) |
|---|---|---|---|
| धान | डाँठको गभारो (Stem Borer) | १८.७५० | छैन |
| | पात बेरुवा (Leaf Folder) | १८.७५० – २५.००० | छैन |
| | गुभोमा लाग्ने झिंगा (Whorl Maggot) | १८.७५० – २५.००० | छैन |

**नोट** : यो दानेदार विषादी (Granules) भएकोले बालीमा सिधै दाना छर्ने गरिन्छ । यसलाई प्रयोग गर्दा पानी आवश्यक पर्दैन ।

**प्रयोग गर्ने विधि :**

यो दानेदार विषादी छर्नका लागि हातले चलाउने दानादार विषादी छर्ने यन्त्र (Hand operated granules applicator) वा मेकानिकल डिस्पर्सर (Mechanical disperser) को प्रयोग गर्नु पर्दछ । यदि हातले छर्ने हो भने अनिवार्य रुपमा रवरको पन्जा (Hand-bearing rubber gloves) लगाउनु  पर्छ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्दछ ।**

मुख, आँखा, छालामा विषादीको सिधा सम्पर्क हुन नदिनुका साथै विषादी छर्दा वा प्रयोग गर्दा धुम्रपान गर्ने केहि चपाउने, खाने, अथवा पिउने, गन्ध सुँघ्ने वा श्वासबाट भित्र लिने काम नगर्नुहोस्। विषादी प्रयोग गर्दा मास्कको साथै सुरक्षित लुगाहरु (protective clothing) र बुट (जुत्ता) अनिवार्य रुपमा लगाउनुहोस् । विषादी प्रयोग गरिसकेपछि दुषित कपडाहरु र शरीरका भागहरु राम्ररी सावुन पानीले धुनुहोस् । यस विषादीको उच्च घनत्व (high concentration) को घोललाई कम तथा अति कम परिमाणमा छर्ने (ultra low volume application) मेशिनमा प्रयोग गर्नु खतरनाक हुन सक्छ, त्यसैले यस प्रक्रियालाई निषेध गर्नुपर्छ ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा ।**

वाकवाकी लाग्ने , हातखुट्टा र शरीर अत्याधिक काम्ने , र्‍याल निस्कने, मांसपेशी  बटारिने, श्वास फेर्न गाह्रो हुने, आँखाको नानी फैलने जस्ता लक्षणहरू देखा पर्छन् ।

**विष लाग्दा अपनाउनु पर्ने प्राथमिक उपचार :**

यो विषादी निलेको छ भने, बिरामी सचेत भएको अवस्थामा मात्र घाटीको पछिल्लो भागमा औंलाले चलाएर वान्ता गराउनुहोस् । बिरामी बेहोस छ भने वान्ता नगराउनुहोस् । छाला वा कपडामा विषादी परेको छ भने  तुरुन्त कपडा फुकाल्नुहोस् र छालालाई प्रशस्त सावुन पानीले  धुनुहोस् । आँखामा विषादी परेको छ भने सफा र स्वच्छ पानीले १० देखि १५ मिनेट सम्म पानीले निरन्तर धुनुहोस् । यदि श्वासको माध्यमबाट विषादी शरीरमा गएको छ भने बिरामीलाई तुरुन्त खुल्ला र ताजा हावा भएको ठाँउमा लैजानुहोस् र तुरुन्त चिकित्सककहाँ पुर्‍याउनुहोस् ।

**एण्टिडटः**

यो विषादीको विशेष एण्टिडट छैन, लक्षणको आधारमा उपचार गर्नुपर्छ । चिकित्सकको सल्लाह र निगरानीमा नसामार्फत १००-२०० मि.ग्रा (L-cysteine) वा मांसपेशीमा २०-६० मि.ग्रा. BAL ( British Anti-Lewisite) सुई दिन सिफारिस गरिन्छ ।

**विषादी प्रयोग गरीएका भाँडाको विसर्जन :**


कन्टेनर फिर्ताको लागि विषादी बिक्रेतासँग सम्पर्क गर्नुहोस् । यदि कन्टेनर फिर्ता गरिएको छैन भने, तीन पटक पखाल्नुहोस् त्यसपछि वातावरण वा पानी प्रदूषण हुन नदिन प्याकेज , बाँकी रहेको पदार्थ र धुने क्रममा निस्किएको फोहोरलाई सुरक्षित तरिकाले व्यवस्थापन गर्नुहोस्  । विषादी राखिएको प्याकेट कहिल्यै पनि पूनः प्रयोग (पानी, खाना, तेल जस्ता तरल पदार्थ राख्न) नगर्नुहोस् । खाली कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढा प्रयोग गर्न नमिल्ने गरी खाडलमा गाडेर सुरक्षित तरिकाले नष्ट गर्नुहोस् ।

**भण्डारणको अवस्था :**

विषादीलाई खाद्य पदार्थ , पशुआहार (दाना), र खानेकुरा राख्ने खाली भाँडाकुँडा भन्दा टाढा छुट्टै ठाउँमा राख्नुपर्छ । विषादीलाई यसको आफ्नै सक्कली प्याकेटमा, मानिस र जनावरको पहुँच भन्दा टाढा, छुट्टै कोठामा ताला लगाएर राख्नु पर्दछ । विषादी भण्डारण गर्ने कोठा राम्ररी निर्मित, पर्याप्त उज्यालो, सुख्खा, चिसो, हावा राम्ररी ओहोरदोहोर गर्ने फलतः वाष्पबाट दूषित नहुने खालको हुनुपर्दछ  ।

**प्रयोग गर्न पूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी** : विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, ज्यादै घातक, पहेंलो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नम्बरमा फोन गर्नुहोस वा **info@npponepal.gov.np** मा इमेल गर्नुहोस ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना :**

कृषि रसायन एक्सपोर्ट्स प्रा.लि
कोलकोता, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं:**


मनिता एग्रो इन्टरप्राईजेज,
कलैया - ६,बारा, ९८५५०२६१४४

**उत्पादित देशको रजिष्टर नं.**

CIR-25,406/97 CartapHydrochloride (GR)-79

**नेपालमा पञ्जीकरण गरिएको नं.**

0090-INS-GR-2026




**विषादीको प्रयोग गर्नु पूर्व सुचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

कार्टाप हाइड्रोक्लोराइड ४% जी.आर.

Cartap Hydrochloride 4% G.R.

# केलडान ४जी (Caldan 4G)

दैहिक कीटनाशक विषादी

**सिफारिस :**

| बाली | कीराको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्न वा काट्न अघि पर्खने अवधि | ग्राम / प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा - (के.जी.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| धान | डाँठको गभारो (Stem Borer) | १८.७५० | आवश्यक नपर्ने | छैन | |
| | पात बेरुवा (Leaf Folder) | १८.७५०-२५ | आवश्यक नपर्ने | छैन | |
| | गुभोमा लाग्ने झिँगा (Whorl Maggot) | १८.७५०-२५ | आवश्यक नपर्ने | छैन | |

**द्रष्टव्यः** यो दानेदार विषादी भएकोले बालीमा सिधै दाना छर्ने गरिन्छ । यसमा पानी मिसाउनु पर्दैन ।

**नोटः** कीराहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुनसक्छ । त्यसैले विज्ञहरुसंग सम्पर्क गरी यकिन गर्नुहोला ।

**प्रयोग गर्ने विधि**

यो विषादी छर्नका लागि हातले चलाउने दानादार विषादी छर्ने यन्त्र (Hand operated granules applicator) वा मेकानिकल डिस्पर्सर (Mechanical disperser) को प्रयोग गर्नुपर्दछ । यदि हातले छर्ने हो भने अनिवार्य रूपमा रबरको पन्जा (Hand bearing rubber gloves) लगाउनुपर्छ । यो विषादीलाई धान रोपको १० दिन पछि बाट १५ दिनको फरकमा आवश्यकताको आधारमा ३ पटक सम्म प्रयोग गर्न सकिन्छ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।**

विषादीलाई खाद्यपदार्थ, पशु आहार(दाना), र खानेकुरा राख्ने खाली भाँडाकुँडा भन्दा टाढा छुट्टै ठाउँमा राख्नुपर्छ । मुख, आँखा र छालामा विषादीको सिधा सम्पर्क हुन नदिनुका साथै विषादी छर्दा वा प्रयोग गर्दा धुम्रपान गर्ने, केही चपाउने, खाने वा पिउने, गन्ध सुँघ्ने वा श्वासबाट भित्र लिने काम नगर्नुहोस्। विषादी प्रयोग गर्दा पूर्ण सुरक्षित लुगाहरू र बुट अनिवार्य रूपमा लगाउनुहोस् । विषादी प्रयोग गरिसकेपछि दूषित कपडाहरू र शरीरका भागहरू राम्ररी साबुन पानीले धुनुहोस् ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

वाकवाकी लाग्ने, शरीरका अंगहरू (हातखुट्टा) काम्ने, अत्यधिक र्‍याल बग्ने, ऐंठन (मांसपेशी खुम्चिने), श्वास फेर्न गाह्रो हुने तथा आँखाको नानी फराकिलो हुने (माइड्रियासिस) हुन सक्छ ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

यदि विषादी निलेको छ भने, बिरामी सचेत भएको अवस्थामा मात्र घाँटीको पछिल्लो भागमा औँलाले चलाएर बान्ता गराउनुहोस् । बिरामी बेहोस छ भने बान्ता नगराउनुहोस् । छाला वा कपडामा विषादी परेको छ भने तुरुन्त कपडा फुकाल्नुहोस् र छालालाई प्रशस्त साबुन पानीले धुनुहोस् । आँखामा विषादी परेको छ भने सफा र स्वच्छ पानीले १० देखि १५ मिनेटसम्म निरन्तर धुनुहोस् । यदि श्वासको माध्यमबाट विषादी शरीरमा गएको छ भने बिरामीलाई तुरुन्त खुल्ला र ताजा हावा भएको ठाउँमा लैजानुहोस् र तुरुन्त चिकित्सककहाँ पुर्‍याउनुहोस्।

**एण्टिडट**

चिकित्सकको सल्लाह र निगरानीमा नसामार्फत १००-२०० मि.ग्रा.(L-cysteine) वा मांसपेशीमा २०-६० मि.ग्रा.(British Anti-Lewisite) सुई दिन सिफारिस गरिन्छ । डर्माटाइटिस (छालाको सूजन/एलर्जी) को अवस्थामा स्टेरोइडयुक्त औषधि प्रयोग गर्ने ।

**प्रयोग गरीएका भाँडाको बिसर्जन**


कन्टेनर फिर्ताको लागि विषादी विक्रेतालाई सम्पर्क गर्नुहोस् । यदि कन्टेनर फिर्ता गरिएको छैन भने, तीन पटक पखाल्नुहोस् । त्यसपछि प्रयोग गर्न नमिल्ने गरि नष्ट गर्नुहोस् । मानवबस्ती र पानीको स्रोतभन्दा टाढा गाडेर विसर्जन गर्नुहोस् । विषादी राखिएको प्याकेट कहिल्यै पूनः प्रयोग (पानी, खाना, तेल राख्न) नगर्नुहोस ।

**भण्डारणको अवस्था**

खाना, दाना, रित्ता भाँडा भन्दा यो विषादी पर राख्ने । विषादी सधैं ठण्डा, सुख्खा र हावा लाग्ने ठाउँमा राख्ने । लामो समय सम्म प्रत्यक्ष घाम पर्ने भण्डारण कक्षमा भण्डारण नगर्नुहोस्। विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, सौन्दर्य प्रशोाधन वा मलखादबाट टाढा राख्नुहोस् ।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी** बच्चाको पहुँचबाट टाढा राख्नुहोस !



**सावधान, ज्यादै घातक, पहेँलो**

**(कृषि प्रयोजनका लागिमात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना:**

धानुका एग्रिटेक लिमिटेड, इन्डिया

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.**


मेची एग्रो सप्लायर्स, बिर्तामोड-५, झापा, ०२३५३३५६०

**उत्पादित देशको पञ्जीकरण नं.**

CIR-30,137/98/CARTAP HYDROCHLORIDE(GR)-124

**नेपालमा पञ्जीकरण गरिएको नं.**

**0091-INS-GR-2026**




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नु पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

एट्राजिन ५०% डब्लु.पी

Atrazine 50% WP

# स्ट्राइक (Strike)

अंकुरण पूर्व छर्कने दैहिक झारनाशक

**सिफारिस:**

| बाली | झारको सामान्य नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | ग्राम प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (के.जी.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| मकै | सेतो पुनरनभा *(Trianthema monogyna)*, ढुकुरे झार *(Digera arvensis)*, सामा घाँस *(Echinochloa* spp.*)*, कोदे झार *(Eleusine* spp.*)*, भेंडे कुरो *(Xanthium strumarium)*, मुलाटो घाँस *(Brachiaria* spp.*)*, लट्टेसेतो *(Amaranthus viridis)*, बनतोरी/हुरहुरे झार *(Cleome viscosa)*, बन्सो झार *(Digitaria* spp.*)*, लट्टे झार प्रजाति *(Polygonum* spp.*)* | १.०-२.० | ५००-७०० | - | २.०-२.८ |
| उखु | नुनिया साग/कुल्फा साग *(Portulaca oleracea)*, बन्सो झार *(Digitaria* spp.*)*, पुनरनभा *(Boerhaavia diffusa)*, दुधे झार *(Euphorbia* spp.*)*, गोखुरे झार *(Tribulus terrestris)* | १.०-४.० | ५००-७०० | - | २.०-५.७ |

नोट: झारहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुन सक्छ। त्यसैले विज्ञहरुसँग सम्पर्क गरी यकिन गर्नुहोला।

**प्रयोग गर्ने विधि:**

आवश्यक मात्रामा विषादी नापी थोरै मात्रामा पानीसँग राम्ररी मिसाउनुहोस्। त्यसपछि निर्दिष्ट बाँकी पानी क्रमशः हाल्दै राम्रोसँग चलाएर (घोल्दै) एकरूप बनाउनुहोस्। उपयुक्त स्प्रेयर प्रयोग गरी बालीमा पूर्ण रूपमा ढाकिने गरी तयार गरेको विषादी छर्कनुहोस्। यसका लागि न्यापस्याक स्प्रेयर, कम्प्रेसन न्यापस्याक स्प्रेयर, कम्प्रेसन न्यापस्याक ब्याट्री स्प्रेयर (फ्ल्याट फ्यान वा फ्लड जेट नोजल सहित) प्रयोग गर्न सकिन्छ। मकै बालीमा बिरुवा रोपाइँ गरेलगत्तै (अंकुरण पूर्व अवस्थामा) र उखु बालीमा झाररहित माटोमा (अंकुरण पूर्व अवस्थामा) प्रयोग गर्नुपर्छ। भूमिगत जलस्तर (ground water level) बढी भएको क्षेत्रमा यसको प्रयोग गर्दा विशेष सतर्कता अपनाउनुपर्छ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्दछ।**

विषादीको प्याकेट खोल्दा, घोल तयार गर्दा वा विषादी छर्कदा पञ्जा, रबर बुट, चश्मा ग्याँस मास्क, टोपी तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस्। श्वास फेर्नबाट तथा आँखा र छालासँग प्रत्यक्ष सम्पर्क हुनबाट जोगिनुहोस्। प्रयोग गर्दा खानु, पिउनु, चपाउनु वा धूम्रपान नगर्नुहोस्। प्रयोगपछि खाली कन्टेनर नष्ट गर्नुहोस्। विषादी छरी सकेपछि सम्पर्कमा आएका कपडाहरु राम्रोसँग धुनुहोस् र नुहाउनुहोस्। खाद्य पदार्थ तथा पशु आहारबाट टाढा राख्नुहोस्। चिसो र सुख्खा ठाउँमा ताप वा खुला आगोबाट टाढा राख्नुहोस्।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

टाउको दुख्ने, वाकवाकी लाग्ने, बान्ता हुने, चक्कर लाग्ने, कम्पन हुने जस्ता लक्षणहरूका साथ पखाला पनि हुन सक्छ।

**विष लाग्दा अपनाउनु पर्ने प्राथमिक उपचार:**

यदि विषादी निलेको खण्डमा घाँटीको पछाडिको भागमा काउकुती लगाएर बान्ता गराउनुहोस् र बान्ता सफा नभएसम्म यो प्रकृया दोहोर्याउनुहोस्। बिरामी बेहोस छ भने बान्ता गराउनुहुँदैन। छाला वा शरीरको भागमा विषादीको सम्पर्क भएमा तुरुन्त कपडा फुकाल्नुहोस् र विषादी परेको ठाउँमा प्रशस्त साबुन पानीले धुनुहोस्। आँखामा विषादी परेमा सफा र स्वच्छ पानीले १०-१५ मिनेटसम्म निरन्तर धुनुहोस्। श्वासप्रश्वास मार्फत विषाक्तता भएमा प्रभावित व्यक्तिलाई ताजा हावा चल्ने खुला ठाउँमा लैजानुहोस्।

**एण्टिडट:**

विशेष किसिमको एण्टिडट छैन। लक्षणको आधारमा उपचार गर्ने।

**प्रयोग गरीएका भाँडाको विसर्जन**


प्रयोग गरिएका प्याकेटहरू तोडेर बस्तीभन्दा टाढा गाड्नुपर्छ। पुनः प्रयोग हुन नदिन प्रयोग गरिएका प्याकेटहरू बाहिर खुला रूपमा नछोड्नुहोस्। प्रयोगपछि बाँकी रहेका सामग्री, अतिरिक्त पदार्थहरू तथा विषादी धोएको पानीलाई वातावरण वा पानी प्रदूषण नहुने गरि सुरक्षित तरिकाले विसर्जन गर्नुपर्छ।

**भण्डारणको अवस्था:**

विषादी भएका प्याकेटहरुलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला लगाई राख्नुपर्छ। विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस्।**

**सावधानी** : विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस्।




**सावधान, मध्यम घातक, नीलो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं.मा फोन गर्नुहोस्। वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादक र वितरकको नाम**

इन्सेक्टिसाइड (भारत) लिमिटेड,
४०१-४०२, लुसा टावर, कमर्सियल कम्प्लेक्स, आजादपुर, दिल्ली, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पक:-**

नेपाल एग्रो सेन्टर प्राइभेट लिमिटेड,
धनुषा, जनकपुर, नेपाल
९८४४०२०६००

**उत्पादित देशको रजिष्टर नं. CIR-38,498(219)/2002-ATRAZINE (WP)-282**

**नेपालमा पञ्जीकरण गरिएको नं.:**

0093-HER-WP-2026




**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस्।**

**जीवनाशक विषादी विष हो, औषधी होइन। अतः विषादीको प्रयोग गर्नु पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस्।**

थायामेथोक्साम २५% डब्लु.जी.

Thiamethoxam 25% WG

# एरो (ARROW)

दैहिकका साथै तत्काले सम्पर्क र आन्तरिक कार्य प्रकृतिको कीटनाशक विषादी

**सिफारिस:**

| बाली | कीराको नाम | प्रति हेक्टर वा २० रोपनिका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि | ग्राम प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (ग्रा) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| आँप | फड्के (Hoppers) | १०० | १००० | ३० दिन | ०.१ |
| आलु | लाही (Aphids) | १०० ग्राम पातमा छर्ने) २०० ग्राम ( माटोमा राख्ने ) | ५०० | ७७ दिन | ०.२-०.४ |
| कपास | ज्यासिड (Jassids), लाही (Aphids) | १०० | ५००-७५० | २१ दिन | ०.१४३-०.२ |
| कपास | सेतो झिँगा (White flies) | २०० | ५००-७५० | २१ दिन | ०.२९-०.४ |
| गहुँ | लाही (Aphids) | ५० | ५०० | २१ दिन | ०.१ |
| चिया | लामखुट्टे कीरा (Mosquito bug) | १०० | ४००-५०० | ७ दिन | ०.२-०.२५ |
| गोलभेँडा | सेतो झिँगा (White flies) | २०० | ५०० | ५ दिन | ०.४ |
| धान | डाठँको गभारो (stem borer), ढुङग्रे कीरा (Gall Midge), पात बेरुवा (Leaf Folder), खैरो फड्के (BPH), सेतो पिठ्यु भएको फड्के (White backed plant hopper), पातको हरियो फड्के (Green leafhopper), थ्रिप्स (Thrips) | १०० | ५००-७५० | १४ दिन | ०.१३२-०.२ |
| कागती | सिट्रस सिल्ला (Psylla) | १०० | १००० | २० दिन | ०.१ |
| भन्टा | सेतो झिँगा (White flies), ज्यासिड (Jassids) | २०० | ५०० | ३ दिन | ०.४ |
| तोरी | लाही (Aphids) | ५०-१०० | ५००-१००० | २१ दिन | ०.०५-०.२ |
| गोलभेँडा (माटोमा राख्ने) | सेतो झिँगा (White flies) | ४०० | ५०० | ५ दिन | ०.८ |
| भिण्डी | ज्यासिड (Jassids), लाही (Aphids), थ्रिप्स (Thrips), सेतो झिँगा (White flies) | १०० | ५००-१००० | ५ दिन | ०.१-०.२ |
| जीरा | लाही (Aphids) | १०० | ५०० | १५ दिन | ०.२ |
| धान ( नर्सरी) | हरियो फड्के (Green leafhopper), थ्रिप्स (Thrips), गुभोमा लाग्ने झिँगा (Whorl Maggot) | २००० | ५०० | ८६ दिन | ४ |

**प्रयोग गर्ने विधि**

विषादीको आवश्यक मात्रा नापी थोरै पानीमा राम्ररी मिसाउनुहोस्। त्यसपछि बाँकी आवश्यक पानी थपेर राम्रोसँग घोल्नुहोस् ताकि बालीमा पूर्ण रूपमा छर्कन सकियोस्। यो विषादी छर्कनका लागि न्यापस्याक स्प्रेयर, फुट स्प्रेयर, कम्प्रेसन न्यापस्याक स्प्रेयर, ब्याट्रीबाट सञ्चालित न्यापस्याक स्प्रेयर, ब्याट्री सञ्चालित पावर स्प्रेयर, ASPEE–HT पावर स्प्रेयर जस्ता उपकरणहरू प्रयोग गर्न सकिन्छ।

१.आँप: फड्के कीरा देखिन थालेपछि पहिलो स्प्रे गर्नुहोस् र प्रकोपको स्तर अनुसार १५ दिनको अन्तरालमा १-२ पटक पून: स्प्रे गर्नुहोस्।

२. आलु: पातमा छर्कने (Foliar application): लाही कीरा देखिएपछि पहिलो स्प्रे गरी १०-१५ दिनको अन्तरालमा २-३ पटक दोहोर्याउनुहोस्। माटोमा हाल्ने (Soil drench): कीरा देखा पर्नु अघि जराको क्षेत्रमा एक पटक प्रयोग गर्नुहोस्।

३.कपास: रोपाइँपछि २५-३० दिन (DAS)मा वा कीरा देखिनेबित्तिकै पहिलो स्प्रे गर्नुहोस्। प्रकोप अनुसार १५ दिनको अन्तरालमा २-३ पटक दोहोर्याउनुहोस्।


४.गहुँ: कीरा देखिएपछि पहिलो स्प्रे गरी १५ दिनको अन्तरालमा १-२ पटक दोहोर्याउनुहोस्।

५.चिया: कीरा देखिएपछि पहिलो स्प्रे गरी १५-२१ दिनको अन्तरालमा २-३ पटक दोहोर्याउनुहोस्।

६.टमाटर: कीरा देखिएपछि पहिलो स्प्रे गरी १०-१५ दिनको अन्तरालमा २-३ पटक दोहोर्याउनुहोस्। माटोमा हाल्ने (Soil drench): कीरा देखिनु अघि जराको क्षेत्रमा एक पटक प्रयोग गर्नुहोस्।

**प्रयोगको निर्देशन: कृपया प्रयोग गर्नु अघि संलग्न सूचक पर्चा पढ्नुहोस् र पालना गर्नुहोस्।**

**चेतावनी:** विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस्।




**सावधान, मध्यम घातक, नीलो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस्। वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादक र वितरकको नाम:-**
**इन्सेक्टिसाइड (भारत) लिमिटेड**
४०१-४०२, लुसा टावर,
कमर्सियल कम्प्लेक्स, आजादपुर,
दिल्ली, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.:-**
**नेपाल एग्रो सेन्टर प्राइभेट लिमिटेड,**
धनुषा, जनकपुर, नेपाल
९८४४०२०६००

**उत्पादित देशको रजिष्टर नं.**
**CIR-50,643/2005**
**THIAMETHOXAM (WG)**
**(246)-136**

**नेपालमा पञ्जीकरण गरिएको नं.:**

0094-INS-WG-2026




**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस्।**

७. धानः प्रारम्भिक अवस्थाका कीराहरू (जस्तै डाँठको गभारा, ढुङग्रे कीरा) नियन्त्रणका लागि रोपाइँपछि २५-३० दिन (DAS)मा एक पटक स्प्रे गर्नुहोस्। ढिलो देखा पर्ने कीराहरू (पातको हरियो फड्के, खैरो फड्के,सेतो पिठ्यु फड्के आदि) नियन्त्रणका लागि बुटिङ स्टेज (५०-५५ DAS) मा अर्को स्प्रे गर्नुहोस्।
८. भन्टाः कीरा देखिएपछि पहिलो स्प्रे गरी १०-१५ दिनको अन्तरालमा २-३ पटक दोहोर्याउनुहोस्।
९. भिण्डीः कीरा देखिएपछि पहिलो स्प्रे गरी १५ दिनको अन्तरालमा १-२ पटक दोहोर्याउनुहोस्।
१०. तोरीः कीरा देखिएपछि पहिलो स्प्रे गरी १५ दिनको अन्तरालमा १-२ पटक दोहोर्याउनुहोस्।
११. कागती वर्गीय बालीः कीरा देखिएपछि पहिलो स्प्रे गरी १५-२१ दिनको अन्तरालमा २-३ पटक दोहोर्याउनुहोस्।

## यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ।

खाद्यान्न, खाली घरायसी भाँडा तथा पशु आहारबाट टाढा राख्नुहोस्। विषादीको घोल तयार गर्न खाना पकाउने भाँडाहरू प्रयोग नगर्नुहोस् । कपडा, मुख, आँखा एवं छालामा विषादीको सिधा सर्म्पक हुन नदिनुहोस्। विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुदैन साथै विषादीको प्याकेट खोल्दा, घोल तयार गर्दा वा विषादी छर्कदा पञ्जा, रवर वुट, चश्मा ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस्। विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुदैन। विषादी छर्दा हावाको दिशातर्फ फर्केर छर्किनुहोस्। विषादी शरिरमा पर्न दिनुहुदैन। विषादी छरी सके पछि सर्म्पकमा आएका कपडाहरु राम्रोसगं धुनुहोस्, प्रशस्त पानीले हात धुनुहोस् र नुहाउनुहोस्। यो विषादी वन्यजन्तुका साथै जलीय जीवहरूका लागि अत्यन्त विषाक्त छ। यो विषादी फूल फुलेका बाली, बिरुवा वा झारपातमा प्रत्यक्ष सम्पर्कमा आएका मौरीहरूका लागि अत्यन्त विषाक्त हुन्छ। मौरीहरू उपचार गरिएको क्षेत्र वा त्यसको वरपर आहारा संकलन गरिरहेको अवस्थामा फूल फुलेका बाली, बिरुवा वा झारपातमा यस विषादीको प्रयोग नगर्नुहोस् तथा विषादीको छिटा त्यस्ता क्षेत्रमा पुग्न नदिनुहोस्। पानीमा, सतही पानी रहेको क्षेत्रमा वा नदी खोला तलाउ भएका क्षेत्रमा यस विषादीको प्रयोग नगर्नुहोस्। विषादी प्रयोग गरिएको क्षेत्रबाट बगेर जाने वा हावासँग उडेर जाने विषादीले नजिकका जलक्षेत्रमा रहेका जलीय जीवहरूलाई हानि पुर्‍याउन सक्छ। उपकरण सफा गर्दा वा उपकरण धुने पानी तथा अन्य फोहोर पदार्थको व्यवस्थापन गर्दा जलस्रोतहरू दूषित हुन नदिनुहोस्।

## मानिसलाई यो विषादीको विष लागेको अवस्थामा

विषाक्तताको प्रारम्भिक लक्षणहरूमा स्वतः हुने गतिविधि कम हुनु, टोनिक ऐठन (Tonic convulsions), परेला झर्ने समस्या देखा पर्न सक्छन्।

## विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार

यदि विषादी निलेको खण्डमा घाँटीको पछाडिको भागमा काउकुती लगाएर बान्ता गराउनुहोस् र बान्ता सफा नभएसम्म यो प्रकृया दोहोर्याउनुहोस्। बिरामी बेहोस छ भने बान्ता गराउनुहुँदैन। छाला वा शरीरको भागमा विषादीको सम्पर्क भएमा तुरुन्त कपडा फुकाल्नुहोस् र विषादी परेको ठाउँमा प्रशस्त साबुन पानीले धुनुहोस्। आँखामा विषादी परेमा सफा र स्वच्छ पानीले १०-१५ मिनेटसम्म निरन्तर धुनुहोस्। यदि श्वासप्रश्वास मार्फत विषाक्तता भएमा प्रभावित व्यक्तिलाई ताजा हावा चल्ने खुला ठाउँमा लैजानुहोस्।

## एण्टिडट

कुनै विशेष एण्टिडट छैन। लक्षणात्मक उपचार गर्नुहोस्।

## प्रयोग गरीएका भाँडाको विसर्जन

वातावरण वा पिउने पानीको स्रोत प्रदूषण नहुने गरी कन्टेनर वा कन्टेनर पखाल्न प्रयोग गरिएको पानी सुरक्षित रूपमा विसर्जन गर्नुहोस्। विषादी राखिएको प्याकेट कहिल्यै पूनः प्रयोग (पानी, खाना, तेल राख्न) नगर्नुहोस। त्यसपछि पूनः प्रयोग गर्न नमिल्ने गरि प्याकेटलाई तोडेर बस्तीबाट टाढाको क्षेत्रमा लगेर गाड्नुहोस्।

## भण्डारणको अवस्था

विषादी भएका प्याकेजहरूलाई यसको मूल कन्टेनरमै अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ। विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा ओहोरदोहोर गर्ने खालको हुनुपर्छ ताकि वाष्पबाट दुषित नहोस्। विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, वा मलखादबाट टाढा राख्नुहोस्।

**जीवनाशक विषादी विष हो, औषधी होइन। अतः विषादीको प्रयोग गर्नु पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस्।**

फिप्रोनील ७%+ हेक्सिथियाभोक्स २% एस.सी.

FIPRONIL 7% + HEXITHIAZOX 2% SC

# मैथ्री (Mythri)

सम्पर्क तथा दैहिक कीटनाशक/सुलसुलेनाशक

**सिफारिसः**

| बाली | कीराको नाम | प्रति हेक्टर वा २० रोपनिका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | एम.एल. प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (एम.एल.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| खुर्सानी | थ्रिप्स (Thrips), सुलसुले (Mites) | १००० | ५०० | ७ | २ |

**प्रयोग गर्ने विधिः**

यो विषादीको सिफारिस गरिएको मात्रा आवश्यक पानीमा राम्ररी मिसाई न्यापस्याक स्प्रेयरद्वारा बिरुवा पूर्ण रूपमा भिज्ने गरी समान रूपमा छर्नुहोस्। यस विषादीका लागि कुनै विशेष माटोको अवस्था तोकिएको छैन। फूल फुल्ने अवस्थामा तथा बाली भित्र्याउनुअघि विषादी छर्नुहुँदैन। कीरा तथा सुलसुलेको प्रभावकारी नियन्त्रणका लागि विषादी एकनासले छर्नु आवश्यक हुन्छ।

प्रयोग गर्ने समयः कीराहरू खेतमा देखापर्न थालेपछि तर आर्थिक क्षतिको तह (Economic Threshold Level) पुग्नुभन्दा अगावै विषादी प्रयोग गर्नुहोस्। विषादी छर्दा मौसम सफा, शान्त, वर्षा नभएको तथा तीव्र हावा नचलेको हुनुपर्छ। कीराको प्रकोपको स्तर तथा मौसमको अवस्थाअनुसार १५-२० दिनको अन्तरालमा बढीमा २ पटकसम्म छर्न सकिन्छ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ।**

विषादीको प्याकेट खोल्दा, घोल तयार गर्दा तथा विषादी छर्दा अनिवार्य रूपमा पन्जा, रबर बुट, सुरक्षात्मक चश्मा, ग्यास मास्क, टोपी तथा सम्पूर्ण शरीर ढाक्ने सुरक्षात्मक पोशाक प्रयोग गर्नुहोस्। विषादी छर्ने क्रममा त्यसका सूक्ष्म कण वा छिटाहरू नाक तथा मुखमार्फत शरीरभित्र प्रवेश गर्न नदिनुहोस्। साथै विषादी आँखा, मुख तथा छालासँग प्रत्यक्ष सम्पर्कमा आउन नदिन विशेष सावधानी अपनाउनुहोस्। विषादी छर्ने कार्य सम्पन्न भएपछि प्रयोगका क्रममा सम्पर्कमा आएका लुगा-कपडाहरू राम्रोसँग धुने तथा साबुनपानीले नुहाउने गर्नुहोस्। विषादी छर्ने, घोल तयार गर्ने वा प्रयोग गर्ने क्रममा खानपान गर्ने, चुइङगम वा अन्य वस्तु चपाउने तथा धूम्रपान गर्ने कार्य नगर्नुहोस्। यो विषादी सिफारिस गरिएका बालीहरूमा मात्र प्रयोग गर्नुहोस्, उल्लेख नगरिएका अन्य बालीमा प्रयोग नगर्नुहोस्। माछा तथा अन्य जलीय जीवहरूका लागि विषाक्त भएकाले माछापालन क्षेत्र, पोखरी, तालतलैया, नदी तथा अन्य जलस्रोतको नजिक यसको प्रयोग नगर्नुहोस्। यस विषादीले मौरीलाई समेत हानि पुऱ्याउन सक्ने भएकाले मौरी सक्रिय रहने समयमा विषादी नछर्नुहोस्। बालीमा छर्किएको विषादी पूर्ण रूपमा सुकेपछि मात्र खेत वा बाली क्षेत्रमा प्रवेश गर्नुहोस्।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

यस विषादीको सम्पर्कमा आएपछि आँखामा हल्का जलन, आँसु आउने, धमिलो देखिने, चिलाउने, पोल्ने तथा रातोपन देखा पर्न सक्छ। छालामा सम्पर्क भएमा छाला सुन्निने, जलन हुने वा दाग देखिन सक्ने सम्भावना रहन्छ। विषादीको वाष्प वा छिटा श्वासप्रश्वासमार्फत शरीरभित्र प्रवेश गरेमा माथिल्लो श्वासप्रश्वास मार्गमा जलन भई खोकी लाग्ने तथा श्वासप्रश्वासमा असहजता महसुस हुन सक्छ। जनावरमा गरिएको परीक्षणका आधारमा, अत्यधिक मात्रामा सेवन भएमा स्नायु प्रणालीमा प्रतिकूल असर पर्न सक्ने तथा स्नायुजन्य विषाक्तताका लक्षणहरू देखा पर्न सक्छन्। लामो समयसम्म अत्यधिक सम्पर्कमा रहँदा तौल घट्ने तथा हल्का र उल्ट्याउन सकिने प्रकारको रक्तअल्पता (एनिमिया) हुन सक्ने सम्भावना रहन्छ। मुख्य लक्षणहरूमा चिडचिडापन, असामान्य थकान वा आलस्य, मांसपेशी कम्पन तथा शरीरका अंगहरू अनियन्त्रित रूपमा काम्ने अवस्था देखिन सक्छ। विषाक्तताको गम्भीर अवस्थामा झट्का (Convulsion) समेत आउन सक्ने भएकाले यस्ता लक्षण देखिएमा तत्काल चिकित्सकीय परामर्श तथा उपचार लिनु आवश्यक हुन्छ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचारः**

निलिएको अवस्थामा : बिरामी सचेत भएमा मुख कुल्ला गराई १-२ गिलास पानी पिउन दिनुहोस्। बेहोस व्यक्तिलाई मुखबाट कुनै पनि वस्तु नदिनुहोस्। चिकित्सकसँग तुरुन्त सम्पर्क गर्नुहोस्। चिकित्सकको सल्लाहबिना वान्ता गराउने प्रयास नगर्नुहोस्। श्वासप्रश्वासमार्फत प्रवेश भएमा : बिरामीलाई तुरुन्त ताजा हावामा लैजानुहोस्। श्वासप्रश्वासमा समस्या भएमा कृत्रिम श्वासप्रश्वास प्रदान गरी चिकित्सकीय परामर्श लिनुहोस्। छालामा परेमा : प्रभावित भागलाई साबुन र प्रशस्त पानीले राम्ररी धुनुहोस्। जलन वा रातोपन कायम रहेमा चिकित्सकसँग परामर्श गर्नुहोस्। दूषित लुगा धुनेपछि मात्र पुनः प्रयोग गर्नुहोस्। आँखामा परेमा : आँखालाई कम्तीमा १५ मिनेटसम्म सफा पानीले बिस्तारै धुनुहोस्। जलन, दुखाइ वा रातोपन कायम रहेमा आँखारोग विशेषज्ञसँग परामर्श लिनुहोस्।

**एण्टिडट**

यी विषादीको विशेष एण्टिडट छैन। लक्षणको आधारमा उपचार गर्नुहोस्।

**प्रयोग गरिएका भाँडाको विसर्जनः**

प्रयोग गरिएका प्याकेटहरू तोडेर बस्तीभन्दा टाढा गाड्नुपर्छ। पुनः प्रयोग हुन नदिन प्रयोग गरिएका प्याकेटहरू बाहिर खुला रूपमा नछोड्नुहोस्। प्रयोगपछि बाँकी रहेका सामग्री, अतिरिक्त पदार्थहरू तथा कीटनाशक (इन्सेक्टिसाइड) धोएको पानीलाई वातावरण वा पानी प्रदूषण नहुने गरी सुरक्षित तरिकाले विसर्जन गर्नुपर्छ।

**भण्डारणको अवस्थाः**

कीटनाशकलाई खाद्य पदार्थ तथा अन्य उपभोग्य सामग्रीबाट टाढा, छुट्टै तथा सुरक्षित स्थानमा भण्डारण गर्नुहोस्। यसलाई मूल सिलबन्दी गरिएको भाँडोमै राखी ताल्चा लगाइएको, सुख्खा, सफा, हावापास हुने तथा सुरक्षित कोठा वा दराजमा राख्नुपर्छ। कीटनाशकलाई बालबालिका, जनावर तथा अनधिकृत व्यक्तिहरूको पहुँचभन्दा बाहिर सुरक्षित रूपमा भण्डारण गर्नुहोस्।

**प्रयोगको निर्देशनः कृपया प्रयोग गर्नु पूर्व संलग्न सूचक पर्चा पढ्नुहोस् र पालना गर्नुहोस्।**

**चेतावनीः** विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस्।




**सावधान, मध्यम घातक, नीलो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस्। वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादक र वितरकको नाम ठेगानाः**

कोरोमंडल इन्टरनेशनल लिमिटेड,
कोरोमंडल हाऊस, १ –२–१० ,सरदार पटेल रोड, सिकंदराबाद, तेलंगाना (भारत)।

**पञ्जीकरणकर्ताको नाम, ठेगाना र सम्पर्क नं.:-**

नेपाल एग्रो सेन्टर प्राइभेट लिमिटेड,
धनुषा, जनकपुर, नेपाल
९८४४०२०६००

**उत्पादित देशको रजिष्टर नं.** CIR-2189/2018 (393)-FIPRONIL + HEXYTHIAZOX (SC)-01

**नेपालमा पञ्जीकरण गरिएको नं.:**

0095-INS-SC-2026




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस्।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

साइपरमेथ्रिन २५% ई.सी.

**Cypermethrin 25% EC**

# सुपरकिलर-२५ (SUPERKILLER-25)

सम्पर्क एवं आन्तरिक कीटनाशक

**सिफारिसः**

| बाली | कीराहरुको नाम | प्रति हेक्टर वा २० रोपनिका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | एम. एल. प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (मि.लि.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| कपास | फलको गभारो (Bollworm) | १६०-२८० | ४००-८०० | – | ०.४ |
| | पातको फड्के कीरा (Jassids), थ्रिप्स (Thrips) | ८०-१२० | २००-३०० | – | ०.२६ |
| भिण्डी | फल तथा मुनाको गभारो (Shoot & Fruit Borer),ज्यासिड (Jassids) | १५०-२०० | ५०० | ३ दिन | ०.३०-०.४० एम.एल |
| भन्टा | फल तथा मुनाको गभारो (Shoot & Fruit Borer) ज्यासिड (Jassids) थोप्ले खपटेको लार्भा (Epilachna grub) | १५०-२०० | ५०० | १ दिन | ०.३०-०.४० एम.एल |

**प्रयोग गर्ने विधिः**

यो विषादीको घोल तयार गर्दा ट्याङ्कीमा आधा मात्रासम्म पानी भरी आवश्यक मात्रामा विषादी हालेर राम्रोसँग घोल्नुहोस् । त्यसपछि बाँकी पानी थपेर पुनः राम्ररी चलाउनुहोस् । तयार गरिएको विषादीको घोल तुरुन्त प्रयोग गर्नुहोस् । यो विषादी न्यापस्याक स्प्रेयर, फुट स्प्रेयर वा स्टार्टअप पम्प आदिबाट छर्न सकिन्छ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानीहरु अपनाउनु पर्छ**

विषादीको प्याकेट खोल्दा, घोल तयार गर्दा वा विषादी छर्दा पञ्जा, रबर बुट, चस्मा, ग्यास मास्क, टोपी तथा पूरा शरीर ढाक्ने सुरक्षात्मक पोशाक प्रयोग गर्नुहोस् । विषादी छर्दा छिटाहरू नाक वा मुखबाट शरीरभित्र प्रवेश गर्न दिनु हुँदैन । साथै मुख, आँखा एवं छालासँग विषादीको प्रत्यक्ष सम्पर्क हुन नदिनुहोस् । विषादी छरिसके पछि सम्पर्कमा आएका कपडाहरू राम्रोसँग धुनुहोस् तथा नुहाउनुहोस् । विषादी छर्दा खाने, चपाउने, पिउने तथा धूम्रपान गर्नु हुँदैन ।कीटनाशक प्रयोग गर्दा हावा र जलाशयहरू ( पानीका स्रोतहरू) प्रदूषित हुन नदिनुहोस् । माछाको लागि घातक हुने हुदाँ र माछा पोखरीमा पर्ने वा बगेर जाने गरी यस विषादी प्रयोग गर्नुहुदैन ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

यो विषादीको प्रारम्भिक लक्षणहरुमा शरीर काम्ने, शरीरका हातखुट्टाहरु कामजोर हुने तथा छालामा जलन हुने र एलर्जी हुने, जस्ता लक्षण देखिन सक्छन् ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

यो विषादी निलेको अवस्थामा बान्ता गराउने वा सावधानीपूर्वक पेट सफा (ग्यास्ट्रिक ल्याभेज) गर्ने । छाला दूषित भए प्रभावित भागलाई साबुनपानीले राम्ररी धुनुहोस् । आँखा दूषित भए १५ मिनेटसम्म सफा पानीले पखाल्नुहोस् तथा चिकित्सकसँग परामर्श गर्नुहोस् । विषाक्तताको लक्षण देखिएमा तुरुन्त चिकित्सकलाई सम्पर्क गर्नुहोस् । लक्षणअनुसार उपचार गर्नुहोस् ।

**एण्टिडट :**

चिकित्सकको निगरानीमा फेनोबार्बिटल वा डाइफेनाइल हाइडान्टोइन औषधि नसामार्फत दिन सकिन्छ । डाइजिपाम समूहका एन्टिकन्भल्सन औषधिहरू प्रयोग गर्न सकिन्छ । श्वासप्रश्वास, मुटु तथा मिर्गौलाको कार्य सामान्य राख्न विशेष ध्यान दिनुपर्छ । आवश्यक परे कृत्रिम श्वासप्रश्वास गराउनुपर्छ । लक्षणअनुसार उपचार गर्नुहोस् ।

**विषादी प्रयोग गरीएका भाँडाको विसर्जन**


विषादी राखेको प्याकेट कहिले पुनः प्रयोग (पानी, खाना, तेल जस्ता खानेकुरा राख्न) नगर्नुहोस् । विषादीको खाली खोलहरु वा अन्य विषादीयुक्त सामाग्रीहरु र विषादी सफा गरेको पानीको उचित व्यवस्थापन गर्नु विषादी उत्पादक, प्रयोगकर्ताहरुको कर्तव्य हुनेछ । वातावरणीय वा पानी प्रदूषण हुन नदिनका लागि खाली कन्टेनरहरु आवासीय क्षेत्रबाट टाढा १/२ मिटर गहिरो खाडलमा सुरक्षित तरिकाले नष्ट गर्नुपर्नेछ ।

**भण्डारणको अवस्था**

विषादी भएका प्याकेटहरू अन्य सामग्री विशेष गरी खाद्य सामग्री राख्ने कोठाबाट अलग सुरक्षित कोठा वा दराजमा ताल्चा लगाई राख्नुपर्छ । भण्डारण गर्ने कोठा मजबुत, सुख्खा, उज्यालो, हावा ओहोरदोहोर हुने तथा पर्याप्त आकारको हुनुपर्छ, ताकि वाष्पबाट दूषित नहोस् ।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी** : विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, ज्यादै घातक, पहेँलो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सुचना अधिकृतलाई ०१-५०१०१११ न. मा फोन गर्नुहोस् । वा **info@npponepal.gov.np** मा इमेल गर्नुहोस्

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना :**

धानुका एग्रिटेक लिमिटेड, इन्डिया

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सर्म्पक नं :**


मेची एग्रो सप्लायर्स, बिर्तामोड-५, झापा, ०२३५३३५६०

**उत्पादितदेशको रजिष्टर नं.**

CIR-2604/84/Cypermethrin/(EC)-20

**नेपालमा पंजीकरण गरिएको नं.**

0096-INS-EC-2026




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

प्रोपार्जाइट ५७% ई.सी.

Propargite 57% EC

# ओमाइट (OMITE)

सुलसुलेनाशक

**सिफारिसः**

| बाली | कीराको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अधि पर्खने अवधि (दिन) | एम.एल./ प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (मि.लि.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| चिया | रातो सुलसुले (Red Spider Mite), गुलाबी सुलसुले (Pink Mite), बैजनी सुलसुले (Purple Mite), चम्किला सुलसुले (Scarlet Mite) | ७५०–१२५० | ४०० | ७ | १.८८–३.१२ |
| स्याउ | युरोपियन रातो सुलसुले (European Red Mite), दुई थोप्ले सुलसुले (Two Spotted Mite) | ५–१० मि.लि. /रुख | १० लि. /रुख | ९ | ०.५ –१ |
| खुर्सानी | सुलसुले (Mite) | १५०० | ५००–६२५ | ७ | ३–२.४ |
| बैगुन | दुई थोप्ले सुलसुले (Two spotted spider mite) | १००० | ४०० | ६ | २.५ |

**प्रयोग गर्ने विधि :**

विषादीको सिफारिस मात्रा थोरै पानी लिएर घोल तयार गर्ने र त्यस पछी तोकीएको बाँकी पानी लिएर बाँकी घोल तयार गर्ने । सबैभन्दा बढी प्रयोग हुने हाई भोल्युम स्प्रेयरहरु जस्तै न्यापस्याक स्प्रेयर, बकेट पम्प स्प्रेयर, स्टिररप पम्प स्प्रेयर, फुट स्प्रेयर आदि प्रयोग गर्न सकिन्छ । लो भोल्युममा ASPEE पावर स्प्रेयर जस्ता पावर स्प्रेयरमार्फत पनि विषादी छर्किन सकिन्छ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्दछ**

खाद्य सामाग्री, खाद्य सामाग्रीका खाली भाँडाहरु तथा पशु आहारबाट अलग राख्नुपर्दछ । मुख, छाला तथा आँखाको सम्पर्कबाट बचाउनुपर्दछ । श्वासप्रश्वासमार्फत विषादीका कणहरू शरीरभित्र प्रवेश हुनबाट जोगिन तथा विषादीको सम्पर्कबाट सुरक्षित रहन विषादी छर्दा सधैं हावाको बहावको दिशाअनुसार छर्नुपर्छ; हावाको बहावको विपरीत दिशातर्फ विषादी छर्नु हुँदैन। स्प्रे गरिसके पश्चात दूषित कपडा तथा शरीरका भागहरुलाई राम्ररी धुनुपर्दछ । प्रयोगको समयमा केही पनि खाने, पिउने, चपाउने वा धुम्रपान गर्नुहुँदैन । विषादीको प्याकेट खोल्दा, घोल तयार गर्दा वा विषादी छर्दा पञ्जा, रबर बुट, चस्मा, ग्याँस मास्क, टोपी तथा पूरा शरीर ढाक्ने सुरक्षात्मक पोशाक प्रयोग गर्नुहोस् ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा :**

टाउको दुख्ने, वाकवाकी लाग्ने, वान्ता आउने, श्वासनली तथा फोक्सोमा जलन तथा एलर्जी हुने, भोक नलाग्ने, थकाई लाग्ने, कुनै काम गर्ने जाँगरमा कमी हुनु वा सक्रियतामा ह्रास आउने, पखाला लाग्ने, श्वासप्रश्वासमा समस्या आउने हुनसक्छ ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार :**

यदि विषादी निलऐको छ भने, घाटीको पछाडी भागमा काउकुती लगाएर पूर्णरुपमा साफा नभएसम्म वान्ता गराउनुहोस् । यदी बिरामी बेहोस छ भने वान्ता गराउनुहुदैन। विषादीको सम्पर्क भएको लुगा हटाउनुहोस् र छालालाई साबुन र पानीले राम्ररी धुनुहोस्। यदि आँखामा विषादी सम्पर्क भएमा आँखा खुला राख्नुहोस् र कम्तिमा १०-१५ मिनेटसम्म सफा पानीले छम्कनुहोस् । श्वासप्रश्वास मार्फत विषाक्त भएमा पर्याप्त हावा खेल्ने ठाउँमा बिरामीलाई राख्नुहोस् र तुरुन्तै नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा लैजानुहोस् ।

**एण्टिडट :**

यी विषादीको विशेष एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्नुहोस् ।

**प्रयोग गरिएको भाँडाको विसर्जन :**


विषादीको प्याकेज, बाँकी रहेका सामग्री तथा कन्टेनर सफा गर्दा उत्पन्न हुने फोहोर र पानीको सुरक्षित व्यवस्थापन गर्नु तथा उचित रूपमा नष्ट गर्नु, विषादी उत्पादक प्रयोगकर्ताहरुको कर्तव्य हुनेछ, ताकि वातावरण तथा जलस्रोतमा प्रदूषण हुन नपाओस्। प्रयोग भइसकेका प्याकेज तथा कन्टेनरहरू पुनः प्रयोग हुन नदिन खुला स्थानमा छाड्नु हुँदैन। त्यस्ता प्याकेज तथा खालि कन्टेनरहरूलाई प्रयोग अयोग्य बनाइ (फुटाई वा छेडेर) आवासीय क्षेत्रबाट टाढा वातावरण वा पानी प्रदूषण नहुने गरी १/२ मिटर गहिरो खाडलमा सुरक्षित तरिकाले नष्ट गर्नुपर्नेछ ।

**भण्डारणको अवस्थाः**

विषादीयुक्त प्याकेटहरू खाद्य पदार्थ तथा अन्य उपभोग्य वा प्रयोगात्मक सामग्रीहरू भण्डारण गरिने कोठा वा परिसरबाट अलग्गै स्थानमा भण्डारण गर्नुपर्छ। विषादीको मात्रा तथा प्रकृतिअनुसार तिनलाई छुट्टै अलमारी वा भण्डारण कक्षमा सुरक्षित रूपमा ताला-चाबी लगाई राख्नुपर्छ। विषादी भण्डारणका लागि तोकिएका कोठा वा परिसरहरू मजबुत रूपमा निर्मित, सुख्खा, शीतल, पर्याप्त प्रकाशयुक्त तथा राम्रो हावा आवतजावत हुने हुनुपर्छ। साथै, त्यस्ता स्थानहरूमा अनधिकृत व्यक्तिको पहुँच नहुने गरी आवश्यक सुरक्षा व्यवस्था मिलाउनुपर्छ।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानीः** विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, ज्यादै घातक, पहेँलो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सुचना अधिकृतलाई ०१-५०१०१११ न. मा फोन गर्नुहोस् । वा **info@npponepal.gov.np** मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना :**

धानुका एग्रिटेक लिमिटेड, इन्डिया

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं :**


मेची एग्रो सप्लायर्स, बिर्तामोड-५, झापा, ०२३-५३३५६०

**उत्पादित देशको रजिष्टर नं.**

CIR-43,007/2002-PROPARGITE(EC)(227)-2

**नेपालमा पञ्जीकरण गरिएको नं.**

0097-ACA-EC-2026




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन। अतः विषादीको प्रयोग गर्नु पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस्।**

मेटसल्फ्यूरोन मिथाइल २०% डब्लु. पी.

Metsulfuron Methyl 20% WP

# युनीमेट (UNIMET)

अंकुरण पश्चात् (Post-Emergence) छर्कने, चौडा पाते झारनाशक

**सिफारिस**

| बाली | झारको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि दिन | ग्राम प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा -ग्राम.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| उखु | मोथे (*Cyperus esculentus*),सेतो लट्टे घाँस (*Amaranthus viridis*),नुनढिकी (*Portulaca oleracea*), गाजर घाँस (*Parthenium hysterophorus*), पुनर्नवा सानो/चिन्तिका/खपरा झारका प्रजाती (*Trianthema* sp.), हुरहुरे (*Cleome viscosa*), कण्ठकारी/घण्टेझार (*Solanum* sp.), कानेझार (*Commelina benghalensis*), दुधे झारका प्रजाती (*Euphorbia* sp.), लुडे घाँसका प्रजाती (*Digeria* sp.) | ३० | ५००-६०० | ३४६ दिन | ०.०६-०.०५ |
| गहुँ | बेथे(*Chenopodium album*), मेथी घाँस (*Melilotus indica*), जंगली केराउ (*Lathyrus aphaca*), अर्मले/कृष्णनील (*Anagallis arvensis*), भेच (*Vicia sativa*), काँडे झार (*Cirsium arvensis*) | २० | ५००-६०० | ८० दिन | ०.०४-०.०३ |
| रोपेको धान (Transplanted Rice) | मोथे (*Cyperus rotundus*), पानीझारका प्रजाती (*Ludwigia* sp.), पानी मरिचका प्रजाती (*Sphaenoclea* sp.), कानेझार (*Commelina bengalensis*),थुकझार (*Caesulia axillaris*), ज्वाने झार (*Fimbristylis* sp.) | २० | ५००-६०० | ६० दिन | ०.०४-०.०३ |

नोट:झारहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुनसक्छ। त्यसैले विज्ञहरुसँग सम्पर्क गरी यकिन गर्नुहोला।

**प्रयोग गर्ने विधि**

आवश्यक मात्रामा विषादी छुट्टै भाँडामा लिनुहोस् र त्यसमा थोरै पानी थपेर राम्ररी चलाई एकनासको घोल तयार गर्नुहोस्। त्यसपछि स्प्रे ट्याङ्कीमा आधा पानी भरेर तयार घोल मिसाउनुहोस् र बाँकी आवश्यक पानी थपेर पुनः राम्ररी चलाउनुहोस्। तयार भएको घोललाई झारपातका पातहरूमा समान रूपमा पर्ने गरी छर्कनुहोस्। सतह सक्रिय तत्व (surfactant) प्रयोग सम्बन्धी सिफारिसः उखु तथा गहुँ बालीमा प्रयोग गर्दा विषादी घोलको प्रति लिटरमा २ मिलिलिटरका दरले सतह सक्रिय तत्व (non-ionic surfactant) थप्नुहोस्। रोपाइँ गरिएको धानमा प्रयोग गर्दा सतह सक्रिय तत्व (surfactant) थप्नु हुँदैन। अन्तरबाली वा मिश्रित बाली प्रणालीमा झारनाशक प्रयोग नगर्नुहोस्। स्प्रे बहाव (spray drift) व्यवस्थापनः लक्षित क्षेत्र बाहिरका चौडा पात भएका बिरुवाहरू वा पानीका स्रोतहरूमा विषादीका कणहरु (Droplets) उडेर क्षति नहोस् भन्ने विषयमा विशेष सावधानी अपनाउनुहोस्। प्रयोग गर्ने समय, गहुँ: बीउ रोपेको २५-३५ दिनपछि (एक पटक प्रयोग), धानःरोपाइँ गरेको ५-१० दिनपछि (एक पटक प्रयोग), उखु: रोपेको १०-१५ दिनपछि (एक पटक प्रयोग)

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ।**

खाद्य पदार्थ, खाली खाद्य कन्टेनर तथा पशु आहारबाट टाढा राख्नुहोस्। मुख, आँखा तथा छालासँग सम्पर्क हुन नदिनुहोस्। विषादी छर्कदा निस्कने वाष्प श्वासमार्फत भित्र जान नदिनुहोस्। हावाको दिशातर्फ छर्कनुहोस्। विषादी छर्केपछि दूषित कपडा तथा शरीरका प्रभावित भागहरू राम्ररी धुनुहोस्। विषादी छर्कदा धूम्रपान, खानपान वा चपाउने कुनै पनि वस्तु प्रयोग नगर्नुहोस्। घोल तयार गर्दा तथा छर्कदा पूर्ण सुरक्षात्मक पोशाक लगाउनुहोस्। गर्भवती महिला तथा स्तनपान गराइरहेका महिलालाई यस विषादीको सम्पर्कबाट टाढा राख्नुपर्छ। विषादी छर्कदा विषादीको छिटा लक्ष्य क्षेत्रबाहिरका चौडा पाते बोटबिरुवा वा जलस्रोतमा नपुग्ने गरी विशेष सावधानी अपनाउनुहोस्।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

आँखा पोल्ने, आँसु आउने, दृष्टि धमिलो हुने तथा छालामा दागसहित जलन हुन सक्छ।

**विष लाग्दा अपनाउनु पर्ने प्राथमिक उपचार**

निलिएको अवस्थामा घाँटीको पछाडिको भाग हल्का चलाएर बान्ता गराउने प्रयास गर्नुहोस्। बान्ता सफा नभएसम्म दोहोर्याउनुहोस्। बिरामी बेहोस भएमा बान्ता गराउने प्रयास नगर्नुहोस्। कपडा तथा छाला दूषित भएमा कपडा हटाई साबुन र प्रशस्त पानीले प्रभावित भाग धुनुहोस्। आँखामा परेमा १०-१५ मिनेटसम्म सफा पानीले राम्ररी धुनुहोस्। श्वासमार्फत भित्र गएको अवस्थामा बिरामीलाई ताजा हावामा लैजानुहोस्। बिरामीलाई चिकित्सक कहाँ लैजानुहोस्।

**एण्टिडट**

विशेष किसिमको एण्टिडट छैन। लक्षणको आधारमा उपचार गर्ने।

**प्रयोग गरीएका भाँडाको बिसर्जन**


कन्टेनर फिर्ताको लागि विषादी विक्रेतालाई सम्पर्क गर्नुहोस्। यदि कन्टेनर फिर्ता गरिएको छैन भन तीन पटक पखाल्नुहोस् र त्यसपछि प्रयोग गर्न नमिल्ने गरि नष्ट गर्नुहोस् वा खालि कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढा सुरक्षित तरिकाले नष्ट गर्नुपर्नेछ। विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल जस्ता खानेकुरा राख्न) नगर्नुहोस्। खालि कन्टेनरहरू वा कन्टेनर पखाल्न प्रयोग गरिएको पानी आवासीय क्षेत्रबाट टाढा वातावरण वा पानीको स्रोत प्रदूषण नहुने गरी सुरक्षित रूपमा विसर्जन गर्नुहोस्।

**भण्डारणको अवस्था**

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ। विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ। आधिकारीक व्यक्तिहरूको मात्र पहुँच हुने गरी विषादीको प्याकेट र कन्टेनरहरू सुख्खा ठाउँमा भण्डारण गर्नुहोस्। विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, वा मलखादबाट टाढा राख्नुहोस्। झारनाशकलाई अन्य विषादी, खाद्य पदार्थ र पशु आहारसँग सम्पर्क नहुने गरी ढुवानी र भण्डारण गर्नुहोस्।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएका जीवनाशक विषादीको बारेमा सम्पूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस्।**

**सावधानी** बच्चाको पहुँचबाट टाढा राख्नुहोस्।



**सावधान,सामान्य घातक, हरियो**

**(कृषि प्रयोजनका लागिमात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना:** शनमुखा एग्रीटेक लिमिटेड, हैदराबाद, तेलंगाना, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.** युनिक एग्रो सेन्टर एण्ड रुपक भेट फर्मा, कपिलवस्तु, नेपाल ९८४०४९३७९५

**उत्पादित देशको पञ्जीकरण नं.** CIR-193232/2021-Metsulfuron Methyl (WP) (431)-578

**नेपालमा पञ्जीकरण गरिएको नं.** 0098-HER-WP-2026




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस्।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नु पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

पाइराजोसल्फ्युरोन ईथाइल १०% डब्ल्यू.पी.

Pyrazosulfuron Ethyl 10% WP

# प्रि पाइराजो (PRE PYRAZO)

चयनात्मक, अंकुरण पूर्व (Pre-Emergence)छर्कने, दैहिक झारनाशक

**सिफारिस**

| बाली | झारको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि दिन | ग्राम प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा -किलोग्राम) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| रोपेको धान (Transplanted Rice) | छतरे मोथे *(Cyperus iria)*, झुसे मोथे/रगते मोथे *(Cyperus difformis)*, ज्वाने झार *(Fimbristylis miliaceae)*, जडेलो *(Ludwigia parviflora)*, नीलो जलकुम्भी *(Monochoria vaginalis)* | ०.१-०.१५ | ५००-६०० | ९५ | ०.२-०.२५ |

नोट:झारहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुनसक्छ । त्यसैले विज्ञहरुसंग सम्पर्क गरी यकिन गर्नुहोला ।

**प्रयोग गर्ने बिधि**

सिफारिस अनुसार आवश्यक मात्रामा झारनाशक र पानी मिसाई उचित मात्रा तयार गर्नुहोस् र स्प्रे गर्नुहोस् । उच्च परिमाणको स्प्रेयर, जस्तै- झारनाशक छर्न उपयुक्त नोजल जडित नापस्याक स्प्रेयर प्रयोग गरी छर्नुहोस् । प्रति हेक्टर ५०० देखि ६०० लिटर पानी प्रयोग गर्नुहोस् । स्प्रे गर्नु अघि झारनाशकको सस्पेन्सन (घोल) काठको लठ्ठीले राम्ररी चलाउनुहोस् । धान रोपाइँ गरेको ३ देखि ७ दिनभित्र, झार उम्रनु अघि स्प्रे गर्नुपर्छ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।**

खाली हातले विषादी नमिसाउनुहोस् । स्प्रे घोल तयार गर्दा चलाउनका लागि काठको लठ्ठी प्रयोग गर्नुहोस् । विषादी,र विषादीका घोल नसुँघ्नुहोस् । छालासँग सम्पर्क हुन नदिनुहोस् । खाद्य पदार्थ तथा पशु आहारबाट टाढा राख्नुहोस् । घोल तयार गर्दा रबरको पन्जा, चश्मा, अनुहारको मास्क र सुरक्षात्मक कपडा लगाउनुहोस् । विषादी छरी सकेपछि सम्पर्कमा आएका कपडा राम्रोसँग धुनुहोस् र नुहाउनुहोस् । विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुँदैन । शरीरमा कुनै पनि विषाक्त पदार्थ फैलिएको अवस्थामा यसलाई प्रशस्त पानी र साबुनले धुनुपर्छ । विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुँदैन ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

श्वासप्रश्वासमा कठिनाइ, असामान्य शरीर चालचलन तथा झट्का (Convulsion) आउन सक्छ । आँखामा परेमा सुरुआती रूपमा आँखा पोल्ने, असहज महसुस हुने,आँसु आउने वा दृष्टि धमिलो हुन सक्छ । छालामा पटक-पटक सम्पर्क भएमा छाला पोल्ने, असहज हुने वा दाग हुन सक्छ ।

**विष लाग्दा अपनाउनु पर्ने प्राथमिक उपचार**

बिरामीलाई तुरुन्त खुला तथा ताजा हावामा लैजानुहोस् । दूषित छाला साबुन र प्रशस्त पानीले धुनुहोस् । दूषित कपडा हटाउनुहोस् । आँखामा परेमा कम्तीमा १५ मिनेटसम्म सफा पानीले राम्ररी धुनुहोस् र चिकित्सकसँग परामर्श लिनुहोस् । निलिएको कारण विषाक्तता भएको अवस्थामा, तातो पानीमा एक चम्चा नुन मिसाएर पिउन दिई बान्ता गराउने प्रयास गर्नुहोस् । बान्ता सफा नभएसम्म दोहोर्याउनुहोस् । आवश्यक परेमा चिकित्सकको निगरानीमा ५% सोडियम बाइकार्बोनेट घोल प्रयोग गरी पेट सफा (Gastric Lavage) गर्न सकिन्छ । आपतकालीन अवस्थामा बिरामीलाई नजिकको अस्पतालमा लैजानुहोस् ।

**एण्टिडट**

विशेष किसिमको एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्ने ।

**प्रयोग गरीएका भाँडाको बिसर्जन**


वातावरण वा पानीको श्रोत प्रदूषण नहुने गरी कन्टेनर वा कन्टेनर पखाल्न प्रयोग गरिएको पानी सुरक्षित रूपमा विसर्जन गर्नुहोस् । विषादी राखिएको प्याकेट कहिल्यै पूनः प्रयोग (पानी, खाना, तेल जस्ता खानेकुरा राख्न) नगर्नुहोस् । विषादीका कन्टेनरहरूलाई आवासीय क्षेत्र वा पानीको श्रोतबाट टाढा प्रयोग गर्न नसक्ने अवस्थामा नष्ट गर्नुपर्दछ ।

**भण्डारणको अवस्था**

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ । विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, वा मलखादबाट टाढा राख्नुहोस् । झारनाशकलाई अन्य विषादी, खाद्य पदार्थ र पशु आहारसँग सम्पर्क नहुने गरी ढुवानी र भण्डारण गर्नुहोस् ।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएक जीवनाशको विषादी बारेमा सम्पूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी** बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।



**सावधान, मध्यम घातक, नीलो**
**(कृषि प्रयोजनका लागिमात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०११११ नं. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना:** शनमुखा एग्रीटेक लिमिटेड, हैदराबाद, तेलंगाना, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.** युनिक एग्रो सेन्टर एण्ड रुपक भेट फर्मा, कपिलवस्तु, नेपाल ९८४०४९३७९५

**उत्पादित देशको पञ्जीकरण नं.**
CIR-201153/2022-Pyrazosulfuron Ethyl (WP) (437)-103

**नेपालमा पञ्जीकरण गरिएको नं.**
0099-HER-WP-2026




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन। अतः विषादीको प्रयोग गर्नु पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस्।**

थायामेथोक्साम २५% डब्लु.जी.

Thiamethoxam 25% WG

# युनीथोक्साम (Unithoxam)

दैहिक, सम्पर्क र आन्तरिक कार्य प्रकृतिको कीटनाशक

| सिफारिस | | | | | |
|---|---|---|---|---|---|
| बाली | कीराहरुको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि-दिन | ग्राम प्रति लिटर पानीमा |
| | | यस विषादीको आवश्यक मात्रा- ग्राम) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| आँप | फड्के (Hoppers) | १०० | १०० | ३० | १ |
| आलु | लाही (Aphids) | १०० (पातमा छर्कने) २०० (माटोमा भिजाउने) | ५०० | ७७ | ०.२ ०. ४ |
| कपास | ज्यासिड (Jassids), लाही (Aphids) | १०० | ५००-७५० | २१ | ०.७५-०.८३ |
| | सेतो झिँगा (White flies) | २०० | ५००-७५० | २१ | ०.२६ - ०.४ |
| गहुँ | लाही (Aphids) | ५० | ५०० | २१ | ०.१ |
| चिया | चियाको लामखुट्टे कीरा (Mosquito bug) | १०० | ४००-५०० | ७ | ०.२ - ०.२५ |
| जीरा | लाही (Aphids) | १०० | ५०० | १५ | ०.२ |
| गोलभेंडा | सेतो झिँगा (White flies) | २०० | ५०० | ५ | ०. ४ |
| गोलभेंडा( माटोमा भिजाउने) | सेतो झिँगा (White flies) | ४०० | ५०० | ५ | ०.८ |
| धान | डाँठको गभारो (Stem borer), ढुङ्ग्रे कीरा (Gall midge), पात बेरुवा (Leaf folder), खैरो फड्के (Brown Plant Hopper), सेतो पिठ्युँ भएको फड्के (White backed Plant Hopper), पातको हरियो फड्के (Green leaf hopper), थ्रिप्स (Thrips) | १०० | ५००-७५० | १४ | ०.७५-०.८३ |
| धानको नर्सरी | गुभोमा लाग्ने झिँगा (Whorl Maggot) | २००० | ५०० | ८६ | ४ |
| सुन्तला वर्गीय फलफूलहरु | सुन्तलाको सिल्ला (Psylla) | १०० | १००० | २० | ०.१ |
| भन्टा | सेतो झिँगा (White flies), ज्यासिड (Jassids) | २०० | ५०० | ३ | ०. ४ |
| भिण्डी | ज्यासिड (Jassids), लाही (Aphids), थ्रिप्स (Thrips), सेतो झिँगा (White flies) | १०० | ५००-१००० | ५ | ०.२ - ०.१ |
| तोरी | लाही (Aphids) | ५०-१०० | ५००-१००० | २१ | ०.१ |

**प्रयोग गर्ने विधि**

विषादीको आवश्यक मात्रा नापी थोरै पानीमा राम्ररी मिसाउनुहोस्। त्यसपछि बाँकी आवश्यक पानी थपेर राम्रोसँग घोल्नुहोस् ताकि बालीमा पूर्ण रूपमा छर्कन सकियोस्। यस विषादी छर्कनका लागि उपयुक्त स्प्रे उपकरणहरू: न्यापस्याक स्प्रेयर, फुट स्प्रेयर, कम्प्रेसन न्यापस्याक स्प्रेयर, ब्याट्री सञ्चालित न्यापस्याक स्प्रेयर, ब्याट्री सञ्चालित पावर स्प्रेयर, ASPEE–HT पावर स्प्रेयर।

प्रयोग गर्ने समयः

१.आँपः फड्के कीरा देखिन थालेपछि पहिलो स्प्रे गर्नुहोस् र प्रकोपको स्तर अनुसार १५ दिनको अन्तरालमा १-२ पटक पुनः स्प्रे गर्नुहोस्।

२. आलुः पातमा छर्कने (Foliar application): लाही कीरा देखिएपछि पहिलो स्प्रे गरी १०-१५ दिनको अन्तरालमा २-३ पटक दोहोर्याउनुहोस्। माटोमा भिजाउने (Soil drench): कीरा देखा पर्नु अघि जराको क्षेत्रमा एक पटक प्रयोग गर्नुहोस्।

३.कपासःरोपाइँपछि २५-३० दिन(DAS)मा वा कीरा देखिनेबित्तिकै पहिलो स्प्रे गर्नुहोस्।प्रकोप अनुसार १५ दिनको अन्तरालमा २-३ पटक दोहोर्याउनुहोस्।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस्।**

**सावधानी** बच्चाको पहुँचबाट टाढा राख्नुहोस्।

**सावधान, मध्यम घातक, नीलो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस्। वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादक र वितरकको नाम ठेगानाः**
शनमुखा एग्रीटेक लिमिटेड, हैदराबाद, तेलंगाना, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं:**
युनिक एग्रो सेन्टर एण्ड रुपक भेट फर्मा, कपिलवस्तु, नेपाल ९८४०४९३७९५

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नु पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

थायामेथोक्साम २५% डब्लु.जी.

Thiamethoxam 25% WG

# युनीथोक्साम (Unithoxam)

दैहिक, सम्पर्क र आन्तरिक कार्य प्रकृतिको कीटनाशक

४.गहुँ: कीरा देखिएपछि पहिलो स्प्रे गरी १५ दिनको अन्तरालमा १-२ पटक दोहोर्याउनुहोस् ।
५.चियाः कीरा देखिएपछि पहिलो स्प्रे गरी १५-२१ दिनको अन्तरालमा २-३ पटक दोहोर्याउनुहोस् ।
६.टमाटरः कीरा देखिएपछि पहिलो स्प्रे गरी १०-१५ दिनको अन्तरालमा २-३ पटक दोहोर्याउनुहोस् । माटोमा भिजाउने (Soil drench): कीरा देखिनुअघि जराको क्षेत्रमा एक पटक प्रयोग गर्नुहोस् ।
७.धानः प्रारम्भिक अवस्थाका कीराहरू (जस्तै डाँठको गभारो, ढुङग्रे कीरा) नियन्त्रणका लागि रोपाइँपछि २५-३० दिन(DAS)मा एक पटक स्प्रे गर्नुहोस् । ढिलो देखा पर्ने कीराहरू (पातको हरियो फड्के, खैरो फड्के,सेतो पिठ्युँ भएको फड्के आदि) नियन्त्रणका लागि बुटिङ स्टेज (५०-५५ DAS)मा अर्को स्प्रे गर्नुहोस् ।
८. भन्टा: कीरा देखिएपछि पहिलो स्प्रे गरी १०-१५ दिनको अन्तरालमा २-३ पटक दोहोर्याउनुहोस् ।
९. भिण्डी: कीरा देखिएपछि पहिलो स्प्रे गरी १५ दिनको अन्तरालमा १-२ पटक दोहोर्याउनुहोस् ।
१०. तोरी: कीरा देखिएपछि पहिलो स्प्रे गरी १५ दिनको अन्तरालमा १-२ पटक दोहोर्याउनुहोस् ।
११. सुन्तला वर्गीय फलफूलहरुः कीरा देखिएपछि पहिलो स्प्रे गरी १५-२१ दिनको अन्तरालमा २-३ पटक दोहोर्याउनुहोस् ।

## यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।

खाद्यान्न, खाली घरायसी भाँडा तथा पशु आहारबाट टाढा राख्नुहोस् । विषादीको घोल तयार गर्न खाना पकाउने भाँडाहरू प्रयोग नगर्नुहोस् । कपडा, मुख, आँखा एवं छालामा विषादीको सिधा सर्म्पक हुन नदिनुहोस् । विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनुहुँदैन साथै विषादीको प्याकेट खोल्दा, घोल तयार गर्दा वा विषादी छर्कदा पञ्जा, रबर बुट, चश्मा ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुदैन। विषादी छर्दा हावाको दिशातर्फ फर्केर छर्किनुहोस् । विषादी शरिरमा पर्न दिनुहुँदैन । विषादी छरी सके पछि सर्म्पकमा आएका कपडाहरु राम्रोसँग धुनुहोस्, प्रशस्त पानीले हात धुनुहोस् र नुहाउनुहोस् । यो विषादी वन्यजन्तुका साथै जलीय जीवहरूका लागि अत्यन्त विषाक्त छ । यो विषादी फूल फुलेका बाली, बिरुवा वा झारपातमा प्रत्यक्ष सम्पर्कमा आएका मौरीहरूका लागि अत्यन्त विषाक्त हुन्छ । मौरीहरू उपचार गरिएको क्षेत्र वा त्यसको वरपर आहारा संकलन गरिरहेको अवस्थामा फूल फुलेका बाली, बिरुवा वा झारपातमा यस विषादीको प्रयोग नगर्नुहोस् तथा विषादीको छिटा त्यस्ता क्षेत्रमा पुग्न नदिनुहोस् । पानीमा, सतही पानी रहेको क्षेत्रमा वा नदी खोला तलाउ भएका क्षेत्रमा यस विषादीको प्रयोग नगर्नुहोस्। विषादी प्रयोग गरिएको क्षेत्रबाट बगेर जाने वा हावासँग उडेर जाने विषादीले नजिकका जलक्षेत्रमा रहेका जलीय जीवहरूलाई हानि पुऱ्याउन सक्छ । उपकरण सफा गर्दा वा उपकरण धुने पानी तथा अन्य फोहोर पदार्थको व्यवस्थापन गर्दा जलस्रोतहरू दूषित हुन नदिनुहोस् ।

## मानिसलाई यो विषादीको विष लागेको अवस्थामा

विषाक्तताको प्रारम्भिक लक्षणहरूमा स्वतः हुने गतिविधि कम हुनु, टोनिक ऐठन (Tonic convulsions), परेला झर्ने समस्या देखा पर्न सक्छन् ।

## विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार

यदि विषादी निलेको छ भने, घाँटीको पछाडिको भाग चलाएर बान्ता गराउने प्रयास गर्नुहोस् र बान्ता सफा नभएसम्म दोहोर्याउनुहोस्। बिरामी बेहोस छ भने बान्ता गराउने प्रयास नगर्नुहोस्। छाला वा शरीरको भागमा विषादी परेको छ भने तुरुन्त कपडा फुकाल्नुहोस् र विषादी परेको ठाउँमा प्रशस्त साबुन पानीले धुनुहोस् । आँखामा विषादी परेको छ भने सफा र स्वच्छ पानीले १०-१५ मिनेटसम्म निरन्तर धुनुहोस् । आँखामा विषादी परेको छ भने सफा र स्वच्छ पानीले निरन्तर धुनुहोस् । यदि श्वासप्रश्वास मार्फत गएको भए प्रभावित व्यक्तिलाई राम्रोसँग हावा चल्ने ठाउँमा वा ताजा हावामा लैजानुहोस् ।

## एण्टिडट

कुनै विशेष एण्टिडट छैन । लक्षणात्मक उपचार गर्नुहोस् ।

## प्रयोग गरीएका भाँडाको विसर्जन

वातावरण वा पिउने पानीको स्रोत प्रदूषण नहुने गरी कन्टेनर वा कन्टेनर पखाल्न प्रयोग गरिएको पानी सुरक्षित रूपमा विसर्जन गर्नुहोस् । विषादी राखिएको प्याकेट कहिल्यै पूनः प्रयोग (पानी, खाना, तेल राख्न) नगर्नुहोस् । त्यसपछि पूनः प्रयोग गर्न नमिल्ने गरि प्याकेटलाई तोडेर बस्तीबाट टाढाको क्षेत्रमा लगेर गाड्नुहोस् ।

## भण्डारणको अवस्था

विषादी भएका प्याकेजहरूलाई यसको मूल कन्टेनरमै अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ । विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा ओहोरदोहोर गर्ने खालको हुनुपर्छ ताकि वाष्पबाट दुषित नहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, वा मलखादबाट टाढा राख्नुहोस् ।

**उत्पादित देशको पञ्जीकरण नं.**
CIR-201171/2022-Thiamethoxam (WG) (437)-3570

**नेपालमा पञ्जीकरण गरिएको नं.**

0100-INS-WG-2026




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन। अतः विषादीको प्रयोग गर्नु पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस्।**

इमिडाक्लोप्रिड १७.८% एस.एल.

Imidacloprid 17.8% SL

# भिक्टर (VICTOR)

दैहिक कीटनाशक

**सिफारिसः**

| बाली | कीराको नाम | प्रति हेक्टर वा २० रोपनिका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्न वा काट्नु अघि पर्खने अवधि (दिन) | एम. एल. प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (एम.एल.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| कपास | लाही कीरा (Aphid), सेतो झिँगा (Whitefly), ज्यासिड (Jassid), थ्रिप्स (Thrips) | १०० - १२५ | ५००-७०० | ४० | ०.१८-०.२ |
| धान | खैरो फड्के (Brown Plant Hopper), सेतो पिठ्यू भएको फड्के (White Backed Plant Hopper), पातको हरियो फड्के (Green Leafhopper) | १०० - १२५ | ५००-७०० | ४० | ०.१८-०.२ |
| खुर्सानी | लाही कीरा (Aphid), ज्यासिड (Jassid), थ्रिप्स (Thrips) | १२५- २५० | ५००-७०० | ४० | ०.२५-०.३६ |
| उखु | धमिरा (Termite) | ३५० | १८७५ | ४५ | ०.१९ |
| आँप | पातको फड्के (Leafhopper) | २-४ मि.लि./रूख | १० लिटर/रूख | ४५ | ०.२-०.४ |

**प्रयोग गर्ने विधिः**

सिफारिस गरिएको मात्रामा इमिडाक्लोप्रिड १७.८% एस.एल.लाई सफा पानीमा मिसाई एकनासको घोल तयार गरी हातले चलाउने न्यापस्याक स्प्रेयर, फुट स्प्रेयर वा ट्र्याक्टरमा जडित स्प्रेयरद्वारा बालीका सम्पूर्ण भागमा समान रूपमा छर्कनुहोस्। लक्षित कीराको प्रारम्भिक प्रकोप देखिनासाथ वा सिफारिस गरिएको समयमा बिहान वा साँझ स्प्रे गर्नु उपयुक्त हुन्छ। उखु बालीमा धमिरा व्यवस्थापनका लागि सेट रोप्ने समयमा खाल्डोमा राखिएका सेटहरू पूर्ण रूपमा भिज्ने गरी विषादीको घोल प्रयोग गरी तत्पश्चात् माटोले पुरिदिनुपर्छ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ।**

विषादीको प्याकेट खोल्दा, घोल तयार गर्दा तथा विषादी छर्दा पञ्जा, रबर बुट, सुरक्षा चस्मा, श्वासप्रश्वास सुरक्षाका लागि उपयुक्त मास्क, टोपी तथा सम्पूर्ण शरीर ढाक्ने सुरक्षात्मक पोशाक अनिवार्य रूपमा प्रयोग गर्नुहोस्। विषादी छर्दा विषादीका सूक्ष्म कण वा छिटा नाक, मुख वा श्वासप्रश्वासको माध्यमबाट शरीरभित्र प्रवेश हुन नदिनुहोस्। साथै, विषादीको प्रत्यक्ष सम्पर्क आँखा, मुख, छाला तथा शरीरका अन्य संवेदनशील अंगसँग हुन नदिन विशेष सावधानी अपनाउनुहोस्। विषादी प्रयोग गरिसकेपछि हात, मुख तथा शरीरका सम्पर्कमा आएका भागहरू साबुनपानीले राम्ररी धुनुहोस् र सफा पानीले स्नान गर्नुहोस्। विषादीको सम्पर्कमा आएका कपडा तथा सुरक्षात्मक सामग्रीहरू अन्य कपडाभन्दा छुट्टै साबुनपानीले धोई पुनः प्रयोग गर्नुहोस्। विषादी प्रयोग गर्ने क्रममा खाना खाने, पेय पदार्थ सेवन गर्ने, चुइङगम वा सुर्तीजन्य पदार्थ चपाउने तथा धूम्रपान गर्ने कार्य गर्नुहुँदैन। यो विषादी मौरी, माछा तथा अन्य जलीय जीवहरूका लागि हानिकारक हुन सक्ने भएकाले फूल फुलेको अवस्थामा रहेका बालीहरूमा वा मौरीहरूको सक्रिय उडान अवधिमा यसको प्रयोग नगर्नुहोस्। माछापालन क्षेत्र, पोखरी, ताल, नदी, नहर, कुलो तथा अन्य जलस्रोतहरूको आसपास विषादी प्रयोग गर्दा विशेष सावधानी अपनाउनु आवश्यक छ। विषादीको घोल, बाँकी रहेको विषादी, विषादी लागेको पानी वा उपकरण धुने पानी कुनै पनि जलस्रोतमा मिसिन वा बग्न नदिनुहोस्।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

विषाक्तताको प्रारम्भिक लक्षणहरूमा उदासीनता (Apathy), मांसपेशी कमजोर हुने (Myatonia), शरीर काम्ने (Tremor), श्वास फेर्न गाह्रो हुने, मांसपेशी खुम्चिने (Myospasms) जस्ता लक्षण देखिन सक्छ ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचारः**

आँखामा विषादी परेको छ भने सफा र स्वच्छ पानीले निरन्तर धुनुहोस्। विषाक्तता भएको अवस्थामा रक्तचाप र नाडीको गति बारम्बार जाँच गर्नुपर्छ। मुटुको धड्कन कम हुने तथा रक्तचाप घट्न सक्ने भएकाले कृत्रिम श्वासप्रश्वास तथा मुटुको सहायक उपचार आवश्यक पर्न सक्छ। पेट सफा गर्ने प्रक्रिया (Gastric lavage) तथा पखाला लगाउने औषधि (Saline laxative) प्रयोग गरी विषाक्त पदार्थ हटाउनुपर्छ। छालामा परेमा साबुन पानीले राम्ररी धुनुहोस्।

**एण्टिडटः**

विशेष किसिमको एण्टिडट छैन। लक्षणको आधारमा उपचार गर्ने।

**प्रयोग गरिएको भाँडोको विसर्जनः**

वातावरण वा पिउने पानीको स्रोत प्रदूषण नहुने गरी कन्टेनर वा कन्टेनर पखाल्न प्रयोग गरिएको पानी सुरक्षित रूपमा विसर्जन गर्नुहोस् । विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल राख्न) नगर्नुहोस। त्यसपछि पुनः प्रयोग गर्न नमिल्ने गरि प्याकेटलाई तोडेर बस्तीबाट टाढा क्षेत्रमा गाड्नुहोस्।

**भण्डारणको अवस्थाः**

विषादी भएका प्याकेजहरूलाई यसको मूल कन्टेनरहरूमै अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ। विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ ताकि पानीको वाष्पबाट प्रदूषण नहोस्। विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, वा मलखादबाट टाढा राख्नुहोस्।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस्।**

**सावधानीः** विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस्।




**सावधान, ज्यादै घातक, पहेँलो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस्। वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादक र वितरकको नामः**

इन्सेक्टिसाइड (भारत) लिमिटेड

४०१-४०२, लुसा टावर, कमर्सियल कम्प्लेक्स,

आजादपुर, दिल्ली (भारत)।

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.:-**

नेपाल एग्रो सेन्टर प्राइभेट लिमिटेड,

जनकपुर, धनुषा, नेपाल

९८४४०२०६००

**उत्पादित देशको रजिष्टर नं.**

CIR-37,773/2002-IMIDACLOPRID (SL)-70

**नेपालमा पञ्जीकरण गरिएको नं.:**

0101-INS-SL-2026




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस्।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नु पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

इथियन ४०% + साइपरमेथ्रिन ५% इ.सी.

Ethion 40% + Cypermethrin 5% EC

# इथोथ्रिन४०५ (Ethothrin405)

सम्पर्क एवं आन्तरिक कीटनाशक

**सिफारिस**

| बाली | कीराको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | एम.एल प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (एम.एल) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| कपास | कपासको फल छेड्ने कीरा (American Bollworm Complex) | १००० | ५०० | १५ दिन | २ |
| खुर्सानी | सुलसुले (Mites), थ्रिप्स (Thrips) र फलको गभारो (Fruit borer) | १५०० | ५०० | १० दिन | ३ |

नोटः कीराहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुनसक्छ । त्यसैले विज्ञहरुसँग सम्पर्क गरी यकिन गर्नुहोला ।

### प्रयोग गर्ने विधि

यो विषादी खुर्सानी तथा कपास बालीमा कीराहरुको प्रकोप देखिएको अवस्थामा न्यापस्याक स्प्रेयर (Knapsack sprayer), फुट स्प्रेयर (Foot sprayer), कम्प्रेसन न्यापस्याक स्प्रेयर (Compression knapsack sprayer), ब्याट्रीबाट चल्ने कम्प्रेसन न्यापस्याक स्प्रेयर (Compression knapsack battery sprayer), र एस्पी-एचटी पावर स्प्रेयर (ASPEE–HT power sprayer), आदिको प्रयोग गरी बालीमा छर्कनु पर्छ । विषादीको प्रयोगको समय बालीमा कीराको प्रकोप वा प्राविधिकको सिफारिसमा निर्भर गर्दछ । माथि दिइएको पानीको मात्रा उच्च मात्राको स्प्रे पम्पको लागि हो । विषादीको घोललाई चलाउनुहोस् र एकरूप मिश्रण तयार गर्नुहोस् । तयार गरेको घोल तुरुन्त प्रयोग गर्नुहोस् ।

### यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।

विषादीलाई खाद्यपदार्थ, पशु आहार(दाना), र खानेकुरा राख्ने खाली भाँडाकुँडा भन्दा टाढा छुट्टै ठाउँमा राख्नुपर्छ । मुख, आँखा र छालामा विषादीको सिधा सम्पर्क हुन नदिनुका साथै विषादी छर्दा वा प्रयोग गर्दा धुम्रपान गर्ने, केही चपाउने, खाने वा पिउने, गन्ध सुँघ्ने वा श्वासबाट भित्र लिने काम नगर्नुहोस् । विषादी प्रयोग गर्दा पूर्ण सुरक्षित लुगाहरू र बुट अनिवार्य रूपमा लगाउनुहोस् । विषादी प्रयोग गरिसकेपछि दूषित कपडाहरू र शरीरका भागहरू राम्ररी साबुन पानीले धुनुहोस् ।

### मानिसलाई यो विषादीको विष लागेको अवस्थामा

घबराहट हुनु, टाउको दुख्नु, रिंगटा लाग्नु, वाकवाकी लाग्नु, बान्ता हुनु, एलर्जी देखिनु, पखाला लाग्नु, एंठन (Convulsion), छाती भारी हुनु, मांसपेशीहरू फर्फराउनु (Twitching), आँखाका नानीहरू खुम्चिनु, श्वास फेर्न गाह्रो हुनु, अत्यधिक पसिना आउनु, आँखाबाट आँसु बग्नु,र्याल आउने जस्ता लक्षणहरू देखिन सक्छन् ।

### विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार

विषादी निलेको अवस्थामा बान्ता गराउने वा मुखबाट कुनै तरल पदार्थ दिनु हुँदैन । छाला वा लुगामा विषादी परेमा दूषित लुगा फुकालेर प्रभावित भाग साबुन तथा प्रशस्त पानीले राम्ररी धुनुहोस् ।आँखामा परेमा १०-१५ मिनेटसम्म सफा पानीले राम्ररी पखाल्नुहोस् । श्वासमार्फत विषादी शरीरमा गएको शंका भएमा प्रभावित व्यक्तिलाई तुरुन्त खुला तथा ताजा हावामा लैजानुहोस् । चिकित्सकलाई तुरुन्त देखाउनुहोस् ।

### एण्टिडट

बिरामीलाई चिकित्सकको निगरानीमा तुरुन्तै एट्रोपिन (Atropine) दिनुहोस् र प्रत्येक ५ देखि १० मिनेटको अन्तरालमा २ देखि ४ मिलीग्राम एट्रोपिन सल्फेट सुईमार्फत नसाबाट बारम्बार दिएर पूर्ण एट्रोपिनाइजेशन कायम राख्नुहोस् । एक दिनमा २५ देखि ५० मिलीग्रामसम्म एट्रोपिन आवश्यक पर्न सक्छ । थप एट्रोपिन चाहिने अवस्था लक्षणहरूमा निर्भर रहन्छ । र्यालको मात्रा बमोजिम कति मात्रामा एट्रोपिन दिने भन्ने निर्धारण गर्न सकिन्छ । १-२ ग्राम २-PAM लाई १० मि.लि. डिस्टिल्ड पानीमा घोली १०-१५ मिनेट लगाएर बिस्तारै नसाबाट दिनुपर्छ । एलर्जीका लक्षणहरू देखिएमा चिकित्सकको निगरानीमा उपचारका लागि एन्टिहिस्टामिन औषधि दिन सकिन्छ ।

### प्रयोग गरीएका भाँडाको बिसर्जन


कन्टेनर पुनः प्रयोग गर्न नमिल्ने गरि फुटाएर बस्तीबाट टाढा क्षेत्रमा गाड्नुहोस् । विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग ( पानी, खाना, तेल राख्न) नगर्नुहोस । वातावरण वा पिउने पानीको स्रोत प्रदूषण नहुने गरी कन्टेनर वा कन्टेनर पखाल्न प्रयोग गरिएको पानी सुरक्षित रूपमा विसर्जन गर्नुहोस् ।

### भण्डारणको अवस्था

विषादी भएका प्याकेजहरूलाई यसको मूल कन्टेनरहरूमै अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ । विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, वा मलखादबाट टाढा राख्नुहोस् ।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी** बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।



**सावधान, ज्यादै घातक, पहेँलो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगानाः** शनमुखा एग्रीटेक लिमिटेड, हैदराबाद, तेलंगाना, भारत


**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.** युनिक एग्रो सेन्टर एण्ड रुपक भेट फर्मा, कपिलवस्तु, नेपाल ९८४०४९३७९५

**उत्पादित देशको पञ्जीकरण नं.**

CIR-175281/2021-Ethion + Cypermethrin (EC) (413)-466

**नेपालमा पञ्जीकरण गरिएको नं.**

0102-INS-EC-2026




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**